# अध्यायः एक

## परिचय

### १.१ अध्ययनको पुष्ठभूमि

नेपाली समाज हिन्दू धर्मबाट प्रेरित समस्या हो । ऐतिहासिक कालदेखि भन्नुपर्दा आर्यहरूले प्राकृतिक प्रकोप रोकियोस्, सन्तान उत्पत्ति होस् भनी विभिन्न देवी देवताको कल्पना गरे त्यहीबाट कर्मकाण्डको शुरूवात भएको मानिन्छ । त्यसलाई उत्तर वैद्धिक कालमा कट्टर तरिकाले बनाइयो । ईशापूर्व १००० मा समाजमा महिला पुरुषको वरावरी महत्त्व थियो । महिलालाई देवी, लक्ष्मी, पार्वतीको रूपमा हेरिन्थ्यो । उनीहरू विवाहपछि पनि वावुकै घरमा बस्थे उनीहरूको उच्च स्थान थियो । पुरुष विना पनि सबै संस्कार गरिन्थे । जव ईशापूर्व १९०० देखि ९०० को समयमा आर्यहरू राज्य विस्तारको काम महिलाले नै गर्थे । हातहतियार, उत्पादकमूलक कृषि कार्य गर्दथे । जव आर्यहरूले उत्तर भारत जिते त्यसपछि युद्धमा हारेकालाई दासको रूपमा सस्तो श्रममा लगाए । त्यसबाट विस्तारै महिलाको स्तर तल गिर्न थाल्यो । ई.सं. ५०० देखि ६०० वर्षमा अनेकौं स्वार्थी प्रवृत्ति देखिए त्यहाँबाट महिलालाई यति तुच्छ पारियो की आफ्नो श्रीमानको अन्तिम संस्कारमा समेत प्रतिवन्ध लगाइयो । मनुस्मृति पछि त महिलाको स्थान साह्रै तल पारियो । महिलालाई विवाहपूर्व छोरी उच्च रूपमा हेरिने र विवाह पश्चात् सवैभन्दा तुच्छ सम्झिन थालियो । यसरी हिन्दू समाजमा महिलालाई एकातिर असल सिर्जनशील रूपमा हेरिएको छ भने अर्कोतिर भयानक, खराब चरित्रको रूपमा हेरिन्छ । त्यस्तै, हिन्दू धर्म र दर्शन परम्पराले एकातिर "यत्र पुज्जते नारी रमन्ते तत्र देवता" भन्ने मान्छे भने अर्कोतिर नभन्ने मान्यता राख्दछ । यसर्थ नेपाली विवाहित महिलाको हैसियत पनि छ, पराधीन पनि छ, सम्मानित पनि छ र अपमानित पनि छ (भट्टराई, २१) ।

महिलाको लागि वैवाहिक स्थितिले धेरै महत्त्वपूर्ण प्रभाव पार्दछ । यसबाट एउटी महिला छोरीबाट वुहारीमा परिवर्तन भई भूमिका तथा सम्बन्धमा फरक आउँछ (आचार्य, १९७२:२२) ।

स्वास्नी मान्छेको जीवनको एक र अन्तिम उद्देश्य नै विवाह गर्नु र वच्चा जन्माउनु हो भन्ने मान्यता हाम्रो समाजमा व्याप्त छ (शर्मा, २०५३:१३) ।

नेपाली समाज र परिवार पितृसत्तात्मक प्रकृतिको रहेको छ । सामाजिकीकरण प्रक्रियाले महिलाहरू नरम हुन्छन् आक्रमक देखिँदैनन् । पुरुषहरू वलिया आक्रामक, हिंसात्मक देखिन्छन् । प्राय समाजमा पुरुष शक्तिशाली छ भन्ने र परिवारमा महिला वच्चा उत्पादन गर्ने मेसिन मात्र हो भन्ने गरिन्छ । जसले गर्दा महिला शारीरिक र मानसिक रूपमा कमजोर देखिन्छन् । गरिबी, अशिक्षा, लैङ्गिक असमानता, आर्थिक विभेदले गर्दा परिवारमा महिलाले अनेक यातना भ्रेल्नुपरेको छ (साथी नेपाल, १९९७) ।

प्राचीन कालमा कानून नै धर्म थियो र धर्म नै कानून थियो (श्रेष्ठ, २०५४:१६९) किरातहरूले मुन्धुमको आधारमा सामाजिक काम गर्दथे (चेमजोङ्ग, १९६१:१८) जो धर्मकै आधारमा बनाइएको थियो । पुरानो प्रचलन अनुसार छोरीलाई विवाह नहुँदासम्म सम्पत्तिमा कुनै अधिकार दिइदैनथ्यो (रेग्मी, १९६९:२७३) । त्यसैले त्यस समयमा सम्पत्ति सम्बन्धी अधिकारमा महिलालाई वञ्चित गराइएको पाइन्छ । मध्यकालमा पनि महिलालाई अधिकारबाट वञ्चित गरियो, बहुविवाहलाई सामान्य रूपमा लिने जस्ता व्यवस्था गरिए जुन महिला अधिकार विरूद्ध थिए (शाह, १९२०:१००) । आधुनिक कालमा आएर पनि महिलाको अधिकारको व्यवस्था संरक्षण र सम्वर्द्धन विशेष रूपमा हुन सकेको छैन । राणाकालमा महिलाहरू पर्दाभित्र नै भए भने नेपालको पहिलो तर कहिल्यै लागु नभएको संविधान नेपाल वैधानिक कानून २००४ मा समानताको हक राखिए पनि त्यसले महिला अधिकार र सम्पत्ति सम्बन्धी अधिकारको संरक्षण हुन सकेन । २००७, २०१५, २०१९ र २०४७ को धारा १७ मा गरिएको सम्पत्तिको हक सम्बन्धी शीर्षकमा महिलालाई विशेष व्यवस्था गरिएन । जुन आन्दोलन पछि निर्मित नेपालको अन्तरित संविधान २०६३ को धारा १९ मा सम्पत्तिको हकलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । महिला अधिकारका बारेमा गरिएका व्यवस्थाहरू भेदभावपूर्ण र अपर्याप्त भएकाले त्यसका लागि महिला आन्दोलन विश्वव्यापी रूपमा म्यारी ओलस्टोन सन् १९७२ को अ भिन्डिकेशन अफ राइट अफ ओमन भन्ने पुस्तकको प्रकाशनपछि समान अवसर समेतका लागि सन् १९९५ को वेइजिङ सम्मेलन हुँदै अहिले आएको छ । जसमा अवधारणाहरू विकसित भएका छन् आमूल आन्दोलन, उदारवादी महिला आन्दोल, मार्क्सवादी र समाजवादी महिला आन्दोलन पर्दछन् ।

विभिन्न जातजाति, संस्कृति भएको हाम्रो देशमा ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र गरी चार वर्णमा विभाजन गरिएको छ जसमा ब्राह्मण र क्षेत्री उच्च जाति मानिन्छन् भने वैश्य र शुद्र तल्ला जाति मानिन्छन् । हिन्दू धर्मले नेपाली महिलालाई देवीका रूपमा लिएतापनि वास्तविक सामाजिक जीवनमा शोषित पीडित नै रहेको पाइन्छ ।

नेपाली समाज बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भिन्न भौगोलिक अवस्थाको अनुपम सङ्गम स्थल हो । जहाँ भिन्न भाषा, जात, धर्म, संस्कृति र भौगोलिक अवस्था रहे अनुरूप विभिन्न चाडपर्व, संस्कृति र संस्कारहरू रहेका छन् । जसमा आ-आफ्नै मूल्य मान्यताहरू रहेका छन् । यिनै मूल्य मान्यता, संस्कार र रीतिरिवाजले नै जीवनको निरन्तरता पाएको छ ।

परम्परागत मूल्य, मान्यता र संस्कारको आधारमा ब्राह्मण, क्षेत्री परिवारका महिलाहरू शिष्ट, नम्र, मिजासका र धर्मालु स्वभावका हुन्छन् । विभिन्न विशेषताहरू परिवारमा भएको हुँदा बुहारीको भूमिका अनुसार दैलोकुचो, घाँस, दाउरा, ढिकी, जाँतो, मेलापातको काममा जाने गर्दछन् । घरमा फुर्सद हुँदा सुकुल, गुन्द्री बुन्ने, स्वीटर र कपडा सिलाउने काममा नै व्यस्त रहन्छन् । त्यसैगरी सासु-ससुराप्रति, श्रीमान्प्रति आज्ञापालन गर्नु, कतै कसैसँग कुराकानी, हाँसो, ठट्टा गरेमा पनि शंकाको वातावरण हुन्छ (ऐ.ऐ., २२) । नेपाली महिलाहरू छोरी बुहारी र आमाका रूपमा चिनिन्छन् तर आफ्नो व्यक्तिगत परिचयको रूपमा हैन (सुवेदी, १९९३:९) ।

नेपाली नारीहरू परम्परागत रूपमा नै अधिनमा राखिनुपर्ने नीति नियमहरू बने र महिलालाई स्वतन्त्र छाड्नु हुँदैन भन्ने परिपाटीले मान्यता पायो । नारी कुमारी हुँदा बाबुको, विवाह भएपछि पतिको र वृद्ध भएपछि छोराको अधिनमा राखिनुपर्दछ भने अर्कोतिर आर्थिक नाकाबन्दी गरिदिनु हुँदैन (भट्टराई, २०६०:२१) ।

कालिदासले रचना गरेको नाटक अभिज्ञान शकुन्तलाको, शम्भुप्रसाद ढुङ्गेलद्वारा अनुवाद गरिएको अंशमा उल्लेख छः

हुन माल छोरी अरूलाई दिने
राखी धरौटी सरि जानि लिने
आनन्द छ आज गरी विदाई
हल्का भए नै अऋणी हटाई

आदिकवि भानुभक्त आचार्यले 'बधू शिक्षा' मा बुहारीको कर्तव्य, आदर्श र दिनचर्याको वर्णन गर्दै "हास्नु हुँदैन कदापी नानीहरूले वेश्या हुन्या हास्तछन्, वेश्या लौ नहुनन् तथापि घरको काम त्यो सै नास्तछन्" भन्ने उल्लेख गरेका छन् (अर्याल, २०६२:३३३) ।

महिलाहरू ऐतिहासिक कालदेखि भेदभावबाट पीडित हुन् भन्ने कुरा त अवगत नै छ । भेदभाव यति प्रचुर मात्रामा छन् कि ती सामान्य लाग्दछन् त्यसैले समानता र भेद्भावको अन्त्य नै महिलाको पहिलो मुद्धा हो भन्ने लाग्दछ । भेदभाव र असरलाई समाप्त गर्न महिलाले हालसम्म भोगी आएका अन्याय र भेद्भावको क्षतिपूर्ति गर्ने र यथार्थमा धरातल खडा गर्ने नै हाम्रो समानताको लडाइका मुख्य मार्ग निर्देशाङ्क तत्त्व हुन्छ (मल्ल, २०६५:८८) ।

नेपाली कानून व्यवस्था पितृसत्तामा आधारित रहेको छ । विशेषगरी महिला र वाल वालिकाहरू विभिन्न किसिमका भेदभाव र शोषणका विषय भएका छन् । महिलामा यी हुने लैङ्गिक भेदभाव घरबाट नै शुरू हुने र संस्कृतिको रूपमा संस्थागत बनेको देखिन्छ । बालबालिकाहरूलाई जन्मैदेखि अरू कसैको नासोको व्यवहार गर्ने शिक्षा र व्यक्तिगत विकासमा लगानी गर्न नचाहने देखिन्छ । महिला र पुरुषलाई समान सुरक्षा दिन नसक्नुमा परिवार समाज मात्र नभएर कानून पनि त्यत्तिकै जिम्मेवार रहेको उल्लेख गरिएको छ । नेपालको संविधानले महिला र पुरुषलाई समान अधिकार दिए तापनि पैतृक सम्पत्ति, विवाह, सम्बन्ध विच्छेद, महिला विरूद्ध हुने हिंसा आदि पक्षका कानूनहरू पुरुष केन्द्रित रहेका छन् । कतिपय संशोधन गरिएका कानूनहरू कार्यान्वयनको अभावमा कागजी रूपमा नै थन्किएका छन् । एक्काइसौं शताब्दीको सङ्घारमा आइपुग्दा महिला र पुरुष समान अधिारबाट र विकास निर्माण प्रक्रियामा सहभागिताको विकल्प छैन । महिलाका व्यक्तिगत समस्या र मुद्धाहरू महिलामात्र नभएर राष्ट्रिय समस्या र मुद्धाका रूपमा लिनु जरूरी छ । लैङ्गिक समानतामा अगाडि बढ्न सकेमात्र राष्ट्रले विकासको नयाँ बाटो फेर्न सक्नेछ त्यसैले नेपालको कानूनी अवस्थालाई हेर्दा पितृसत्ताको छाप परेको देखिन्छ भने जति पनि

कानूनमा अधिकार दिएको छ त्यसको पनि पूर्ण उपयोग महिलाले गर्न सकिरहेका छैनन् । जवसम्म लैङ्गिक समानता र भेदभाव कायमै रहन्छ तबसम्म सुशासन र स्वस्थ प्रजातन्त्र प्रायः असम्भव नै छ (मानन्धर र भट्टचन, २००१:५९) ।

नेपालमा परम्परागत सामाजिक दृष्टिकोणमा अपेक्षित रूपमा सुधार हुन नसक्नु, लैङ्गिक विभेद सम्बन्धी कानूनी संरचनामा अपेक्षित सुधार नहुनु केही सामाजिक क्षेत्रमा लगानी वृद्धिदर कम रहनु विश्वव्यापीकरणले आर्थिक रूपमा प्रतिस्पर्धाको स्थितिको साथै नयाँ प्रविधिमा महिलाको पहुँचमा कमीको कारणले तुलनात्मक रूपमा महिलाको स्थितिलाई माथि ल्याउन सकिएको छैन । यिनै कारणबाट समाजमा विकास हुन सकिरहेको छैन । त्यसैकारण पर्वत पाखापानी वडा नं. ७ का ब्राह्मण परिवारका विवाहित महिलाहरूको जीवनको भोगाइ, सोचाइ अनि समाजमा उनीहरूप्रति हेरिने व्यवहार उनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाका बारेमा विश्लेषण गर्दै महिलामाथि हुने सम्पूर्ण व्यवहारमा भेद्भाव छन् की भनेर जानकारी लिने उद्देश्य लिई यो अध्ययन अगाडि बढाइएको छ ।

## १.२ समस्याको कथन

नेपाली महिलाहरू पुरुषको तुलनामा हरेक क्षेत्रमा पछाडि परेका छन् । आर्थिक तथा आय आर्जनको क्षेत्रमा त अझै ठूलै भिन्नता छ । पितृसत्तात्मक संरचना रहेको हाम्रो देशमा ब्राह्मण, क्षेत्री जातिमा पुरुषको निर्णय र अधिकार प्रवल रूपमा रहेको छ । धर्म परम्परा र प्रतिष्ठाको आडमा पुरुषहरूले महिला माथि थोरै धेरै रूपमा शोषण गरिरहेका छन् । परिवार एवं समुदायमा केटा सरह केटीहरूले अघि बढ्ने मौका पाउँदैनन, आफ्नो प्रतिभाको विकास गर्न पाउँदैनन्, एउटै परिवारमा केटाहरू मौलाएका हुन्छन र केटीहरू औल्याएका देखिन्छन (भासिन, २०००) ।

नेपाली समाजमा अझै ब्राह्मण क्षेत्री जातिका विवाहित महिलाहरू झनै बढी धर्म र संस्कृतिको नाउँमा शोषित र अधिकारबाट वञ्चित देखिन्छन् । एउटी अविवाहित छोरी कन्या हुन्छे त्यो देवीका रूपमा पुजिन्छे भने जब त्यो पतिको घरमा जान्छे त्यो कलंकीनीको रूपमा गनिन्छे जुन समाजमा प्रष्ट देखिएको पाइन्छ । पुराना रीतिरिवाज, मूल्यमान्यता देखाउँदै नियन्त्रणमा राखिन्छ । कुनै कुनै क्षेत्रमा अगाडि जान धेरै सङ्घर्ष गर्नुपर्ने हुन्छ । सामाजिक मूल्य, मान्यता कडा हुन्छ जस्तै छोरा जन्माउनुपर्ने यदि नजन्माएमा कमजोर मानिने, बहु

विवाह गर्ने, सासु-ससुरा, जेठाजु, देवर, छोराछोरी स्याहार सुसार सँगै घरधन्दा भ्याउनुपर्ने भन्ने नकारात्मक मूल्य मान्यता हावी रहेको नेपाली सामाजमा यस अर्न्तगत पनि ब्राह्मण क्षेत्री समुदायका विवाहित महिला अर्थात् बुहारीलाई हेर्ने दृष्टिकोण फरक हुने हुँदा लैङ्गिक भेदभावको अवस्था कायमै रहेको कारण यस अध्ययनबाट खोतल्न खोजिएको छ ।

बुहारीलाई शिक्षा, स्वास्थ्यको सुविधा दिएपनि कम मात्रामा दिने, पौष्टिक आहार, मनोरञ्जन, माया, ममताका सवालमा पनि कम मात्रामा ध्यान दिने, दाइजोको निहुँमा विभिन्न यातना दिने, सँगै हुने छोराको स्तरलाई उच्च मानिने तर बुहारीलाई निच नै मानिने प्रचलन प्रशस्त रहेको कारण यस अध्ययनमा के कति तत्वहरूले प्रभाव पारिरहेका हुन्छन् त्यसलाई केलाउन यो अध्ययनमा खोजिएको छ ।

यस परिस्थितिमा यस अध्ययनले लैङ्गिक समानताको अवधारणलाई जोड दिन्छ । जहाँ छोरी एवं बुहारीमा समान धारणा र सोचमा विकास गरी परिवार एवं समाजमा समान हैसियत दिलाउनका लागि एवं पारिवारिक, सामाजिक, आर्थिक सांस्कृतिक क्षेत्रमा परिवर्तन गर्न सकिँदैन तवसम्म कुनै गाउँ, राष्ट्र माथि लाग्दैन, त्यसकारण यी सम्पूर्ण वस्तु स्थितिहरूलाई आधार बनाएर पर्वत जिल्ला पाखापानी गा.वि.स.वडा नं. ७ का ब्राह्मण क्षेत्रकी विवाहित महिलालाई जोड दिई अध्ययनका लागि निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. ब्राह्मण क्षेत्री परिवारमा सामाजिक, आर्थिक, धार्मिक संस्कृतिको आडमा बुहारीप्रति गरिने व्यवहार कस्तो छ ?
२. ब्राह्मण क्षेत्री परिवारमा सासु, ससुरा, श्रीमान्ले वुहारीप्रति शिक्षा, स्वास्थ्य, मनोरञ्जन, लवाइ, खवाइ निर्णय जस्ता प्रक्रियामा के कस्तो मात्रामा सुविधा प्रदान गराएका छन् ?
३. ब्राह्मण क्षेत्री परिवारमा छोरी वुहारीप्रति समातामूलक सोचको विकास भएको छ कि छैन ?
४. ब्राह्मण क्षेत्री परिवारमा वुहारी घर वाहिरको काम र रोजगारका लागि पठाउने स्थिति के-कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

### मुख्य उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य ब्राह्मण क्षेत्री समुदायका परिवारको वुहारीलाई हेर्ने दृष्टिकोण विश्लेषण गर्नु हो ।

### विशिष्ट उद्देश्य

- ब्राह्मण क्षेत्री समुदायका विवाहित महिला (वुहारी)हरूको सामाजिक तथा आर्थिक अवस्था पत्ता लगाउने ।
- ब्राह्मण क्षेत्री परिवारमा बुहारीप्रति हेरिने दृष्टिकोण ।

## १.४ अध्ययनको औचित्य र महत्त्व

नेपाल विभिन्न जानजतिको लागि एउटा खुल्ला सङ्ग्राहालयको रूपमा विविध सांस्कृतिक पक्षहरू वोकेर विश्वसामु उभिएको छ । यहाँ बसोबास गर्ने विभिन्न जातजातिले आफ्नै जाति समुदायको सांस्कृतिक रीतिरिवाज, चालचलन, सामाजिक संरचना तथा आर्थिक पक्षको आ-आफ्नै चिनारी दिएका छन् । यो एउटा राम्रो उपलब्धि हो ।

समाज सामाजिक सम्बन्धको जालो हो, जहाँ महिला पुरुष एक रथका दुई पाङ्ग्रा हुन् । दुवै समाजका महत्त्वपूर्ण भाग हुन् । अझैं समाजमा पुरुषकोभन्दा महिलाको महत्त्वपूर्ण भूमिका हुन्छ । आधा जनसङ्ख्या ओगटेका महिलाहरूलाई समानुपातिक विकास र अभियानमा सक्रिय सहभागिताको आवश्यक हुन्छ । जवसम्म महिलाहरू पुरुष सरह संलग्न हुन पाउदैनन् तवसम्म देश, गाउँ, समाज र घरसम्म सुधार आउन सक्दैन । महिला र पुरुषको मिलनबाट घर संसार रहने र त्यसले सिङ्गो राष्ट्रलाई नै टेवा पुऱ्याउने कारणले गर्दा समाजमा रहेका सङ्कुचित धारणालाई फराकिलो बनाउनका लागि समाजमा रहेको विभेद हुन्छ जुन घरपरिवारबाट नै शुरूवात् हुन्छ । जुन परिवर्तन गर्नु आवश्यक हुन्छ भन्ने कुरा यस अध्ययनमा देखाउन खोजिएको छ ।

एक घरको छोरी अर्को घरमा वुहारीको रूपमा प्रवेश गर्नुपर्ने हाम्रो परम्परामा रहेको छ जसबाट सृष्टि चल्ने पक्का हुन्छ तर त्यहाँ जुन महिलाले टेक्छे त्यो दोस्रो दर्जाको नागरिक हुनपर्ने अवस्था देखिरहेको हाम्रो समाजमा विवाहित महिलाहरू प्रतिष्ठा पूर्वक बाँच्न सकिरहेका छैनन् । ब्राह्मण क्षेत्री परिवारमा यो अवस्था अलि बढी देखिन्छ । वद्लिँदो परिस्थिति अनुरूप पुरुषहरू घरदेखि वाहिर लामो समयका लागि जाने महिलाहरूले घर चलाउनुपर्ने, एकल परिवारको प्रथा बढ्नु, सासुको भूमिका घट्नु तथा शहरीकरण बढ्नुका कारण वुहारीहरूको भूमिका परिवर्तन र समय परिस्थिति अनुरूप सामाजिक सोचमा परिवर्तन ल्याउन यस अध्ययनले जोड दिएको छ ।

हालको समयमा पारिवारिक व्यस्तता, शिक्षा एवम् रोजगारको लागि महिलाहरू पनि वाहिर जाने क्रम बढ्ने प्रक्रियाले सन्तान जन्माउने दरमा कटौती हुने क्रम बढ्दो छ । यस अवस्थामा वुहारी पनि महिला हो उसको प्रजनन अधिकार र निर्णय त्यसमाथि हुन सकेको छैन भन्ने कुरा यस अध्ययनले लैङ्गिक असमानता परिस्थितिलाई सहज एवम् सन्तुलित बनाउन छोरी एवम् वुहारीप्रति समान धारणा राख्ने सोचको विकास गराउँछ । कुनै पनि परिवार, समाज, समुदाय एवम् राष्ट्रलाई दीगो एवम् सन्तुलित रूपमा सञ्चालन गर्नको लागि महिला एवम् पुरुषको उत्तिकै सहभागिता रहन आवश्यक हुन्छ । त्यसका लागि हरेकले छोरा र छोरीमा भेदभाव नगरी समाजमा शिक्षा, स्वास्थ्य र अन्य सुविधामा समान अवसरका साथ अगाडि बढ्न प्रेरित गर्नुपर्दछ भन्ने मान्यता यस अध्ययनले राखेको छ ।

अतः यस अवस्थामा हाम्रो जस्तो अविकसित देशमा लैङ्गिक भेदभावको कारण र असरबारे जानकारी गराई त्यसलाई कमी गर्नका लागि परिवार, समुदाय एवम् राज्यलाई महत्त्वपूर्ण तथ्य उपलब्ध गराउन यस अध्ययनले जोड दिएको छ ।

## १.५ अध्ययनको सीमा

शैक्षिक अध्ययन भएको हुँदा अनुसन्धानकर्ताका रूपमा विद्यार्थीसँग सीमित समय, बजेट एवम् आयस्रोतसँगै अघि जानुपर्ने हुनाले यस अनुसन्धानलाई पनि निश्चित समय, बजेट र स्थानका आधारमा सीमा निर्धारण गरिएको छ । हरेक सीमितताका बावजुद पनि स्नातकोत्तर तहको उपाधि प्राप्त गर्ने उद्देश्यले निश्चित ठाउँमा अध्ययन केन्द्रित गरिएको

छ । तरपनि यसले देशका प्रत्येक गाउँ, समाजका सम्पूर्ण विवाहित महिलाको प्रतिनिधित्व गर्दछ भन्ने आशा गर्न सकिन्छ :

- यो अध्ययन एउटा सानो क्षेत्रमा केन्द्रित रहेकोले यसबाट प्राप्त परिणाम र निष्कर्षहरू अन्य ठाउँमा प्रभावकारी नहुन पनि सक्छ ।
- विभिन्न तथ्याङ्क, सूचना, व्यक्तिगत रायको आधारमा यो अध्ययन कार्य पूरा गरिएको छ ।
- जम्मा ४४ घरपरिवारमा मात्र केन्द्रित रहेर त्यहाँका विवाहित महिलाहरूका बारेमा अध्ययन गर्न खोजिएको छ ।

## १.६ अध्ययनको सङ्गठन

यस अध्ययनलाई निम्न अनुसार शोधग्रन्थको संरचनामा आवद्ध गरिएको छ । अध्याय एकमा परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सिमाङ्कन, अनुसन्धानात्मक वा संरचनात्मक ढाँचा जस्ता विषय समावेश गरिएको छ ।

अध्याय दुईमा अवधारणा, पुनरावलोकन, सैद्धान्तिक समीक्षा, पूर्व साहित्यको समीक्षा र अवधारणात्मक खाँकाहरूको समीक्षा गरिएको छ ।

अध्याय तिनमा अध्ययन क्षेत्र छनोटको औचित्य, अनुसन्धानात्मक ढाँचा, तथ्याङ्कको स्रोत एवम् प्रकृति, तथ्याङ्क सङ्कलनका विधिहरू र तथ्याङ्कको प्रस्तुतिकरण एवम् विश्लेषण राखिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको परिचय साथै उत्तरदाताहरूको परिचयलाई प्रकाश पारिएको छ भने पाँचौ अध्यायमा सम्बन्धित तथ्याङ्कको विश्लेषण गरिएको छ । अध्याय छ मा सारांश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ । यस अध्ययनको उद्देश्य प्राप्त गर्नको लागि विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूको पुसतक र रचनालाई अध्ययन गरी पूर्वअध्ययनमा राखिएको छ । साथै अध्ययन स्थलमा गरिएका सूचनाहरूलाई महत्त्वपूर्ण स्थान दिइएको छ ।

# अध्यायः दुई

## साहित्यिक अवधारणा

### २.१ व्राहृमण क्षेत्री जातिको जातीय पृष्ठभूमि

वाहुन क्षेत्रीलाई सबैभन्दा बढी सङ्ख्या भएको जाति मानिन्छ । नेपालको जनगणना २०६८ अनुसार कूल जनसङ्ख्या २,६४,९४,५०४ मध्ये ३२,२६,९०३ (१२.२%) ब्राह्मणको जनसङ्ख्या रहेको छ भने ४३,९८,१७३ (१६.६%) जनसङ्ख्या क्षेत्रीको रहेको पाइन्छ । शुरू शुरूमा सबै ठाउँमा र आजकल भने कही कही मात्र बाहुन क्षेत्रीलाई चिनाउने अर्को नाउँ खस बाहुन हो । यसैकारण नेपाल पहाडका सबै जसो क्षेत्रीय पुर्खालाई खस भन्ने चलन चलेको हो । पहाडी क्षेत्रमा सबै छरिएर रहेका छन् भने तराईमा अल्पसङ्ख्यक छन् । आधुनिक नेपालको निर्माण र देशो राजनीतिक, सामाजिक र धार्मिक क्रियाकलापहरूमा यिनीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । यो नेपालभर प्रख्यात रहेको जात मानिन्छ (विष्ट, २००५:७८) ।

पश्चिम एसियाबाट आई भारतको पञ्जाब र त्यसपछि गङ्गाको फाँटमा पुगेर वैदिक र पौराणिक हिन्दू धर्म तथा संस्कृतिको विकास गर्ने आर्यहरू खसका पूर्खाहरू थिए । आजभन्दा ३००० वर्ष पहिला सिन्धु र गङ्गा नदीको फाटमा हिन्दू धर्म र सभ्यताको विकास भएको अवस्थामा यिनीहरू भेडापालन, बाखापालन र गाईपालन गरेर दु:खी जीवन विताउँथे (विष्ट, २००५:६८) । बाह्रौ शाताब्दीतिर भारतका मुसलमानले बसोबास धार्मिक परम्परा तथा जीवनशैली नै भताभुङ्ग पारिदिएपछि ब्राह्मण क्षेत्रीहरू नेपाल पसे । उपाध्यय बाहुन, जैसी, ठकुरी, खत्री, क्षेत्री र कुनै पनि जातमा परिणत भएकाहरू खसको नामलाई मतवाली खस भन्न थालियो । त्यसपछि कर्णाली प्रदेशबाट पूर्वतिर बसाई सर्दै गएका ठकुरी र क्षेत्रीहरूले खस परम्परा र शब्दलाई छोडे “खस शब्द अपमानित भई चलनचल्तीबाट हराउन थाल्यो भने कर्णाली प्रदेशमा प्रयोग हुने खस शब्द ले पनि राम्रो इज्जत नपाएको हुनाले कम प्रयोगमा ल्याइन्छ (विष्ट, २००५:७१) ।

दोस्रो महायुद्धपछिको भारत र २००७ सालपछिको नेपालले जात-भातलाई मान्यता दिन थालेपछि व्राह्मण क्षेत्रीको चर्चा अलि कम हुन थालेको हो । यी आर्य जाति हुन् । नेपाली

भाषा आर्यहरूकै भारोपेली भाषा परिवार अर्न्तगतको भाषा हो । यी जातिहरूको मुख्य पेशा शाही सेना, निजामति तथा प्राविधिक सेवाका उच्च पद र कृषि हो । वर्तमान समयमा जातभात हराउँदै गएपनि परम्परा अनुसार वाहुनहरूलाई दुई भागमा छुट्याइएको पाइन्छ, ती हुन् :

१ कुमाई २ पूर्वीया

कुमाईमा भट्ट, विष्ट, उप्रेती, पन्त, पाण्डे, पनेरू, जोशी, डोटेल पर्दछन भने पूर्वीयामा पौडेल, अधिकारी, अर्याल, आचार्य, बासकोटा, भण्डारी, चापागाई, दाहाल, देवकोटा, ढकाल, धिताल, ढुङ्गेल, घिमिरे, खरेल, प्याखुरेल, रेग्मी, रिजाल, रिमाल, सत्याल, सुवेदी, भट्टराई आदि पर्दछन् । जहाँ विभिन्न धर्मशास्त्रका अनुसार छोरी बुहारीमा विविध कारणवश भेदभाव गरिने प्रचलन थियो । धेरै हदसम्म त्यसमा कम आइरहेको छ ।

बुहारीलाई लक्ष्मीको रूपमा विवाह गरेर ल्याए पनि उनीहरूप्रति नकारात्मक सोच कायमै छ । छोरीहरूको भन्दा बुहारीको भूमिका परिवारमा हुने गर्दछ । दैलो, कुचो, भाँडा माझ्ने जस्ता घर भित्रका कामहरू गोठमा गोबर, सोत्तर गर्ने कामहरू बुहारी नै अग्रसर भएर गर्नुपर्दछ । हालको समयमा भने एकात्मक परिवारको सङ्ख्या बढ्नु सञ्चारका साधनको प्रयोग पश्चिमीकरण, शैक्षिक जागरण, जनचेतना आदिले गर्दा बुहारीको अवस्थाबारे जानकारी गराउने सन्दर्भमा सबैभन्दा पहिला समग्र नेपाली महिलाको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा बुझ्नुपर्ने हुन्छ । पारिवारिक तहदेखि नै महिलाको हैसियत परिवार एवं समाजमा कस्तो छ महिलाको भूमिकलाई सहायक हुने रूपमा हेरिन्छ । सम्पूर्ण महिलाको पहुँच पनि छ । ऋषि केशवराज रेग्मीको भनाइ अनुसार महिलाको भूमिकालाई पितृसत्तात्मक आँखाबाट अगाडि सारिएको छ ।

व्राह्मण, क्षेत्री जातिका तुलनामा राई, मगर, शेर्पा, तामाङ समुदायमा यस्तो समस्या कम रहेको छ । शेर्पा जातिमा बहुपति प्रथा छ, यस जातिमा विवाह, विच्छेदलाई सामान्य मानिन्छ । २-४ सन्तानकी आमा विवाह नभएको केटासँग फेरि विवाह गर्न सक्छन (सुवेदी, २०५६: १३०), तामाङ जातिको सवालमा बढी खुला र उदार देखिन्छ, कसैले जारी तिरेर कसैको दुलही ल्याउने, दोस्रो विवाह गर्ने, विधवा विवाह गर्ने, सम्बन्ध विच्छेद गर्ने जस्ता प्रक्रिया सामान्य मानिन्छ (शर्मा, २०३९: ३७२, ३७३) ।

यी माथिका कुराबाट स्पष्ट हुन्छ कि ब्राह्मण क्षेत्री परिवारका महिलाहरू अन्य जातिकाभन्दा सामाजिक सांस्कृतिक रूपमा बढी नै पीडित नै देखिन्छन ।

## २.२ सैद्धान्तिक समीक्षा पुनरावलोकन

### लिङ्ग र सामाजिक लिङ्गको धारणा

लैङ्गिक भूमिका भन्नाले सामाजिक परम्परा, मूल्य, मान्यता अनुसार महिला पुरुषको काम, सोचाइलाई बुझाउँछ । महिला र पुरुषले समाजको अपेक्षा अनुसार सम्पादन गर्ने उत्तरदायित्व र जिम्मेवारी हो । समाजको अपेक्षा अनुसार महिला र पुरुषका लागि विभाजन गरिएको कार्य नै लैङ्गिक श्रम विभाजन हो । विभिन्न स्रोत र साधनमा महिला तथा पुरुषको आधिपत्य तथा नियन्त्रण रहनुलाई लैङ्गिक पहुँच र नियन्त्रण भनिन्छ । महिला र पुरुषबीचमा रहेको शक्ति सम्बन्धले गर्दा यी दुईले सम्पादन गर्ने कामको मूल्य फरक हुन्छ । शक्तिले लैङ्गिक भूमिकालाई निरन्तरता दिन सहयोग पुर्‍याउँछ । भाषा, नातेदारी, धर्म, प्रविधि जस्तै लिङ्ग पनि मानव आविष्कार हो । लिङ्गले मानिसको सामाजिक जीवनलाई सांस्कृतिक ढाँचा अनुरूप सङ्गठित गर्दछ । यो विगतमा परिवर्तन भएको थियो, वर्तमानमा परिवर्तन भएको छ र भविष्यमा पनि परिवर्नत हुनेछ (अर्याल, २०६२:७) ।

यसरी लैङ्गिक अध्ययनले आर्थिक, राजनीतिक, शैक्षिक, सामाजिक, सांस्कृतिक र प्राविधिक आदि पक्षहरूमा महिला र पुरुषको अवस्था तथा स्थितिको विश्लेषण गर्दछ । मानवीय अस्तित्व तथा सामाजिक व्यवस्थापन र निरन्तरताका लागि समाजमा महिला र पुरुषले विभिन्न कार्यहरू सम्पादन गर्दछन् । तर हाम्रो देशमा महिला तथा पुरुषको स्थान समान छैन । महिला तथा पुरुषले सम्पादन गर्ने भूमिकाको कार्यभार, प्रतिफल, सामाजिक मूल्याङ्कन असमान रहेको छ । त्यसैले लैङ्गिक अध्ययनले महिला र पुरुषका बीचमा रहेका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, मनोवैज्ञानिक पक्षको अवस्था, सम्बन्ध, अन्तरक्रिया, समानता, विभेद, असमानता आदिको विश्लेषण गर्दै महिला र पुरुषको समानताको खोजी, अध्ययन, अनुसन्धान गर्दछ । प्राकृतिक रूपमा महिला र पुरुषको संरचना फरक भए पनि महत्त्व समान रहेको र सामाजिक तथा साँस्कृतिक रूपमा शक्ति सम्बन्धको असमान अभ्यासले गर्दा स्तरीकरणको सिर्जना भएको हो । त्यसैले यस अध्ययनले महिला र पुरुष दुवैको सहयात्राद्वारा लैङ्गिक समानतामूलक, उन्नत र दीगो समाजको निर्माण गर्न

खोज्दछ (मार्सल, १९९८:२५१) । लैङ्गिक अध्ययन विभिन्न पूर्वाग्रह दुराग्रहबाट माथि उठेर दीगो मानवहित खोज्ने विषय हो । यो एकपक्षीय र मनगढन्ते दृष्टि, अध्ययनबाट टाढा रही सर्वपक्षीय (महिला र पुरुष) हित र भलो खोज्ने विषय हो । यसको उद्देश्य पितृसत्तात्मक समाजलाई ध्वस्त पारी मातृसत्तात्मक राज्य स्थापना गर्नु होइन लैङ्गिक रूमा सन्तुलित सामाजिक संरचनाको वकालत गर्ने विषय हो । वर्तमान समयमा लैङ्गिक अध्ययन महिला केन्द्रित रहनु स्वभाविकै हो किनभने संसारका विकसित वा अविकसित सवै मुलुकमा कम मात्रामा होस् या बढी मात्रामा महिलाहरू विभिन्न पक्षमा भेदभाव गरिएका, असमान स्थितिमा रहेका, शोषण गरिएका छन् । कमला भासिनले भनेजस्तै नेपाली महिलाको उत्पादन, पुर्नउत्पादन, यौनिकता, गतिशिलता, स्रोत तथा सम्पत्तिमा पहुँच आदि सबै पक्षमा पुरुषको नियन्त्रण रहेको छ । पितृसत्तालाई कायम राखिराख्नका लागि महिलाप्रति लक्ष्य गरेर धर्मको अपव्याख्या गरिएको छ । महिलालाई सीमित क्षेत्रमा राख्न विभिन्न चाडपर्व, उत्सव, जात्रा, प्रथा, संस्कारमा महिलाप्रति भेदभाव गरिएको छ । महिलालाई गहना, पोते तथा अन्य मनोरञ्जनका साधनमा सीमित गरी अप्रत्यक्ष रूपमा महिलाको स्वतन्त्र अस्तित्वलाई नियन्त्रण गरिएको छ (अर्याल, २०६२:११) ।

### महिलावादी अवधारणा

मानव सभ्यताको प्रारम्भमा महिला र पुरुषबीच विभेद र असमानताका दुरीहरू ज्यादै सीमित थिए । जव समाज दास युग हुँदै अगाडि बढ्यो तव पितृसत्तात्मक व्यवस्था संस्थागत रूपमा विकसित हुँदै आएको पाइन्छ । समाजका हरेक क्रियाकलापहरूमा महिलाको भूमिकालाई कम महत्त्वका दृष्टिले हेर्दै आएको पाइन्छ । महिला भन्दा पुरुष बढी अवसर र प्राथमिकता पाउँदै जाँदा महिला विभिन्न हक अधिकारबाट वञ्चित बन्दै गए । समाज भनेको विभिन्न संस्था, मूल्य, मान्यता, नियम, परम्परा, मान्यताहरूको गतिशीलता, सन्तुलित व्यवस्थाको सञ्जाल भएको हुँदा महिला र पुरुषलाई निश्चित मूल्य, मान्यता, भूमिका र पदहरू दिइएको हुन्छ । यिनै मूल्य मान्यता र कतिपय अवस्थामा पुरुष केन्द्रित रहेका छन् भने कतिपय महिला केन्द्रित रहेका छन् । मानव इतिहासको सुरुआतसँगै महिला र पुरुषबीच असमान शक्ति सम्बन्ध विकसित भएको पाइन्छ । तर विभिन्न कालखण्डमा महिलाको स्थिति र अवस्थाको वारेमा जागृत भई महिला हक, हित र अधिकारको आवाज उठ्दै आएको पाइन्छ । त्यसैले महिलावाद समाज र संस्कृतिको व्याख्या गर्ने एक वैकल्पिक

दर्शन एवम् सिद्धान्त हो साथै सशक्त आन्दोलन पनि हो । यसले महिलाका हक, हित, अधिकार र समानतालाई जोड दिन्छ । यसले महिलाको दृष्टिबाट समाजका हरेक पक्षको विश्लेषण र व्याख्या गर्दछ । वास्तवमा नारीवाद महिलाहरूको पुरुष सरह समान अवसर, अधिकार र शक्तिको चाहना हो । यो पुरुष विशेषको विरोध कदापि होइन । किनकि महिला शोषण र अत्याचारको विरूद्धमा कतिपय पुरुषहरू पनि लागी परेका थिए र छन् पनि जस्तै नेपाल र भारतमा सती प्रथा र दाइजो प्रथाको विरोध, चीनमा केटीहरूका खुट्टालाई बाँधेर बढ्न नदिने चलनको विरोध आदि । नारीवादको सुरूवात १८ औं शताब्दीदेखि सुरू भएर पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडि बढेको छ (चौलागाई, २०६०:१६) ।

## महिलावादमा पहिलो धारणा

महिलावादी आन्दोलनको क्रमलाई केलाउँदा महिलाको पहिलो धारणाको सुरूवात अमेरिकामा दासताको विरूद्ध महिलाद्वारा गरिएको आन्दोलनका साथै एलिजावेथ स्टान्टन र लुर्सिया मटद्वारा न्यूयोर्कमा गरिएको महिला सम्मेलनले महत्त्वपूर्ण भूमिका खेलेका छन् । महिला आन्दोलनको यो धार महिलाको राजनीतिक, कानूनी र व्यक्तिगत स्वतन्त्रतामा आधारित भएको पाइन्छ । यो आन्दोलनले दासताको विरूद्धमा मतदान गर्ने अधिकार, महिलाका आधारभूत अधिकार, रोजगारी र शिक्षा आदि विषयलाई जोड दिएको पाइन्छ । सन् १९५३ मा प्रकाशित सिमोन द वोउवारको “दी सेकेन्ड सेक्स” पुस्तक नै महिलाको बारेमा लेखिएको पहिलो एकेडेमिक पुस्तक थियो । महिला मुकित आन्दोलनलाई सैद्धान्तिक आधार प्रदान गर्ने युगान्तकारी दस्तावेजको रूपमा अगाडि आएको थियो । “स्त्री पैदा हुन्न बरू उसलाई बनाइन्छ” भन्ने धारणाका साथ पुस्तक लेखिएको थियो । यो धार सन् १९५० मा सुरू भएर सन् १९६० को प्रारम्भमा अस्तित्वमा रह्यो (मार्सल, सन् २००४:२२८) ।

## महिलावादमा दोस्रो धार

महिलावादमा दोस्रो धारको विकास १९६० को दशकमा भयो । सन् १९६३ मा वेटी फ्रीडानले “दी फेमीनीजम मिस्टिक्यू” पुस्तकमा महिलालाई श्रम विभाजनबाट केवल घरभित्रका कामहरू जिम्मा लगाउने भएकाले महिला सीमित दायरामा बाँधिन्छन् त्यसैले महिलालाई सार्वजनिक कामको क्षेत्रमा पहुँच दिइएको खण्डमा महिला स्वस्फूर्त रूपमा स्वतन्त्र हुने थिए भनिएका छ । यो नै दोस्रो धारको विकासमा कोसेढुङ्गा सावित भयो । सन्

१९६० मा सुरू भएको महिला आन्दोलन विश्वका विभिन्न क्षेत्रमा प्रभाव पार्न सफल भयो । विभिन्न ठाउँमा महिला सङ्गठनहरू स्थापना भए । त्यसैगरी धेरैजसो समसामयिक नारीवादी सिद्धान्तहरूले सामाजिक सांस्कृतिक पक्ष लगायत महिला असमानता र विकासको व्याख्या गरे । यसरी महिलावादी दोस्रो धारमा महिलाविरूद्धको दमन शोषणको अन्त्य र महिला स्वायत्ततालाई जोड दिएको पाइन्छ (मार्सल, २००४:२२९) ।

### महिलावादमा तेस्रो धार

महिलावादमा तेस्रो धार १९८० को दशक पछाडि शुरू भएको मानिन्छ । तेस्रो धारको महिलावादले महिलामाथि हुने दमनलाई फरक किसिमले व्याख्या गरेको छ । यसले मुलतः नारी-नारी बीचमा हुने फरकफनको विश्लेषण गर्दछ । सबै महिला (दमित, शोषित, पीडित) को पीडा समान रहेको हुन्छ तर समाज, स्थान, उमेर, जाति, संस्कृति, वर्ग, अवस्थिति अनुसार फरक-फरक रहेको छ । यो धारले जटिल अवस्थामा रहेका महिलाो समस्या उजागर गर्ने प्रयत्न गरेको छ । समाजमा निर्मित वस्तु तथा सेवाको असमान वितरणले गर्दा महिला महिलाबीच फरक भएको निष्कर्ष निकालेको छ । यस धारले ८० को दशकभन्दा अगाडि महिलाका सम्बन्धमा गरिएका अध्ययन, अनुसन्धान मनगढन्ते र यथार्थभन्दा टाढा रहेका भन्दै लैङ्गिक दर्शन र सिद्धान्तहरूलाई तीव्र आलोचना गरिएको छ । नारीवादै तेस्रो धारको सुरूवात भएपछि महिला आन्दोलन केवल पश्चिम समाजमा मात्रै सीमित नभई तेस्रो विश्वमा समेत फैलियो । नारीवादमा यो धार पहिलो धारभन्दा धेरै आलोचनात्मक खालको छ । नारीवादी तेस्रो धारको मूल जरा उत्तर आधुनिकतावाद हो । उत्तर आधुनिकतावादले विविधता र पुनः संरचनाको व्याख्या गर्दछ । यस समयमा महिलाहरूमा सामाजिक, राजनीतिक, कानूनी तथा सांस्कृतिक सुधार भएके छ । त्यसैले वर्तमान समयमा पनि विभिन्न सिद्धान्त विषय अन्तर्गत समेटिएका र स्वतन्त्र महिलावादीहरू विभिन्न सङ्घ-संस्थाहरू, महिला हकहित, अधिकार, स्वतन्त्रता, स्वायत्तताका लागि आन्दोलनरत छन् (मार्सल, २००४) ।

यसरी विगतदेखि वर्तमानसम्म महिलावादका सम्बन्धमा विभिन्न विचार, अवधारणा, उपागम तथा सिद्धान्तहरू देखापरेका छन् । यी मध्ये समसामयिक महिलावादी सिद्धान्तले सामाजिक जीवन र मानवीय अनुभवहरूको विकासका क्रममा देखा परेका व्यापक तहका

विचारहरूलाई महिला केन्द्रित दृष्टिबाट प्रष्ट्याउने प्रयास गरेको छ । वास्तवमा महिलावादी सिद्धान्त महिला केन्द्रित छन् जसमा निम्न आधार रहेका छन् :

- समाजमा महिलाका अवस्था र अनुभवहरूको अनुसन्धान गर्नु ।
- अनुसन्धानको उद्देश्य र सम्पूर्ण अनुसन्धानको प्रारम्भिक विन्दु महिला नै रहनु ।
- सामाजिक विश्वलाई महिलाको फरक दृष्टिबाट हेर्ने प्रयास गर्नु ।
- महिलावादी सिद्धान्त महिलाको चुनौती र सक्रियताको प्रतिनिधित्व गर्ने सिद्धान्त जसले महिलाका लागि सुन्दर संसार निर्माण गर्न खोजिरहेको छ ।

महिलाका बारेमा के त ? महिलाको अवस्था किन यस्तो छ ? महिलाहरूका बीचमा हुने फरक बारेमा के त ? अवस्थाहरूमा सुधार कसरी गर्ने ? भन्ने आधारभूत प्रश्नहरूमा महिलावादी सिद्धान्तका प्रकारहरू आधारित रहेका छन् (रीटजर, १९९६:४४४) ।

जसमा पहिलो प्रश्नको उत्तरमा महिलाको अवस्था, अनुभव र स्थान पुरुषकोभन्दा फरक रहेको छ भन्दै लैङ्गिक विभिन्नताको सिद्धान्तका व्याख्या गर्ने प्रयास गरिएको छ । दोस्रो प्रश्नको उत्तरमा महिलाको अवस्था पुरुषकोभन्दा फरक मात्र नभई कम विशेषाधिकारयुक्त अवस्था पुरुषकोभन्दा असमान छ जसको व्याख्या लैङ्गिक असमानताको सिद्धान्त मार्क्सवादी र उदारतावदी कोणबाट गरिएको छ । तेस्रो प्रश्नको उत्तरमा महिला र पुरुषबीचमा रहेको प्रत्यक्ष साविक सम्बन्धबाट महिलाको अवस्था बुझ्नुपर्छ । महिलाहरू दमित भएका छन्, उनीहरू पुरुषद्वारा नियन्त्रित गरिएका, अधिनमा राखिएका, प्रयोग गरिएका, दुर्व्यवहार गरिएका, च्यापिएका छन् यसको व्याख्या लैङ्गिक दमनका सिद्धान्तले गर्ने प्रयास गरिएको छ । नारीवादमा तेस्रो धारको केन्द्रीय शोधले चौथो प्रश्नको समभाव्यतालाई समाधान गर्ने प्रयास गरेको छ (रिटजर, १९९६:४४५) ।

यसरी महिलावादी आन्दोलन अगाडि बढ्ने प्रक्रियामा विभिन्न धारमा विभिन्न महिलावादी दृष्टिकोण/सिद्धान्त/अवधारणाहरूको विकास भएको पाइन्छ । जसमध्ये केही निम्नानुसार छन् :

## क) उदार महिलावाद वा सुधारात्मक महिलावाद

महिला मुक्ति र स्वतन्त्रता समबन्धमा उदार महिलावादी सैद्धान्तिक विश्लेषणले निकै महत्त्व राख्दछ । जसले महिलाको स्वतन्त्रता र विकासलाई जोड दिएको छ । महिलालाई सामाजिक सांस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य विभाजनको स्वरूप निर्धारण गर्छ भन्ने मान्यता यसमा रहेको छ । उनीहरू पुरुष सरह सबै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् त्यसैले उनीहरूको स्वतन्त्रतालाई बढावा दिन सके महिला मुक्तिका प्रयासहरू सार्थक रहन सक्छन् भन्ने मान्यता राखदछ (रिटजर, १९९६:४५५) ।

उदार महिलावादीहरूले महिलाहरूलाई स्वतन्त्रता उपलब्ध गराउन सकिएमा समान अवसरहरू प्रदान गर्न सकिएमा महिला प्रतिका गलत मान्यता र सामाजिकीकरणको प्रक्रियाबाट समाजलाई मुक्त गर्न सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछन् । महिलामा प्रजनन अधिकार, समान शिक्षा, समान काममा समान ज्याला, समान घरायसी उत्तरदायित्व, समान आर्थिक अवसर, राजनीतिक अधिकार आदिमा पहुँच हुनुपर्ने व्याख्या गरिएको छ । उदार महिलावादीहरूले महिलाको अवस्था सुधार गर्न कानूनी र सास्कृतिक बन्देजको खारेजीको खाँचो ठान्दछन् (आचार्य, २०६१:३२४) ।

उदार महिलावादले महिलामा समानता, स्वतन्त्रता, विकास र विभेदको अन्त्यलाई जोड दिन्छ । महिला तथा पुरुषहरूबीच रहेको लैङिगक विभेदयुक्त कार्यको विभाजन, यौन व्यवहार, पारिवारिक संरक्षण तथा सामाजिक भूमिका र उमेरको विभेदका विरूद्धमा स्वतन्त्रताको आवाज उठाउने कार्य उदार महिलावादबाट भएको थियो । लैङ्गिक असमानताका कारण उत्पन्न सबैखाले बन्देजहरूका विरूद्धमा यो महिलावाद खडा भको देखिन्छ । व्यक्तिगत स्वतन्त्रतालाई नैसर्गिक स्वतन्त्रता मानिएको छ । प्राकृतिक रूपमा नै महिला र पुरुषमा फरक स्थिति रहेकोले नै अनुरूपमा व्यवहारलाई गर्न दिइन्छ जसका कारण बालापनदेखि नै महिलाहरू परनिर्भर बन्ने प्रक्रिया सुरू हुने भएकाले प्राकृतिक आधारमा रहेको लिङ्ग अवस्थालाई आधारित गरेर सामाजिक भूमिका निर्धारण हुने सामाजिक विश्वास र परम्परालाई गलत ठान्दछन् । त्यसैगरी विवाह, परिवार, नातासम्बन्ध, धार्मिक संस्था आदिमा समेत लैङ्गिक विभेदको स्थिति रहेकोले त्यसबाट महिलाहरू शक्तिहीन बनेका हुन्छन् । महिलाहरूको स्वतन्त्रता घट्दै र परनिर्भरता बढ्दै जान्छ । त्यसैले

उदार महिलावादले ज्याला, अवसर तथा स्वतन्त्रताका सवालमा महिलाको स्वतन्त्रतालाई जोड दिदै नीतिगत रूपमा कानूनी सुधार र गलत लैङ्गिक सामाजीकीकरणको सच्चाइमा जोड दिएको छ । यसका साथै हरेक पक्षमा महिलालाई स्वतन्त्रता प्रदान गर्नुपर्ने तर्क राख्दै महिलाको पहुँचमा जोड दिन्छ । वर्तमान सामाजिक संरचनामा नै बसेर महिला मुक्तिको सम्भावना यस व्याख्याले देख्दछ । समष्टिमा भन्नुपर्दा यो व्याख्या सुधारात्मक छ (रिटजर, १९९६) ।

### ख) मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादको उत्पत्ति र विकासको सन्दर्भलाई हेर्दा कार्लमार्क्स र फ्रेडरिक एन्गोल्सको कृति "ओरिजन अफ दी फ्यामिली, प्राइभेट एण्ड दी स्टेट" १८८४ लाई लिन सकिन्छ । जसमा समाजमा रहेको लैङ्गिक विभेदको कारक तत्वहरू र विश्लेषणका तरिकाहरूको उल्लेख गरिएको छ । यस महिलावादले मार्क्सवादी धरातलमा टेकेर माक्सएलाई आलोचना गर्दै मार्क्सकै धारमा बसेर विश्लेषण गर्दछ । समाजको इतिहास भनेको नै वर्ग सङ्घर्ष मात्र हो त भन्ने सवाल गर्दै समाजमा वर्ग-वर्ग बीच मात्र सङ्घर्ष नभएर शोषित र शोषण गर्ने समूहबीच मात्र सङ्घर्ष नभएर महिला र पुरुषबीच पनि असमान शक्ति सम्बन्ध रहेको छ भन्दछन् । मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजका व्याख्या र विश्लेषण गर्न सकिएमा महिला माथिको दमन, विभेद, असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाइ राख्दछ । यसप्रकारको महिलामाथिको दमन, अत्याचार तथा शोषण खास गरी पितृसत्ता र पूँजिवादी संरचनाबाट भएको निष्कर्ष मार्क्सवादी महिलाहरूको रहेको छ । निजी सम्पत्तिको अवधारणाको विकाससँगै उत्पादन व्यवसायमा पुरुषका सहयोगीका रूमा महिलालाई परिभाषित गरियो । सम्पत्तिको निरन्तर हस्तान्तरण र सम्वर्द्धनका लागि छोरा जन्माउने मेसिनको रूपमा महिलालाई लिन थालियो । महिलाहरू घरभित्रकै धन्दामा सीमित गरिए या त कमसल कार्यमा कम ज्यालामा लगाए । जसलाई मलजल गर्ने कार्य समाजमा रहेको पितृसत्ताले गऱ्यो । पूँजिवादी समाजको उदयसँगै महिलाहरूले असमानता, दमन, अत्याचार सहनुपऱ्यो । कार्लमार्क्सले महिला र पुरुषबीच रहेको असमान शक्ति सम्बन्धलाई विश्लेषण गर्दै भनेका छन् कि पूँजिवादी समाजमा जसरी पूँजिपतिहरूले स्रोतमाथि नियन्त्रण गरे त्यसरी नै महिलाहरू श्रमजीवी

जस्तै हुन्छन् । जहाँ स्रोतमाथिको नियन्त्रण पुरुषहरूको हातमा केन्द्रित भएको हुन्छ (आचार्य, २०६१:३२८) ।

मार्क्सवादीहरू महिला र पुरुष बीचको सम्बन्ध वैज्ञानिक आधारमा विश्लेषण गर्दछन् । जसमा महिलाहरूमाथि रहेका सामाजिक आर्थिक तथा सांस्कृतिक विभेदको अन्त्य गरी उत्पादन शक्तिमाथि पहुँच बढी मजबुद पार्नुपर्ने तथ्यमा जोड दिन्छन् । महिलाहरूमा भएको ज्ञान, सीप र क्षमताको प्रयोग गर्नुपर्छ भन्छन् । मार्क्सवादी महिलावाद अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्न जरूरी छ त्यसरी नै लैङ्गिक आधारमा पनि विश्लेषण गर्न आवश्यक ठान्दछन् । समाजको पूँजिवादी ढाँचामा परिवार स्तरबाटै श्रमको शोषण भएको छ । महिलालाई गलत सामाजिकीकरण गरिएको छ । कमवेतनमा कमसल काम लगाएको छ । घरायसी कार्यलाई उत्पादनशील कार्यका रूपमा गणना गरिएको छैन । विद्यमान पितृसत्तालाई कायम राखीराख्न त्यस्तै किसिमका मूल्य र मान्यताहरू पूँजिवादी समाजमा बनाएका छन् । त्यसैले मार्क्सवादीहरू वर्तमान संरचनालाई सुधार नगरी आमूल परिवर्तनबाट लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने मान्यतामा विश्वास गर्छन् तर पनि उनीहरू वर्तमान संरचनामा समान ज्याला, काममा समानता, न्यायपूर्ण दृष्टिकोण, कार्यको मूल्याङ्कन, व्यवहारिक श्रम विभाजन आदिलाई जोड दिन्छन् (रिटजर, १९९६) ।

### ग) आमूल महिलावाद/क्रान्तिकारी महिलावाद

आमूल महिलावादले समाजका प्रत्यक तहमा महिलाहरू देखिएका छन्, त्यसैले सामाजिक सांस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमूल्यनलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । यो आमूल महिलावाद सन् १९६० को दशकको अन्त्यतिरबाट बढी प्रभावशाली बन्यो । यसले समाजका प्रत्येक जात, वर्ग, संरचना, संस्थामा दमन, विभेद र असमानता रहे पनि लैङ्गिक विभेदको जटिलतालाई विशेष जोड दिन्छ । यस्ता लैङ्गिक विभेदको महत्त्वपूर्ण कारक तत्त्व भने पितृसत्ताअन्तर्गतको सामाजिक सम्बन्ध हो भन्ने बुझाइ आमूल महिलावादीहरूको रहेको छ । यिनीहरूका अनुसार महिला विभेद र दमनको प्रारम्भिक थलो नै परिवार हो । जहाँ प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यस्तै अनुरूप सामाजिकीकरण तथा भूमिका हस्तान्तरण हुने गर्छ । आमूल महिलावादी सम्प्रदायले विश्वव्यापी रूपमा रहेको पितृसत्तात्मक परिवारमा सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक क्षेत्रमा पुरुषहरूबाट

हुने प्रत्येक विभेद, असमानता, दमन, हिंसा आदि पक्षलाई निकै व्यापक उठाएको छ । महिला विरूद्धका हिंसाका घटनाहरू पितृसत्तात्मक परिवारमा पुरुष र पुरुषको प्रभुत्व र नियन्त्रण रहेका संस्थाबाट हुने गर्दछ । त्यसैले समाजमा प्रत्येक तह र निकायमा रहेको यौनजन्य शोषण र दमनमा परिवर्तन गर्न सकिएमा पनि लैङ्गिक समानता हुन सक्ने भन्दछन् (आचार्य, २०६१) ।

आमूल नारीवादले वच्चा जन्माउने वैकल्पिक वैज्ञानिक प्रविधिको प्रयोगलाई जोड दिँदै परम्पराबाटै रहँदै आएका पारिवारिक स्वरूपलाई चुनौती दिन खोजेका छन् । महिला मुक्तिका लागि क्रान्तिकारी सोच र संरचनागत परिवर्तनमा यसले जोड दिन्छ । किन र कसरी पितृसत्तात्मक ढाँचाबाट महिलाहरूको शोषण भएको छ यसका कारक तत्त्व खोज्दै जनचेतना जगाउने, पुरुषसँगको निर्भरता घटाउने, महिलाप्रतिको सकारात्मक दृष्टिकोणको विकास गर्ने, महिलाको नेतृत्वमा रहने कार्यक्रम सञ्चालन गर्ने, घरायसी झन्झटपूर्ण कार्यबाट छुटकारा दिलाउने सवालमा जोड दिन्छ । यसरी आमूल महिलावादीहरूले पितृसत्तालाई महिलाविकासको बाधक मान्दछन् । महिला विरूद्धका जतिपनि हिंसाजन्य घटनाहरू घट्छन् त्यसको कारण पितृसत्तात्मक परिवारमा पुरुष र पुरुषको प्रभुत्व र नियन्त्रण रहेका संस्थाबाट हुने गर्दछन् भन्दै महिलाको छुट्टै संसारको कल्पना गर्दछन् (रिटजर, १९९६:४६३) ।

यस समाजवादी महिलावादलाई मार्क्सवादी तथा उदार महिलावादको राम्रा पक्षलाई समेटिएको संश्लेषणको रूपमा लिइन्छ । जसले समाजको विविध पक्षलाई समेटेर लैङ्गिक विश्लेषण गर्ने प्रयास गरेको छ । मार्क्सवादअन्तर्गतको वर्ग, दमन र आमूल नारीवादअन्तर्गतको लैङ्गिक उत्पीडन/दमनलाई संश्लेषणात्मक विश्लेषण गरी महिलाले भोग्नुपरेको अधीनता विभिन्न ठाउँ तथा परिवेदशमा के कति समान वा असमान छ भन्ने मापन गर्न चाहन्छ । यसल ाई महिलावादीहरू महिलाको दमन र पूँजीवादी पितृसत्ताका नाममा सङ्केत गरेको पाइन्छ । वास्तवमा समाजवादी नारीवादले वर्ग एवम् लैङ्गिक दमनलाई मात्र हेरिनु हुँदैन किनकि समाजमा दमनका विभिन्न स्वरूपहरू विभिन्न वर्गमा फरक-फरक ढङ्गबाट अन्तर्निहित भएर रहेका हुन्छन् । त्यसैले समाजमा विभिन्न जातीय, प्रजाति, धर्म, उमेर, लिङ्ग यौनिक रूचि विश्वव्यापी एवम् शब्दीय तहको स्थिति आदिका आधारमा व्याख्या एवम् विश्लेषण गरिनुपर्छ भन्ने कुरालाई समाजवादी महिलाहरू जोड

दिन्छन् । यसप्रकार समाजवादी महिलावादले सामाजिक दमन र लैङ्गिक दमन साथै वर्गीय दमनलाई दमन प्रणालीको खोज गर्ने आधारका रूपमा लिई महिलामथि हुने गरेका विभिन्नताहरूलाई पूँजीवादी पितृसत्तालेभन्दा बढी राम्रोसँग चरितार्थ गरेको छ दमित महिलाले अर्को महिलालाई कसरी दमन गर्न पुग्छन् भन्ने कुरामा पनि जोड दिएको छ (रीटजर, १९९६:४६७) ।

समाजवादी नारीवाद को सम्वन्ध वा सरोकारको विषय नारी एवम् पुरुष दुवैद्वारा गरिएको सबै प्रकारको उत्पीडनको अनुभवसँग देखिन्छ । यिनीहरूले एउटी नारी जो स्वयम् उत्पीडित भएकी छन्, अर्की नारीको उत्पीडनम कस्तो प्रकारले भागीदार हुन्छिन् भन्ने कुरा जान्ने प्रयास गर्छन् । उदाहरणका लागि कसरी एउटी नारी जो दाइजोको कारणले उत्पीडिन हुँदै सासूकोअवस्थामा आइपुग्दा कुन प्रकारले आफ्नी बुहारीलाई दाइजो ल्याउनका लागि वा नल्याएको कारण देखाउँदै उत्पीडित गर्नमा सहयोग गर्दछिन् ? यसरी समाजवादी नारीवादका पक्षधरहरूले कसरी नारीहरूले आफू दमित एवम् उत्पीडित भइसकेको हुँदाहुँदै पनि अन्य नारीहरूमाथि दमन एवम् उत्पीडन गर्छन् भन्ने तथ्यको खोजी गर्दछन् । अतः समाजवादी नारीवाद स्त्रीहरूका प्रति पाइने वा देखिने पूर्वाग्रहहरू र दमनकारी रीतिरिवाज एवम् प्रथाहरूसँग मुकाविला गर्ने पक्षमा देखिन्छन् ।

यस प्रकारले समाजवादी महिलावादले समाजमा पाइने विस्तृत स्तरको प्रभुत्व वा आधिपत्यको अध्ययन गर्दछ र त्यसमा निहित रहेका उत्पीडित एवम् दमित व्यक्तिहरूको अनुभवहरूलाई खोज्दछ । समाजवादी नारीवादले ठूला र ाना सबै प्रकारका उत्पीडित एवम् दमित समूहलाई शोषणबाट मुकित दिलाउनमा रूचि राखेको देखिन्छ । यिनीहरूले दमनका विभिन्न रूपहरूको विरूद्धमा आन्दोलन हुनुपर्दछ भन्ने मान्यता राखेको देखिन्छ । समाजमा नारी र पुरुषको समान भूमिका हुनुपर्छ । अतः नारी र पुरुषको सहमतिद्वारा नै नयाँ समाजको सिर्जना गर्न सकिन्छ । नारीहरूसँग सहमतिद्वार नै विभिन्न वर्गहरूको अन्त्य हुन सक्दछ । यस वादले पितृसत्ता र यसका कार्यहरूको विश्लेषण गर्दछ । पितृसत्ता आर्थिक प्रणालीको एउटा भाग हो र यो नीजि स्वामित्वको उत्पत्ति हुनुभन्दा पहिले नै अस्तित्वमा आएको हो । निजी सम्पत्तिको अन्त्यसँगै पितृसत्ता लोप हुन्छ भन्ने कुरामा सहमति राख्दैनन् । तर महिला विकास एवम् सशक्तीकरणमा बाधक तत्त्वका रूपमा पितृसत्तात्मक संरचनाले विशेष भूमिका खेलेको मान्दछन् जसलाई महिलामाथिका दमनका विभिन्न रूपहरू

जस्तै वर्ग, जाति, महिलाद्वारा महिलामाथि हुने दमनका बारेमा व्याख्या गर्न नसकेको भन्ने आरोपबाट भने समाजवादी महिलावादीहरू बच्न भने सकेका छैनन् (भण्डारी, २०६०:१७९) ।

नारीवादी सिद्धान्तमा महिला विविधता तथा भिन्नताका सवालहरूलाई सन् १९८० तथा १९९० को दशकमा आएको उत्तरआधुनिक धारले अर्को ढङ्गले पनि अघि बढायो । उत्तरआधुनिक महिलावादका मुख्य स्थापनाकारहरू इतिहास, भाषाशास्त्र, सौन्दर्यशास्त्र तथा मनोविश्लेषणशास्त्र जस्ता विषयहरूका फ्रान्सेली नारी बौद्धिकहरू थिए । उत्तर आधुनिकतावादी दृष्टि अपनाउन र नारीवादमा लागु गर्नमा उनीहरू यी वैचारिक प्रवृत्तिहरूबाट विशेष प्रभावित थिए । डेरिडाको विनिर्माण सिद्धान्त, वार्थको सङ्केतविज्ञान विश्लेषण, फुकेको ज्ञानको छलफल खाकाको विश्लेषण तथा लियोटार्डको आधुनिकतावाद ! विभिन्न वर्ग, वर्ण तथा संस्कृतिका महिलाहरूका विविध अनुभवहरू तथा वास्तविकताहरू भएका अवस्थामा पितृसत्ता मात्र होइन कि ‘नारीवाद’ तथा महिला भन्ने अवधारणासमेत नै विविधतालाई दबाउने अवधारणहरूको रूपमा निर्माण भएका छन् भन्ने उनीहरूको विश्लेषण छ । यस विश्लेषण अनुरूप उत्तरआधुनिकतावादी नारीहरूले महिलाहरूका ठोस वास्तविकताभन्दा पनि महिलाहरू वरिपरि बुनिएका छलफलका खाकाहरूलाई ध्यान दिन्छन् । विशेषगरी इतिहासका विभिन्न कालखण्डमा र विभिन्न सभ्यता तथा सांस्कृतिक परिवेशमा निर्मित नारीत्व तथा पुरुषत्वसम्बन्धी छलफलका खाकाहरूका तत्त्वहरू केलाएर विविधतालाई दवाउने ‘महिला’ भन्ने अवधारणालाई कसरी र केबाट निर्मित भएको छ भन्ने कुरा उदाङ्ग गर्न खोज्छन् (तमाङ, २००४:५३५) ।

यसरी विभिन्न नारीवादी सिद्धान्तहरूले नारीवादी चिन्तनको विविधतालाई प्रष्ट देखाउँछन् । महिलाहरू शोषित छन् र दृढताका साथ त्यस शोषणलाई समाप्त गर्नुपर्दछ भन्ने कुरामा मात्रै नारीवादको सहमति छ भने पनि हुन्छ । नारीवादको ऐतिहासिक विकासमा तीनओटा साझा तत्त्वहरूलाई ध्यान दिनु जरूरी छ । एक, उदार नारीवाददेखि मार्क्सवादी नारीवाद हुँदै उत्तरआधुनिक नारीवादसम्मका विचारहरू सामान्यतया पश्चिमी बौद्धिक क्षेत्रमा निर्मित सिद्धान्तहरूलाई महिला सवालहरूमा लागू गर्ने क्रममा नारीवादी सिद्धान्तहरू सिर्जना भएको देखिन्छ । दुई नारी आन्दोलनलाई निर्णायक ऐतिहासिक रूपान्तरणका क्षणहरूमा र अन्य सवालहरूमा केन्द्रित आन्दोलनहरूका बीचबाट जन्मिने प्रकृति देखिन्छ । तीन समग्रमा भन्दा

नारीवादी सिद्धान्तहरूले खास वर्ग र कहिले खास जातिका महिलाहरूको स्वार्थहरू र दृष्टिकोणलाई अभिव्यक्त गरेका छन् (तामाङ, २००४:५३६) ।

## लैङ्गिक विकासका रणनीतिहरू

विश्वमा विकास भएका विभिन्न समयका विभिन्न प्रकृतिका महिला आन्दोलनहरूले महिलाको भूमिका र अवस्थाका विभिन्न पक्षबारे व्याख्या र विश्लेषण गर्दै समग्रमा महिला पिछडिएका तथा असमानताको अवस्थामा रहन पुगेको निष्कर्ष निकालेको सन्दर्भमा र विकासका लागि अगाडि बढाइएको विभिन्न रणनीतिहरूका परिणाम स्वरूप पनि आशातित सफलता हासिल गर्न नसकिएको सन्दर्भमा सामाजिक लिङ्गलाई विकासको मुद्दाको रूपमा लिइएको छ । लैङ्गिक विषयलाई जोड दिदै स्रोत तथा अवसरहरूतर्फ महिलाको पहुँच बढाउनुपर्ने, सम्पत्तिमा अधिकार, सशक्तीकरण, समान ज्याला तथा निर्णय प्रक्रियामा महिलाको उल्लेख्य भूमिकाका बारेमा पनि लैङ्गिक विकासमा जोड दिएको छ (एफ.डब्ल्.एल.डी, २०५८) । सामाजिक लिङ्गलाई विकासका मुद्धाका रूपमा प्रतिस्थापित गर्ने कार्य तथा यसको आवश्यकताको बोधको सन्दर्भलाई हेर्दा सन् १९५० पछिको विकासका रणनीतिको इतिहासलाई विश्लेषण गर्नुपर्ने हुन्छ ।

## विकासमा महिला अवधारणा (वीड)

सन् १९७० सम्मको विकासको लामो इतिहासले महिलाको खरो योगदानलाई अस्वीकार गरे पनि ७० को दशकसँगै विकास प्रक्रियामा महिलाको समानुपातिक सहभागिता र विकास हुनुनपर्ने दरो अवाज उठ्यो । सन् १९७० मा अमेरिकामा सोसीओलोजी फर इन्टरनल डेभलपमेन्टको स्थापनाले विकासमा महिला सहभागिताको आवाजलाई अभ्र वुलन्द गऱ्यो र सन् १९७० मै इस्टर वोसरपको “आर्थिक विकासमा महिलाके भूमिका” नामक पुस्तक प्रकाशित भएपछि मात्र महिलाको भूमिकालाई मूल्याङ्कन गर्न प्रेरित गऱ्यो ।

खासगरी १९५० पछाडि आधुनिकीकरणको सिद्धान्तले विकासका नाममा धेरै विभेद र असमानताहरू बढ्दै गएको पाइयो । विकासको प्रक्रियामा माथिबाट तल जाने रणनीति अपनाएकोले समाजमा सन्तुलित विकास हुन सकेन । त्यसैले विकासलाई पुरुषको आँखाबाट

मात्र नहेरेर महिलाको आँखाबाट पनि विश्लेषण गर्नुपर्नेकुरालाई जोड दिइयो (जुसिया क्लेभेज मोस्से, १९९३) ।

विकासमा महिला अवधारणा अनुसार महिलाको भूमिकालाई यथोचित स्थान दिनका लागि उनीहरूलाई पुर्नउत्पादन क्षेत्रबाट निकाली उत्पादन क्षेत्रमा समावेश गर्नुपर्छ । उत्पादन क्षेत्र भनेका बजार, श्रमशक्ति, आम्दानी सिर्जनाका क्षेत्र हुन् । यस्ता क्षेत्रमा महिला सहभागितालाई उच्च प्राथमिकता दिँदै उत्पादन र पुर्नउत्पादनका सम्बन्धमा देखिएको विभाजनलाई हटाउनु यसको अवधारणात्मक पक्ष हो । महिलालाई विकासको मूल प्रभावहमा ल्याउन निम्न पक्षमा जोड दिनुपर्ने मान्यता राख्दछ । कानूनी समानता, रोजगारीमा पहुँच, शिक्षा र स्वास्थ्यमा अवसर, सम्पत्तिमा पहुँच महिलालाई सहयोग गर्ने उपयुक्त प्रविधि आदि । यसरी वीड अवधारणाले अर्थतन्त्रमा महिलाको भूमिकालाई मूल्याङ्कन गर्दै घरायसी क्षेत्रबाट उत्पादन क्षेत्रमा जान प्रेरित गरेको पाइन्छ (एफ.डब्लु.एल.डी., २०५८) ।

**महिला र विकास अवधारणा (वाड)**

विकासमा महिला अवधारणाले महिलाको वास्तविक उन्नति गर्न नसकेको र विकासको मूल प्रवाहमा उनीहरूलाई समाहित गर्न नसकेको भन्ने आलोचना गर्दै सन् १९७० को उत्तरार्द्धमा महिला र विकास नामक अवधारणा देखा पऱ्यो । आधुनिकीकरणको सिद्धान्तअनुसार सञ्चालित विकासको रणनीतिले अविकसित मुलुकमा नकरात्मक असर पऱ्यो । यस सिद्धान्तले धनी र गरीब राष्ट्रबीच केन्द्र र पृष्ठको सम्बन्ध रहने कुरालाई उल्लेख गरेजस्तै यसैलाई आधार मानी वाड अवधारणले समाजमा पुरुष र महिलाबीच केन्द्र र पृष्ठको सम्बन्ध रहने अवधारणा साऱ्यो । महिला र पुरुषबीच असमान सम्बन्ध रहेको हुँदा महिला र पुरुषको बीचमा शोषित र शोषक, पीडित र पीडकको सम्बन्ध कायम रहेको छ । जाति, वर्ग, स्थान र समाज अनुसार सम्बन्ध पनि फरक रहेको छ (श्रेष्ठ, २०५६) ।

विकास प्रक्रियामा महिलाहरू सहभागी हुँदै आए पनि पुरुषले महिलाको यौनिकतामथि नियन्त्रण गरेको र सम्पत्तिमा महिलाके पहुँच नभएको कारण महिला अधीनस्थ अर्थात् निम्न अवस्थामा रहेका छन् । समाजमा महिलामाथि विभिन्न किसिमका हिंसाहरू, बालविवाह, बहुविवाह, कुटपिट, यौन शोषण, यौन दुराचार, बेचविखन, भेदभाव, दासप्रथा, सतीप्रथा, झुमा प्रथा, कुमारी प्रथा विद्यमान् छन् । यी प्रथाहरूले महिलालाई प्रत्यक्ष र अप्रत्यक्ष

रूपमा शारीरिक तथा मानसिक प्रभाव पारिरहेका छन् । जीवनका अवसरहरूको सदुपयोग गर्न बाधा पुऱ्याएका छन् । सार्वजनिक जीवनमा सहभागी हुन बाधा पुऱ्याएका छन् (अर्याल, २००५:२२६) । त्यसैले महिला विरूद्धको सवैखाले हिंसाहरूको अन्त्य गर्नुपर्दछ । महिलाको सवै किसिमका भूमिकाको पहिचान गरिनुपर्दछ । सम्पत्तिमा महिलाको पहुँच हुनुपर्ने, सम्पत्तिको पूर्णवितरण हुनुपर्ने जोड यस अवधारणाले दिएको छ ।

**जेन्डर र विकास अवधारण (ग्याड)**

वीड र वाड अवधारणाले महिलाको अवस्थालाई सुधार र वास्तविक विकास गर्न सकेनन् । विकास प्रक्रियामा महिलालाई मात्र समाहित गर्दा महिलाको दीगो विकास नभएकाले महिला र पुरुष दुवैलाई विकास प्रक्रियामा समतामूलक ढङ्गले समाहित गर्न सकेमा मात्र दिगो विकास हुन्छ भन्ने अवधारणा देखा पऱ्यो । यो ग्याडको अवधारण हो जुन सन् १९८० को दशकमा उत्पत्ति हुन पुग्यो । यो समाजवादी महिलावाद बाट प्रभावित उपागम हो । यसले महिला र पुरुषको सम्बन्धलाई सर्वाङ्गीण पक्षबाट विश्लेषण गर्दछ । महिला तथा पुरुषको समतामूलक विकासका लागि यो अवधारणा अन्य अवधारणाभन्दा बढी व्यवहारिक, सान्दर्भिक, चर्चित र शाश्वत रहेको छ (एफ.डब्लु.एल.डी, २०५८) ।

समाजमा महिला र पुरुषको विद्‌यमान शक्ति सम्बन्ध असमान रहेको र पितृसत्ताका कारण महिला र पुरुषबीच सुमधुर सम्बन्ध नभएकाले सामाजिक असन्तुलन देखिएको हो त्यसैले महिला वा पुरुष कसैप्रति पनि पक्षपात र पूर्वाग्रहपूर्ण विचार दृष्टिलाई अस्वीकार गरी निम्न असमान अवस्थामा रहेका महिला वा पुरुष जो कोहीलाई समानताको स्थितिमा पुऱ्याउनुपर्छ । महिला र पुरुषले पारिवारिक वा सामुदायिक दुवै क्षेत्रका तनाव, समस्या र अवसरहरूलाई समान रूपले वितरण गर्नुपर्दछ । महिला र पुरुषको समन्वय, सह-अस्तित्व र साझेदारीमा लैङ्गिक समतामूलक समाजको निर्माण गर्नुपर्ने कुरालाई जोड दिन्छ । समग्रमा महिलाका उत्पादन, पुर्नउत्पादन, सामाजिक, सांस्कृतिक, राजनीतिक जस्ता पक्षमा सहभागिता गराउँदै महिलालाई पारिवारिक क्षेत्रबाट माथि उठाएर, सामाजिक क्षेत्रमा सरिक, कानूनी सुधार, वंशगत मान्यता, प्रभावकारी महिला सङ्गठनको गठन गर्नमा र दिगो, समतामूलक, सहभागितामूलक विकासलाई यस उपागमले जोड दिएको छ । यो अवधारणाले महिला र पुरुषको घरायसी/बाह्य क्षेत्रको भूमिकालाई प्रष्ट्याउदै/मूल्याङ्कन गर्दै महिला पुरुष दुवै छन् । दुवैलाई समानताको मार्गमा अगाडि बढाउनुपर्दछ भन्ने सैद्धान्तिक एवम्

व्यवहारिक मान्यताको विकास गर्न उल्लेखनीय योगदान पुऱ्याएको छ । वर्तमान समयमा यो चर्चित र लोकप्रिय अवधारणाको रूपमा रहेको छ (श्रेष्ठ, २०५६) ।

## महिला अधिकारको ऐतिहासिक पृष्ठभूमि र अन्तर्राष्ट्रिय प्रयास

मानव अधिकारको अवधारणाभित्र महिला हक अधिकारको विषय पनि समाहित भएकाले मानव अधिकारको अवधारणाको विकास सँगसँगै महिला हक, अधिकारको पनि विकास भएको मान्न सकिने भएतापनि महिला अधिकारको विषयमा संस्थागत प्रयास २० औं शताब्दीको प्रारम्भसम्म हुन सकेको पाइँदैन । २० औं शताब्दीमा आएर मात्र पुरुषसरह महिलाले पनि आर्थिक, सामाजिक, शैक्षिक लगायतका राष्ट्रिय जीवनका समग्र क्षेत्रमा सहभागी हुने समान अवसर प्राप्त गर्न पाउनुपर्छ भनी औपचारिक रूपमा महिला अधिकारको सम्बन्धमा प्रयासको प्रारम्भ भएको मान्न सकिन्छ । सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घ स्थापना हुँदा तयार भएको वडापत्रमा अन्तर्राष्ट्रिय समुदायबाट महिला र पुरुषबीच समानता एवम् मानव अधिकारप्रति सम्मान कायम हुनुपर्दछ भन्ने उल्लेख छ । यसलाई सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणपत्रले अझ सशक्त तुल्यायो । महिला वर्गको सामाजिक, आर्थिक एवम् राजनीतिक स्थितिमा सुधार गर्ने उद्देश्यले सन् १९४६ मा संयुक्त राष्ट्रसंघले महिलाको स्थितिसम्बन्धी आयोगको गठन गऱ्यो । शताब्दीयौंदेखि विद्यमान महिला र पुरुष कामदार बीचको असमान ज्यालासम्बन्धी प्रथा हटाउने उद्देश्यले सन्  १९५१ मा समान ज्याला सम्बन्धि महासन्धी १९५१ अन्तर्राष्ट्रिय श्रम सङ्गठनद्वारा पारित भयो । त्यस्तै सन् १९५२ मा महिलाले मत दिन पाउने राजनैतिक अधिकार सम्बन्धी महासन्धि १९५७ पनि जारी गरियो । सन् १९६० मा महिलामाथि हुने गरेको रोजगारी र पेशागत भेदभावलाई उन्मुलन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनद्वारा पेशा र रोजगारीको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि पारित गरियो । यसको दुई वर्षपछि सन् १९६२ मा विवाह, विवाहका लागि न्यूनतम उमेर तथा विवाह दर्ता सम्बन्धी महासन्धि पारित भयो (इन्सेक, २०६१) ।

महिलामाथि हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने सम्बन्धमा सन् १९६७ मा अन्तर्राष्ट्रिय सहमति कायम भयो । महिलाको उत्थान र विकास सम्बन्धमा जोड दिँदै सन् १९७५ मा यू.ए.एन.ओ.ले सन् १९७५ लाई अन्तर्राष्ट्रिय महिला वर्षको रूपमा मनाउने घोषणा गऱ्यो । यसैको परिणाम स्वरूप सन् १९७५ मा पहिलोपल्ट मेक्सिकोमा अन्तर्राष्ट्रिय महिला

सम्मेलनको आयोजना गरी त्यसै सम्मेलनले समानता, विकास र शान्तिलाई मूल नाराको रूपमा पारित गर्दै सन् १९७५ देखि १९८५ को दशकलाई अन्तर्राष्ट्रिय महिला दशक मनाउने निर्णय समेत गऱ्यो ।

संयुक्त राष्ट्र सङ्घको महासभाद्वारा महिला विरूद्धका सबै भेदभाव निर्मूल गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहमति भएको १२ वर्षपछाडि सन् १९७९ मा महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव  उन्मुलन गर्ने सम्बन्धी महासन्धि पारित भयो । प्रथम पटक अन्तर्राष्ट्रिय महिला दशक मनाउने निर्णय गरिएको सन् १९७६-१९८५ को मध्यावधि समीक्षा गर्ने उद्देश्यले सन् १९८० मा डेनमार्कको कोपेनहेगनमा दोस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलन आयोजना गरियो । महिलाका लागि शिक्षा, स्वास्थ्य र रोजगारी भन्ने नारासहित विकासमा महिलाको सहभागिताको निम्ति अधिकार, उत्तरदायित्व र अवसरको समानता प्रदान गर्ने र सो अवसरबाट प्राप्त लाभ पनि महिलाले नै पाउनुपर्ने कुरालाई जोड दिइएको थियो । साथै कानूनी समानताको कुरालाई पनि उठाइएको थियो र यसैगरी प्रत्येक तहमा हुने दमन शोषण र विभेदका कारक तत्त्व खोज्ने प्रयत्न सो सम्मेलनले गऱ्यो (चौलागाई, २०६०) ।

सन् १९८५ मा नैरोवीमा तेस्रो विश्व महिला सम्मेलनको आयोजना गरियो जसमा महिला समानता, विकास र शान्ति जस्ता महिला दशकका लागि तोकिएका उद्देश्यहरू उपर पुनरावलोकन तथा मूल्याङ्कन गरिएको थियो । यस सम्मेलनमा १५७ देशले भाग लिएका थिए भने यस सम्मेलनले महिला विकासका लागि अपनाएका रणनीतिहरू निम्न थिए । समानता, विकास, शान्ति, विशेष सरोकारका विषयहरू, अन्तर्राष्ट्रिय क्षेत्रीय सहयोग । यसैगरी नैरोवी सम्मेलनले पारित गरेका निर्णयहरूमा महिलाहरूलाई रोजगारीको अवसरमा सम्बर्द्धन महिलालाहरूई पुरुषसरह शिक्षा, कानूनी भेदभाव हटाउने र महिलाहरूको स्वास्थ्यको अवस्थामा सुधार गर्ने रहेको थियो ।

विकासका निमित्त सामाजिक, राजनीतिक, आर्थिक लगायतका सम्पूर्ण क्षेत्रमा महिलालाई सक्रिय सहभागी गराउँदै महिला सशक्तीकरणको अभियान प्रारम्भ गर्नुपर्ने कुरामा जोड दिँदै सन् १९९४ मा इजिप्टको कायरोमा जनसङ्ख्या र विकास कामसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना भयो । महिला अधिकारसम्बन्धी पछिल्लो महत्त्वपूर्ण अभियानको रूपमा सन् १९९५ मा वेइजिङमा चौथो विश्व महिला सम्मेलनको आयोजना भयो । यो विश्व सम्मेलनमा पहिलेको तीन विश्व सम्मेलन लगायत अन्य राष्ट्रसंघीय घोषणापत्र र

महासन्धिहरूलाई पुनरावलोकन गरियो भने यस सम्मेलनले मुख्य गरेर वेइजिङ् घोषणपत्र, बेइजिङ् कार्यमञ्च, नाजुक सरोकारका क्षेत्रहरू र रणनीतिक लक्ष्य/कार्यहरू जस्ता दस्तावेजहरू तयार पारेको थियो (अर्याल, २०६२) ।

**महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि**

सम्पूर्ण मानव मात्रको मानवअधिकार स्थापनाको लागि महत्त्वपूर्ण कार्य भैसकेको भएतापनि विद्यमान मानव अधिकार सम्बन्धी दस्तावेजहरू विशेष रूपमा समीक्षात्मक रूपबाट महिलाको मात्रै समस्या पहिचान र परिलक्षित गर्न पर्याप्त नभएको तथ्यलाई हृदयङ्गम गर्दै महिलाका सरोकारका विषयलाई केन्द्रीकृत गरेर एउटा छुट्टै विशेष महासन्धिको आवश्यक महसुस भई प्रस्तुत महासन्धि यू.एन.ओ.को ऐतिहासिक महिला दशकको मध्यतिर सन् १९७९ मा पारित भएको थियो । महिलाको राजनीतिक, नागरिक, सामाजिक तथा आर्थिक अधिकार समेटेर अस्तित्वमा आएको प्रस्तुत 'महासन्धि' लैङ्गिक समता र समानताका लागि महत्त्वपूर्ण कोशेढुङ्गा साबित भएको छ (इन्सेक, २०६१) ।

महासन्धिले महिलाको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य कुनै क्षेत्रको मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जेजस्तो रहेको भए तापनि पुरुष र महिलाको समानताको आधारमा उपभोग वा प्रयोग गर्नमा लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा प्रतिवन्धलाई "महिला विरूद्धको भेदभाव" भनी परिभाषित गरेको छ (इन्सेक, २०६१:२६) ।

लैङ्गिक भूमिका र पारिवारिक सम्बन्धलाई निर्माण गर्ने संस्कृति र परम्पराको महत्त्वलाई प्रकाश पार्न प्रस्तुत महासन्धि एउटै मात्र त्यस्तो मानव अधिकारसम्बन्धी महासन्धि हो जसले महिलाको अधिकारलाई सार्वजनिक र निजी क्षेत्रमा स्वीकार गर्नुका साथै नागरिकता, सम्पत्ति तथा प्रजनन अधिकारलाई समेत निश्चितता प्रदान गरेको छ । समाजमा रहेका विभेदपूर्ण संरचनात्मक अवरोध हटाउनुपर्छ भनी औंल्याएको छ । सी.ई.डी. ए.डब्लु मा जम्मा छ भाग र तीस धाराहरू रहेका छन् जसअन्तर्गत धारा तीनमा पुरुषले जस्तै महिलाहरू पनि मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूको उपयोग गर्न पाउन सक्ने उद्देश्यका लागि महिलाको पूर्ण विकास र प्रगतिका लागि राष्ट्रहरूले सक्रिय रूपमा लाग्नुपर्ने आवश्यकतामा जोड दिन्छ भनी उल्लेख गरिएको छ । त्यस्तैगरी धारा ५ मा

महिलाको रूढीवादी र परम्परागत भूमिका वा लिङ्गका आधारमा उत्कृष्टता वा निकृष्टता प्रवर्द्धनमा जोड दिने सामाजिक, सांस्कृतिक पद्धतिलाई राष्ट्रहरूले सम्बनेधन गरी परिवर्तन गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ । धारा १४ ले सबै राष्ट्रहरूलाई विशेष गी दुर्गम क्षेत्रमा महिलाहरूको सेवा, तालिम, रोजगारीका अवसरहरू र सामाजिक समानताका योजनाहरूमा पहुँच सम्बन्धी आवश्यकता पूरा गर्न लगाउँछन् । धारा १६ मा पारिवारिक सम्बन्धहरू अन्तर्गत राष्ट्रहरूले महिला र पुरुषलाई पतिपत्नी रोज्न वा विवाह गर्न समान अधिकार सुनिश्चितता प्रदान गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ (नेपालमा महिलाहरूको कानूनी स्थिति, २०५९) ।

## लैङ्गिक समानताप्रति नेपालको प्रयास

लैङ्गिक समानता कायम गर्ने सम्बन्धमा नेपालमा राज्यको तर्फबाट भएका प्रयासहरू हेर्दा प्राचीन र मध्यकालमा शासन व्यवस्था शास्त्र र परम्परामा आधारित पद्धतिबाट सञ्चालन भएको देखिन्छ कुनै पनि संहिताबद्ध कानूनको तर्जुमा भएको पाइँदैन । पहिलो औपचारिक संहिताबद्ध कानूनको रूपमा वि.सं. १९१० को मुलुकी ऐनलाई लिन सकिन्छ । राणाकालको अन्त्यतिर पहिलो संवैधानिक लिखतको रूपमा जारी भएको नेपाल सरकार वैधानिक कानून, २००४ ले प्रथम पटक सीमित मात्रामा भए तापनि आधारभूत मौलिक हक प्रदान गर्‍यो । त्यसपछि जारी भएका वैयक्तिक स्वतन्त्रतासम्बन्धी ऐन २००६, अन्तरिम शासन संविधान २००६, वन्दी प्रत्यक्षीकरण सम्बन्धी ऐन, २००८ र नागरिक अधिकार ऐन, २०१२ जस्ता केही महत्त्वपूर्ण कानूनद्वारा नागरिक अधिकारलाई संस्थागत गर्न महत्त्तवपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान, २०१९ र नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा लिङ्गको आधारमा भेदभाव नगरिने प्रत्याभूति र वालिक मताधिकारको व्यवस्था गरी महिला अधिकारलाई संवैधानिक र कानूनी संरक्षण दिने महत्त्वपूर्ण प्रयास भएको पाइन्छ (नेपाल अधिराज्यको संविधान, २०४७) ।

वि.सं. २०२० सालमा जारी भएको मुलुकी ऐनले बालविवाह, बहुविवाह र अनमेल विवाह जस्ता प्रथालाई रोक लगायो । पुराना कुरीति, कुप्रथा, अन्धविश्वास र परापूर्वकालदेखि चलि आएका कानूनी प्रावधानको उन्मुलन गर्‍यो । वि.सं.२०५९ मा भएको एघारौं संशोधनले पैतृक सम्पत्तिको समान अधिकारको व्यवस्था गरेको छ । त्यसैगरी महिलाको अधिकारलाई सुनिश्चित गर्न विकसको मूल प्रभाहमा समावेश गरी समानतामूलक समाजको निर्माण

गर्नका लागि छैटौं योजनादेखि नै राष्ट्रिय विकासको अभियानमा महिलाको भूमिकालाई अपरिहार्य ठानी उनीहरूका लागि रोजगारीको सृजना, क्षमता, विकास, आय आर्जन जस्ता कार्यक्रम समावेश गरी कार्यान्वयनसमेत भए । सातौं योजनामा ग्रामीण महिलाहरूका लागि उत्पादन कर्जा र साना किसान विकास परियोजना जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुका साथै स्थानीय विकास मन्त्रालयअन्तर्गत महिला विकास शाखा स्थापना गरी दीर्घकालीन महिला विकास कार्ययोजना तयार गरी लागु गरियो ।

वि.सं. २०४६ सालको जनआन्दोलनपश्चात् प्रजातन्त्र पुनर्स्थापनापछिका दशकमा सरकारले आठौं योजना अवधिदेखि नै लैङ्गिक मूल प्रवहीकरणको नीतिलाई अवलम्वन गरी महिलासम्बन्धी विषय हेर्ने छुट्टै मन्त्रालय, महिला विकास निर्माण, महिला विकास महाशाखा जस्ता संरचनात्मक सुधारका प्रयासहरू भए । नवौं योजनाले राजनीति, आर्थिक र सामाजिक क्षेत्रमा महिलाको पहुँच बढाउन कानून सुधारका प्रयासहरू गर्ने नीति अवलम्वन गरे अनुरूप महिला सशक्तीकरणमा बाधक बन्ने कानूनी व्यवस्थालाई सुधार र संशोधन गर्ने प्रतिबद्धता व्यक्त भएको पाइन्छ । दशौं योजनामा समेत नेपाल सरकारले महिला सशक्तीकरण र लैङ्गिक मूल प्रभाहीकरणको नीतिलाई विभिन्न कार्यक्रमहरूमार्फत् लागु गराई लैङ्गिक समानता कायम गर्ने उद्देश्य राखेको छ । साथै वर्तमान राष्ट्रिय महिला आयोगको गठनलाई पनि नेपाल सरकारले महिला सशक्तीकरणको पक्षमा चालेको ठोस कदमको रूपमा लिन सकिन्छ (रा.यो.आ., २०५९) ।

नेपालले सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्षको रूपमा मनाउने र १९७६-८५ को दशकलाई महिला दशकको रूपमा मनाउने संयुक्त राष्ट्रसङ्घको आह्वानलाई स्वीकार गर्‍यो । नेपालले सन् १९९५ को वेइजिङ कार्यमञ्चलाई पनि मान्यता प्रदान गरी सोको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न "लैङ्गिक समानता तथा महिला सशक्तीकरण" राष्ट्रिय कार्ययोजना लागु गरेको छ । वर्तमान महिला, वालशिक्षा तथा समाजकल्याण मन्त्रालयको स्थापना लैङ्गिक समता तथा समानताप्रति सरकारको ठोस प्रतिवद्धताको एउटा सशक्त उदाहरण हो ।

वि.सं.२०६२/०६३ को वृहत् जनसहभागितामा भएको आन्दोलनबाट नेपालको राजनीतिमा युगान्तकारी परिवर्तन भएको छ । देशको शासन व्यवस्थामा राजतन्त्रको आधिपत्य अन्त्य भई गणतन्त्रको स्थापना भएको छ र देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक

समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्नको लागि संविधान सभाबाट नयाँ संविधान नबनेसम्मका लागि राजनैतिक सहमतिबाट नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको छ । जसमा विभिन्न धाराहरूमा महिलासम्बन्धी कानून बनाइएको छ । जस्तै धारा १३ मा 'समानताको हक' अन्तर्गत सबै नागरिक कानूनको दृष्टिमा समान हुन्छन् । कसैलाई पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्थाका आधारमा भेदभाव गरिने छैन । राज्यले लिङ्गका आधारमा भेदभाव गर्नेछैन । समान कामका लागि महिला र पुरुषबीचका पारिश्रमिक तथा सामजिक सुधारमा भेदभाव गरिनेछैन भनिएको छ । धारा २० मा 'महिला हक' अन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिनेछैन । प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक हुनेछ । कुनैपनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिनेछैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ र पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ भनिएको छ । धारा २१ मा 'सामाजिक न्यायको हक' मा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक रहेको छ भने धारा २९ मा 'शोषण विरूद्धको हक' मा प्रत्येक व्यक्तिलाई शोषणविरूद्धको हक हुनेछ । प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइनेछैन भनिएको छ (नेपालको अन्तरिम संविधान, २०६३) ।

नेपाली समाजको रूपान्तरण प्रक्रियामा ध्यान दिनुपर्ने पक्षहरूमध्ये लैङ्गिक विभेद एक प्रमुख पक्ष हो । हुन त ये पक्षमा केही दशकअघिदेखि नै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाट सरकारी एवम् गैरसरकारी निकाय तथा वैदेशिक सङ्घसंस्थाहरूमार्फत् केही प्रयास नभएका पनि होइनन् । महिला जागृति अभियान, महिलाहरूको हकहितविरूद्धका नीति नियम तथा कानूनहरूको खारेजी, महिला अधिकार र महिलासम्बन्धी विकासका लागि तर्जुमा भएका नियम, कानून तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धता, शिक्षा, स्वास्थ्य, स्थानीय तहको विकास निर्माण कार्य र रोजगारीमा महिलाको सुनिश्चितता, घरेलु हिंसा विरूद्धको आवाज, राज्य सञ्चालनको संयन्त्रमा महिलाको समावेशी, आमाको नामबाट पनि नागरिकताको सुनिश्चितता, सम्पत्तिसम्बन्धी अधिकारको सुनिश्चितता आदि यसका केही उदाहरण हुन् । निश्चय पनि यस किसिमका प्रतिबद्धतालाई लैङ्गिक समानता र विकासका उपलब्धि मान्न सकिन्छ ।

विगतका प्रयासहरूका बाबजुत पनि पितृसत्तात्मक सामाजिक संस्कार एवम् अन्धविश्वास समेत आधारित सामाजिक प्रचलन र यस्तै पृष्ठभूमिबाट परिपोषित देशको आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक आदि पक्षसँग सम्बन्धित विविध समस्याका कारण आजसम्म पनि लैङ्गिक समस्या मुलुकको एक गम्भीर समस्याका रूपमा खडा छ । संसारले एक्काइसौं शताब्दीमा कोल्टे फेरिसक्दा पनि हाम्रो देशमा दाइजो प्रथा जस्ता सामाजिक कुरीतिलगायत घरगृहस्थीदेखि राज्य सञ्चालनका तहसम्म लैङ्गिक विभेद र समावेशीका मुद्धाहरू सशक्त रूपमा अघि बढिरहेका छन् । यसबाट हाम्रो समाजको लैङ्गिक समस्या एवम् यससँग सम्बन्धित उत्पीडनहरू टड्कारो रूपमा प्रतिबिम्बित भएको अनुभव हुन्छ । यस अर्थमा विद्यमान सबै किसिमका लैङ्गिक विभेदहरूको अन्त्य गरी देशको आधा आकाश ओगट्ने महिलाहरूको हक अधिकारको सुनिश्चित गर्दै विकास निर्माण र कल्याणकारी कार्यहरूमा उनीहरूको समावेशीबाट मात्र नयाँ नेपालको कल्पना सार्थक हुनसक्छ भन्ने आम मान्यता स्थापित भैसकेको छ । यी सबै प्रयास र प्रतिबद्धताका बाबजुद पनि छोरा र छोरीमा गरिने फरक सामाजिककीकरण र भेदभावले लैङ्गिक असमानतामा विद्यमान रहेको छ । समाजमा पितृसत्ता विभिन्न प्रथा, परम्परा र अन्धविश्वासले जरा गाडेको छ । हिन्दू, ब्राह्मण, जातिगत समाजमा पितृसत्ता विभिन्न प्रथा, परम्परा र अन्धविश्वासले जरा गाडेको छ । हिन्दू, ब्रह्माण, जतिगत समाज, दाइजो प्रथाबाट अछुतो रहन सकेको छैन । त्यसैले दाइजो प्रथा र यसको संवेदनशीलतालाई बुझी उचित अध्ययन अनुसन्धान गर्ने सोच बनाइएको छ, जसका कारण आधार स्तम्भका रूपमा सैद्धान्तिक समीक्षा र साहित्यिक पुनरावलोकनलाई लिइएको छ ।

## २.३ पूर्व साहित्यको समीक्षा

दक्षिण एसियाका विभिन्न मुलुकहरूका महिलाहरूको अवस्थालाई चित्रण गर्दै नेपाली समाजमा सामाजिक विभेद र असमानताहरू विद्यमान रहने विश्लेषण गरिएको छ । विगतदेखि नै नेपाली महिलाहरूको स्वतन्त्रतालाई सामाजिक, आर्थिक, धार्मिक, कानूनी र राजनीतिक तत्त्वहरूले प्रभाव पार्दै आइरहेको पाइएको छ । सती प्रथा, वाल विवाह, अनमेल विवाह, बहुविवाह, बोक्सी, विधवा, वेचविखत, दाइजो प्रथा आदि सामाजिक तत्त्वहरूले नेपाली समाजका महिलाको हैसियत कमजोर बनाएको पाइएको छ (थापा, १९८५) ।

परम्परादेखि नै महिलाले अनिवार्य विवाह गर्नु पर्ने नियमित रही आएको छ । आज पनि अधिकांश महिलाहरू यात विवाहित छन् या कुनै बेला थिए पुनः विवाहको योजना बनाइरहेका छन् भन्ने सामाजिक रूपमा विवाह नै त्यस्तो संस्था हो जसले महिलालाई वस्तुको रूपमा दान गरिन्थ्यो । सभ्यताको विकास सँगै विवाह संस्थाले अनुवन्धको आकार ग्रहण गर्‍यो आज पनि दाइजो र उत्तराधिकारीले महिलालाई परिवारमा दासीको रूपमा राखेको पाइन्छ । विवाहमा केटीका वावुआमाद्वारा केही दान दिइन्छ । जब कि केटाले पत्नीलाई ग्रहण गरोस् । पुरुषको तुलनामा स्त्रीमाथि विवाह बन्धन जबरजस्ती लादिन्छ । विवाहको अलवा स्त्रीको सामु अन्य कुनै मार्ग देखाँइदैन र विवाहको निर्धारित उद्‌देश्य नै महिलालाई बन्धनमा राख्नु हो । महिलाले विवाह र यसबाट हुन आउने उत्तरदायित्वबाट मुक्ति पाउन सक्दिन त्यसैले लेखिकाले विवाहलाई महिलाको शोषण बन्धनको स्रोतका रूपमा विश्लेषण गरेकी छन् । समाजको दृष्टि र घर गृहस्थीबाट महिला सधै नियन्त्रित भइरहने उल्लेख गरेकी छन् (वोउवार, २०६०:१८८) ।

नेपाल एउटा बहुजातीय, बहु धार्मिक देश भएकोले यहाँ विभिन्न प्रकारका सामाजिक र सांस्कृतिक चलन र परम्परा छन् जसले गर्दा सबै जातिमा महिलाप्रतिका दृष्टिकोण समान छैनन् । मङ्गोल जातिका राई, लिम्बू, गुरूङ्ग, मगर महिलाहरूको तुलनामा हिन्दू आर्य जातका व्राह्मण क्षेत्री महिलाहरू कम स्वतन्त्र छन् (यु. एन. एफ. फि. ए, १९८९) ।

आर्थिक परनिर्भरता तथा साधन र स्रोतमा पहुँच कम हुनाले वा हुदै नहुनाले नीति निर्माण तहमा पुग्न महिलालाई बाधा पुगेको छ । अशिक्षा, चेतनाको अभाव, रोजगारीमा अवसरहरूको न्यूनताले गर्दा पनि यस क्षेत्रमा महिलाको पहुँच कम देखिन्छ । पैतृक सम्पत्ति माथि महिलाको अधिकार नहुदा उनीहरूको आर्थिक स्थिति कमजोर र असुरक्षित छ । हाम्रो समाजमा महिलाले गर्ने घरायसी कामको आर्थिक मूल्याङ्कन गर्ने परिपाटी झन बन्न सकेको छैन (कोइराला, २०६२: ४) ।

लान वेनिट (सन १९८३), ले नेपाली समाजको अध्ययनका आधारमा तयार पारिएको कृतिमा हिन्दू पितृसत्तात्मक समाजमा नेपाली उच्च जातका महिलाहरूको सामाजिक र प्रतिकात्मक भूमिका पत्ता लगाउने उद्देश्यले गरिएको अध्ययनमा हिन्दू सांस्कृतिक प्रारूपले कसरी महिलाहरूको भूमिकालाई पुरुष सरह हुन दिएको छैन भन्ने तथ्य उल्लेख गरिएको छ । हर हमेसा पुरुषको नियन्त्रणमा रहनुपर्ने, प्रत्येक सामाजिक संस्कारमा पुरुषको अनिवार्य र

महत्त्वपूर्ण भूमिका रहने तथा महिलालाई विभिन्न तहमा अशुद्ध तथा जुठो देखाउने हिन्दू प्रवृत्ति र मान्यताको प्रभाव रहिरहनु जस्ता अवस्थाले गर्दा महिलाको अवस्था माथि उठ्न सकेको छैन । यी सबै पितृसत्तात्मक सम्बन्धको आधारमा गरिएका हुन यसमा महिलालाई शोषण गरिएको देखाइएको छ ।

यसका साथै अर्को महत्त्वपूर्ण पक्ष भनेको स्वयं महिला भित्र पनि विवाहपूर्व र विवाहपछिको हैसियत साथै सामाजिक, सांस्कृतिक मूल्य मान्यता पनि देखाइएको छ । साथै महिलाले महिलाप्रति गर्ने नकारात्मक व्यवहारलाई देखाउन खोजिएको छ । यो महिला मुक्तिकै बाधक तत्त्व रहेको छ । एउटा महिलालाई विवाहपूर्व र विवाह पछि समाजले दिने फरक भूमिकालाई लैङ्गिक विभेदको कारक तत्त्व मानिन्छ ।

अतः हिन्दू धर्ममा विवाहित महिलालाई जे-जस्तो व्यवहारबाट प्रस्ट्याउन सकिन्छ जसमा सम्मान, इज्जत, भेदभाव असमानता जस्ता व्यवहारहरू समयका र त्यो बेलाको समाजमा भएका तत्त्वहरूले प्रभाव पारेका थिए । जसमा कानून थिएन । बच्चा जन्मेबाट नै हेर्ने दृष्टिकोण त्यो बेलाको र अहिले पनि छ ।

| उमेर | महिला/छोरी | पुरुष/छोरा |
|---|---|---|
| जन्म ६ दिन | लक्ष्मीको जन्म, कम खुसी | कुलको दियो, खुसीको छैटी, बढी खुसी |
| ९ दिन/ ११ दिन | न्वारन, खुसीयाली कम | न्वारन, खुसीयाली, भोज भतेर |
| ६ महिना | कम हेरचाह, विरामी | राम्रो हेरचाह, माया |
| ६ वर्ष | घरको काम, स्कुल अनियमितता, भाइबहिनी हेर्ने | राम्रो हेरचाह, माया, घुमफिर, स्कुल, खेलकुद |
| १६ वर्ष | विवाह, बच्चा, डर, घरको कामको जिम्मेवारी, जात पहिचान पवरिवर्तन | शिक्षा नियमित, विवाह, मालिक उत्तराधिकारी |
| ३६ वर्ष | आमा, पत्नी, वाभ्की, घरायसी असहाय, लाचार, विधवा, सासु, पर निर्भर | बावु, पति, नोकरी, जिम्मेवारी, ससुरा, घरको मालिक, वंशको मुखिया, विदुर |

स्रोतः जेण्डर र दिगो विकासमा स्पष्ट अवधारणा, तालिम निर्देशिका स्त्री शक्ती काठमाण्डौं ।

साथै,

- महिलाहरू पापका पोका हुन् ।
- महिलाहरू झगडालु र निच हुन ।
- ढोल (ढोलक), गाउँले, शुद्र, पशु र नारी यी पाँच पिटाई खान योग्य छन ।
- लोग्नेको खुट्टा नै स्वर्ग हो ।
- अभागीको गाई मर्दछ भाग्यमानीको स्वास्नी मर्दछे ।
- स्वास्नी मानिसको भर हुँदैन (भासिन, १९९३) ।

गरिबीको कारण अनि राजनैतिक उथल पुथलको कारणबाट आज २१ औं शताब्दीमा आइपुग्दा पनि तेस्रो विश्वका देशहरू लगायत हाम्रो देश नेपालमा पनि महिलालाई दोस्रो दर्जाको ठान्ने प्रवृत्ति कायमै छ । जसले गर्दा अवसरहरूमा उनीहरूको पहुँच तथा नियन्त्रण कम रहेको छ । अवसरहरूको साथसाथै आय आर्जनको क्षेत्रमा पनि उनीहरू सक्रिय रूपले लाग्न सकेका छैनन् । दैनिक कार्यमा पुरुषभन्दा महिला बढी समयमा रहन्छन् तर त्यो अनुत्पादनमुलक कार्यमा गनिन्छ । महिलाहरूको कृषिमा ५५ देखि ८२ प्रतिशतसम्म उनी को समय जान्छ (लोहनी र के.सी. २००१) । अझै भन्नुपर्दा दक्षिण एसियाली देशहरूमा नेपाल ९० प्रतिशत कृषिमा नै संलग्न भएको (मानव विकासमा दक्षिण एसिया, २००२) जनाउँछ ।

अर्थमा पेशा, आम्दानी, खर्च, आर्थिक निर्णय रहन्छ । नेपाल कृषिमा आधारित देश नै हो यहाँ ९८.१ प्रतिशत ग्रामीण क्षेत्रमा कृषि कार्यमा संलग्न छन । ८५ प्रतिशत महिला कृषिमा नै रहेका छन भने १०.८५ प्रतिशत आफ्नो अस्तित्व रहेका महिलामा गनिन्छन् ।

नेपाली महिलाहरू ५० प्रतिशत परिवारका लागि देन दिन्छन् (आचार्य एण्ड वेनिट, १९८१) उनीहरू त्यो अनुत्पादनमूलक कार्यमा गनिन्छ ।

नेपाली महिलाले १७७ दिन काम गर्दछन् पुरुषले १५९ तर ज्यालामा पुरुषको ७७ र महिलाको ५८ जति पर्दछ । (आचार्य, २०००) ।

अन्तर्राष्ट्रिय महिला सम्मेलन (बेइजिङ, १९९५) ले महिलाहरू धेरै धेरै गन्य नहुने काम गरिरहेका छन् जसमा कृषिको कुनै महत्त्व नै गरिएको छैन । त्यसपछि सवैभन्दा ठूलो घरायसी बच्चा हुर्काउने लगायतका अन्य श्रमलाई गणना गरिएको छैन ।

नेपाली महिलाहरू ग्रामीण क्षेत्रमा त ९४ प्रतिशत जति पूरा कृषिमा नै आफ्नो समय खर्चिने देखिन्छ र (आचार्य, २००३) साथै १९९० को जनगणनामा १३.१८ प्रतिशत घरहरू महिलाले नै चलाएको भेटियो ।

पितृसत्तात्मक स्वरूपमा भेदभाव, हिंसा, नियन्त्रण, शोषण, असमानता, दमन जस्ता तत्त्वहरू रहेका हुन्छन । पितृसत्तात्मक शाब्दिक अर्थ पुरुष सर्वोच्चता हो । यस व्यवस्थामा वावुको सर्वेसर्वा हुन्छ । परिवार सञ्चालनको शक्ति पुरुषमा निहित हुन्छ । महिलालाई एउटा निश्चित सीमाभित्र राखिएको हुन्छ । यस व्यवस्थामा महिलाहरू असमान अवस्थामा रहनुका साथै पुरुषको हिंसामा रहेका हुन्छन (भासिन, १९९३) ।

भारतीय समाजशास्त्री भासिनको भनाई अनुसार पितृसत्तामा महिला पुरुषबीच शक्ति सम्बन्ध हुन्छ । पितृसत्ताले निम्न लिखित पक्षका माध्यमबाट महिलालाई आफ्नो नियन्त्रणमा लिई शोषण गर्दछ ।

१. महिलाको उत्पादन
२. महिलाको प्रजनन
३. महिलाको यौनिकता
४. महिलाको गतिशीलता
५. सम्पत्ति र अन्य स्रोतहरू (अर्याल, २०५९, १२) ।

पितृसत्ता पुरुष दमन र नियन्त्रण मात्र होइन, यो सामाजिक प्रणाली पनि हो । यो यस्तो सामाजिक एवं वैचारिक प्रणाली हो, जहाँको सम्पूर्ण पक्षहरूमा पुरुषको प्रभुत्व र अधिनता हुन्छ । परिवार, धर्म, कानून, आर्थिक प्रणाली र यससँग सम्बन्धित निकाय, सञ्चार शैक्षिक संस्था र यसको प्रणाली पितृसत्तात्मक व्यवस्थाको आधार स्तम्भहरू हुन् । यिनले पितृसत्ताको मूल्य, मान्यता र परम्परालाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै लैजान मदत पुऱ्याउँछन् (भासिन, १९९३) ।

समाजमा महिलाको हैसियत कस्तो हुने भन्ने कुराको आधार जैविक होइन बरु यो सांस्कृतिक र सामाजिक हो, विश्वव्यापी रूपमा नै समाज र संस्कृतिले महिलालाई कमसल मानिएको रूपमा मूल्याङ्कन गरेको छ (पौडेल, २०५९) ।

हरेक समाजमा प्रकृतिलाई भन्दा सांस्कृतिलाई बढी महत्त्व दिइएको हुन्छ, संस्कृति नै त्यस्तो साधन हो, जसका माध्यमबाट मानिसले पद्धतिलाई नियन्त्रण र नियमित गर्न विश्वव्यापी रूपमा प्रकृतिलाईभन्दा संस्कृतिलाई उच्च मूल्याङ्कन गरिनु नै महिला अवमूल्यनको एउटा आधारभूत कारण हो । किनकि पुरुषको तुलनामा महिलाहरू नै प्रकृतिको नजिक हुन्छन् ( ऐ.ऐ.) ।

हिन्दू धर्ममा महिलालाई द्वैध रूपमा लिइन्छ । एकातिर महिलालाई सम्मान गरिन्छ भने अर्कोतिर हेयको रूपमा हेरिएको छ । मनुका अनुसार श्रीमतीको नियन्त्रण गर्ने अधिकार पुरुषमा हुन्छ । दास, श्रीमती, छोरी सधैं परनिर्भर हुन्छन् । महिला पुरुषको अधिनमा बस्नुपर्दछ, महिलाको यौनिकता निकै खतरा हुने हुँदा उनलाई पुरुषको नियन्त्रणमा राख्नुपर्दछ (आचार्य, २०६०) । धर्तीमा जन्मेपछि महिलाले बाँच्न पर्ने पीडामय जीवन त छँदैछ, धर्ती मै आउन नदिनका लागि महिलालाई निषेध गर्ने परम्परा छ (भासिन, १९९३) ।

एउटी नारीलाई आमाको रूपमा मात्र सम्मान दिइएको छ नारीको रूपमा होइन । हिन्दू धर्मका अनुसार प्रत्येक व्यक्तिका तीन ऋण हुन्छन् । ऋषि, देव ऋण, पितृ ऋण, यसमध्ये पितृऋणबाट मुक्त हुनको लागि पुत्र प्राप्त गर्नु अनिवार्य मानिन्छ । बौद्ध धर्म लैङ्गिक दृष्टिले खुल्ला र उदार रहेको छ, यस धर्ममा लिङ्गको आधारमा महिलाको स्थिति हेरिँदैन । महिलाहरूको आर्थिक क्रियाकलापमा उच्च स्थान हुन्छ । हिन्दू धर्ममा जस्तो सामाजिक, सांस्कृतिक, आर्थिक क्रियाकलापमा उच्च स्थान हुन्छ । हिन्दू धर्ममा जस्तो सामाजिक, सांस्कृतिक वन्देज बौद्ध धर्मको महिलाहरूलाई हुँदैन ।


इस्लाम धर्ममा महिलाहरूको स्थिति निम्न छ । महिलाहरूको विभिन्न पक्षलाई यस धर्ममा नियन्त्रण गर्ने गरिन्छ । मानिस भएर मानिससँग मुख खोलेर प्रत्यक्ष रूपमा कुरा गर्न पाउने अधिकार मुस्लिम महिलाहरूलाई हुँदैन (अर्याल, २०५९) ।

क्रिश्चियन धर्ममा पनि पितृसत्तात्मक संरचनालाई जोड दिइएको छ । महिलाको सृजना पुरुषको निम्ति गरिएको हो, एवं पुरुषहरूलाई शीरको संज्ञा दिने जस्तो कार्य क्रिश्चियन धर्ममा हुन्छ । क्रिश्चियनहरूले वाइवललाई मुक्तिको इतिहास, पवित्र ग्रन्थ र ईश्वरको शब्दको रूपमा लिन्छन तर यस धर्ममा पनि महिला दमन र शोषणका घटनाहरू प्रशस्त पाइन्छन (ऐ. ऐ) ।

व्राह्मण क्षेत्री परिवारका बुहारीहरूमा अरू जनजातिमा जस्तो स्वतन्त्रता रहेको छैन । परिवार एवं समाज र समुदायको नियन्त्रणमा रहनुपर्ने थुप्रै संस्कारहरू यस जातिमा चलिआएको छ । धर्म एवम् संस्कृति र परम्पराको आडमा व्राह्मण, क्षेत्री जातिका बुहारीहरूलाई जनजातिमा भन्दा बढी नै सामाजिक बन्धनमा बाँधिएको पाइन्छ । शिक्षा सञ्चारको माध्यमबाट केही हदसम्म नियन्त्रणमा केही आइरहेको भएपनि छोरी बुहारीलाई स्थान कमै मात्रामा दिइरहेका छन् ।

## २.४ अवधारणागत खाका

जनसङ्ख्याको सवालमा आधा आकाश ओगटेका महिलाहरूको अवस्था पुरुषको तुलनामा ज्यादै न्यून रहेको छ । यसको पुष्टि विभिन्न तथ्याङ्कहरूबाट हुन्छ । अधिकांश नेपाली जनता गरिबीको रेखामुनि जीवन व्यतित गरिहेका छन् त्यसैले महिलाहरू पनि त्यस सवालबाट पृथक छैनन् । महिलाहरूको आर्थिक अवस्था, सामाजिक अवस्था, कानूनी अवस्था, राजनीतिक अवस्था तथा समग्र जीवनशैली न्यून स्तरको हुनुमा अशिक्षा, सिपहीनता तथा सम्पत्ति सम्बन्धी अधिकार र निर्णय लिने अवसरबाट परापूर्व कालदेखि नै वञ्चित गरिदै आएको परिणाम हो । वर्तमानमा पनि पुरुष र महिलामा धेरै फरक पाइन्छ । सामाजिक एवम् आर्थिक सुचकहरूले महिलाको वास्तविक अवस्थालाई दर्शाउने काम गर्दछन् । सामाजिक सूचकहरूमा संस्कृत, परमपरा, धर्म, मान्यता, मूल्य, रीतिरिवाज, चाडपर्व, व्यवहार, आदर, शिक्षा, स्वास्थ्य, जातजातिहरू पर्दछन् । अन्य आर्थिक सुचकमा जग्गा, जमिन, पशु, पेशा, व्यवसाय, बैंङ्क व्यालेन्स, पेवा, दाइजो, कृषि, आश्रम वा बासस्थान, शेयर, ढिकुटी, सहकारी आदि पर्दछन् त्यसैले प्रस्तुत अध्ययनको अवधारणागत रूपरेखा यस्तो रहेको छ ।




चित्र नं. २.१ अवधारणागत खाका

माथिको अवधारणागत खाका अनुसार समाजमा महिलाहरू जुन विवाहित छन् तिनीहरूको सामाजिक समस्या, अशिक्षा, चेतनाको कमी, विकास निर्माणका कुनै पनि कार्यमा निष्कृयता, अन्धविश्वास र रूढिवादी परम्परा, धर्म, संस्कृति, परम्पराले महिलाको सामाजिक आर्थिक

अवस्थामा कस्तो प्रभाव पार्दछन् यिनीहरूले एकले अर्कोसँग घनिष्ट सम्बन्ध रहेको हुन्छ । त्यसबाट मानिसको जीवन चलिरहेको हुन्छ । यिनैको आधारमा यस अध्ययनमा महिलाहरूलाई समाजबाट कसरी हेरिन्छ त्यो देखाउन खोजिएको छ ।

नेपाली महिलाको सन्दर्भमा अन्तरिम तीनवर्षीय योजना (ऐ) मा जनाइए अनुसार घरभित्रमा गैर आर्थिक क्रियाकलापमा श्रम सहभागिता प्रति हप्तामा हेर्दा पुरुष ९.७ र महिला २५.१ घण्टा रहेको छ । यसले पनि देखिन्छ महिला घरभित्र सीमित ज्यालामा काम गरेका छन् । जबकि घर बाहिरको आर्थिक क्रियाकलापमा भने सहभागिता प्रति हप्ता पुरुष ४२.६ र महिलाको ३६.३ घण्टा श्रम योगदान रहेको छ । ग्रामीण क्षेत्रमा त कृषिमा ९४ प्रतिशत महिला संलग्न हुन्छन् (आचार्य, २००३) ।

## २.४.१ सामाजिक निर्णयमा महिला सहभागिता

नेपाल पितृसत्तामा आधारित देश हो । त्यसलाई महिलाको निर्णय गराइमा पुरुषकोभन्दा कम हुन्छ । एकातिर शैक्षिक स्तरमा कमी सहभागिता छ भने अर्कोतिर महिलाहरू प्रत्यक्ष आम्दानी हुने कार्यमा सरिक हुन पाउँदैनन् । महिलाहरूले न त श्रीमान्लाई निर्णय दिन्छन न त समाजलाई नै र (महिलाको स्तर Vol. 4, Part II CEDA Kath) कृषि क्षेत्रमा नै महिलाको सहभागिता भएको मानिन्छ ।

## २.४.२ महिलाको सांस्कृतिक स्तर

नेपाली हिन्दू धर्ममा आधारित रहेको हुनाले यहाँको रीतिरिवाज, परम्परामा अलि बढी महिलाहरू सित नै सम्बन्धित रहेको छ । किनकि प्राचीन कालदेखि नै नेपाली समाज धर्म, संस्कृति, परम्परा, रीतिरिवाजसँग जोडिएको छ । महिलालाई विभिन्न संस्कारको नाउँमा केही अनुशासितको नाउँमा तल त अवश्य राखिन्छ । “यत्र पुज्यते नारी रमन्ते तत्र देवता” भन्ने भनाइबाट पनि प्रष्ट थाहा पाउन सकिन्छ भने अर्कोतिर नै “स्त्री स्वतन्त्र महेती” भन्ने मान्यता पनि राख्दछ । अतः धर्म संस्कृति कै आधारमा पनि महिलामाथि शोषण अनि उनीहरूको अधिकार खोसिदिएको छ ।

# अध्याय: तीन

## अनुसन्धान पद्धति

### ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धान पद्धतिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अनुसन्धानका लागि उपयुक्त विधि अपनाई आफ्नो उद्देश्यतर्फ उन्मुख हुनु अति आवश्यक हुन्छ । शोधको व्यवस्थित रूपले समाधान गर्न त्यसको विधिमा निर्भर गर्दछ । शोधको विश्वसनीयता र प्रभावकारिता के कति छ भन्ने थाहा पाउन त्यसको विधिमा नै भर पर्दछ । सबै खालको अनुसन्धानमा एउटै प्रकारको विधि अपनाइँदैन । घटना, अवस्था र परिस्थिति हेरेर विधिको छनोट गरिन्छ । त्यही विधि अवलम्वन गरी घटना तथा समस्याको गहिराइसम्म पुगेर त्यसको सत्य तथ्य पत्ता लगाउन सकिन्छ किनकि अनुसन्धानबाट समस्याको सही कारण पत्ता लागेमा त्यसका समाधानका सम्भाब्य विकल्पहरू खोजी गर्न सजिलो हुन्छ । यो अध्ययन अहिलेसम्म नभएको कारणले गर्दा अध्ययन गर्न उत्सुकता जागेकोले यो अध्ययन गर्न लागिएको हो ।

### ३.२ अनुसन्धानको ढाँचा

कुनै पनि प्रस्तावित अनुसन्धान कार्यमा अपनाउनुपर्ने सम्पूर्ण कार्यविधिको पूर्व तयारी स्वरूप तयार पारिएको वृहत् योजना अनुसन्धान ढाँचा हो । अनुसन्धान कसरी गर्ने त्यस विषयमा केही नयाँ कुराको खोज गर्ने खोज गर्ने वा केही तथ्यहरूको वर्णन मात्र गर्ने हो त्यस विषयलाई विश्लेषणात्मक तरिकाले अध्ययन गर्ने भन्ने बारेमा प्रस्तावनामा उल्लेख गर्नुपर्ने हुन्छ । जसअन्तर्गत छनौट गरेको शीर्षकको मुख्य उद्देश्य वुहारीहरूको सामाजिक अवस्था बारेमा एवम् उनीहरूलाई समाजले, परिवारले कस्तो रूपमा हेरेको छ भनेर वा त्यहाँबाट आउने सकारात्मक, नकारात्मक धारणाहरूको वारेमा पत्ता लगाउनु रहेको छ । ढाँचा अन्वेषणात्मक एवम् वर्णनात्मक प्रकारको छ ।

अन्वेषणात्मक अनुसन्धान पद्धतिबाट ब्राह्मण, क्षेत्री, समाजमा बुहारीहरूको सामाजिक एवम् अन्य अवस्थाको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।

## ३.३ समग्र र नमुना छनोट

यो अध्ययन पर्वत जिल्ला पाखापानी गा.वि.स. वडा नं. ७ अन्तर्गतका विवाहित महिलाहरूलाई मात्र लिएर गरिएकोले यसको समग्रता सम्बन्धित क्षेत्रकै तथ्याङ्कमा सीमित रहेको छ । अध्ययन क्षेत्र अन्तर्गत ४४ वटा घरपरिवारसँग सम्बन्धित रहेर त्यहाँको प्रत्येक घरका विवाहित महिला जुन १६ देखि ४० वर्ष उमेरकालाई उत्तरदाताको रूपमा छनोट गरिएको छ । प्रत्येक घरलाई समावेश गरिने हुनाले सर्वेक्षण विधि अवलम्वन गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरू

यस अध्ययनमा सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको छ । जुन प्राथमिक र द्वितीय स्रोतबाट सर्वेक्षण गरी संरचित र असंरचित प्रश्नावलीको प्रयोगद्वारा प्रत्यक्ष अन्तरर्वार्ता, सहभागी अवलोकन र अनौपचारिक अन्तरवार्ताको माध्यमद्वारा सत्यतथ्य कुराहरू लिइएको छ भने द्वितीय स्रोत अन्तर्गत स्वदेशी तथा विदेशी विद्वान् तथा समाजशास्त्री/मानवशास्त्री, अर्थशास्त्री, इतिहासकार तथा विभिन्न सङ्घ संस्थाहरूबाट प्रकाशित लेख, रचना, जर्नल, थेसिस, प्रतिवेदन सम्बन्धित साहित्य आदिको सहयोग लिइएको छ । साथै सम्बन्धित जिल्ला र गा.वि.स.बाट पनि तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ ।

## ३.५ पूर्व परीक्षण

यस अध्ययनमा केही महिलाहरूलाई समाजमा भएको समस्याबारे बुझ्ने प्रयास गरियो महिलाहरूको घर परिवार, समाजमा कस्तो भूमिका रहन्छ, महिलाहरूलाई कुन रूपमा हेरिन्छ, त्यसको स्पष्ट जानकारी लिन त्यही ठाउँमा गएर अन्तरर्वार्ता अनुसूची भराइयो र त्यहाँ भएका कमीकमजोरी हटाइयो । जुन प्रश्नहरूको सहायताले शोधपत्रको उद्देश्य अनुरूप तथ्याङ्क सङ्कलन गर्नमा सहयोग प्राप्त भएको छ ।

## ३.६ वैधता र विश्वसनीयता

प्रश्नावली अनुसूचीलाई सकेसम्म वैधता र विश्वसनीयता बनाउन १२ जना महिलासँग परीक्षण गरियो उक्त परीक्षण पश्चात् केही प्रश्नहरू जटिल भएको महसुस गरी ती प्रश्नहरूलाई सरलीकृत गरिएको थियो । यसरी अध्ययनको क्रममा आवश्यक पर्ने सूचना भरपर्दो र विश्वसनीय ढङ्गबाट प्राप्त हुने विश्वास भएपछि मात्र पूर्ण परीक्षण गरिएको प्रश्नावली अनुसूचीलाई प्रयोग गरिएको शत-प्रतिशत भरपर्दो र विश्वसनीयता प्रदान गरेको छ ।

## ३.७ आचार संहिता

यो अध्ययनमा सूचनादाता प्रमुख उत्तरदाता हुनु र उनीहरूको अनुसार रहेर उनीहरूकै भाषा, भनाइबाट उनीहरूको विचारलाई प्राथमिकता दिई सूचनाहरू सङ्कलन गरिएको छ ।

## ३.८ प्राथमिक तथ्याङ्क लिने तरिकाहरू

यस अध्ययनका प्राथमिक तथ्याङ्क सङ्कलन गर्दा अध्ययनसँग सम्बन्धित जानकारी अध्ययन क्षेत्रबाट सङ्कलन गरिएको छ । गुणात्मक र सङ्ख्यात्मक तथ्याङ्कको सहयोगबाट नै अध्ययन कार्य उपलब्धिमूलक हुने भएकोले यस शोधकार्यमा अनुसन्धानको ढाँचा र प्रकृति अनुसार निम्न प्रकारका तरिकाहरू अपनाइएको छ ।

### ३.८.१ अन्तरवार्ता अनुसूची

यो अनुसन्धानको लागि आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्कहरू सङ्कलन गर्ने गरी वैज्ञानिक तरिकाले अन्तरर्वार्ता अनुसूची तयार पारिएको छ । प्रश्नहरू निर्माण गर्दा सङ्ख्यात्मक र गुणात्मक दुवै खालका तथ्याङ्कहरू लिन सक्ने गरी गरिएको छ ।

### ३.८.२ मुख्य सूचनादाताको अन्तरवार्ता

व्राह्मण, क्षेत्री समुदायका विवाहित महिलाहरूको बारेमा अध्ययन गर्न र समाजमा उनीहरूको स्तर पत्ता लगाउनको लागि मुख्य सूचनादातासँग अन्तरवार्ता लिइएको छ

जसले गर्दा यस अध्ययन कार्यमा सहयोग पुगेको छ । जसका लागि स्थानीय पुरुषहरू जुन समाजमा अगाडि रहेका छन्, सरकारी/गैरसरकारी निकायका व्यक्तिसँग साथै स्थानीय शिक्षक, शिक्षिकालाई लिइएको छ ।

### ३.८.३ वैयक्तिक अध्ययन

यस शोधकार्यलाई अझैं प्रभावकारी बनाउनको लागि वैयक्तिक अध्ययन गरिएको छ जसबाट अझैं प्रष्ट र सही तथ्याङ्क निकाल्न अनि मनोभावना बुझ्नको लागि महत्त्वपूर्ण हुने मानिएको छ ।

## ३.९ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

यो शोधपत्र तयार पर्ने क्रममा अध्ययनसँग सम्बन्धित विभिन्न तथ्याङ्कलाई आवश्यकता अनुसार सङ्ख्यात्मक तथा व्याख्यात्मक रूपमा प्रस्तुत गरिने तथ्याङ्कलाई साधारण तालिका र प्रतिशतको रूपमा प्रस्तुत गरिएको छ भने अन्य तथ्याङ्कलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरी विश्लेषण गर्न खोजिएको छ ।

# अध्यायः चार

## अध्ययन क्षेत्र र उत्तरदाताको सामाजिक, आर्थिक र जनसाङ्ख्यिक विशेषताहरू

यस अध्यायमा अध्ययन क्षेत्रको सामाजिक आर्थिक अवस्थितिको व्याख्या गरिएको छ । साथै यस क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक अवस्थाको संक्षिप्त परिचय दिइएको छ ।

### ४.१ अध्ययन केन्द्रित पाखापानी गाउँको परिचय

शोधपत्र अध्ययन क्षेत्रको रूपमा धवलागिरी अञ्चल, पर्वत जिल्ला, पाखापानी गा.वि.स. वडा नं. ७ लाई लिइएको छ । पर्वत जिल्लाको सदरमुकाम कुश्मा रहेको छ । यसको क्षेत्रफल ५३६८२।२१ हेक्टर साथै जनसङ्ख्या १५८९९२ रहेको पाइन्छ (नेपालको जनगणना, २०५८) ।

पर्वत जिल्ला धौलागिरी अञ्चल अन्तर्गतको दक्षिणी भागमा अवस्थित छ । यसै जिल्ला मध्येको पाखापानी गा.वि.स.मा जुन सदरमुकारदेखि ३० कि.मि.दक्षिणमा छ जुन भौगोलिक हिसाबले विकट नै मानिन्छ । जहाँ शुद्ध ग्रामीण वस्ती रहेको पाइन्छ । त्यसैकारण यो शोधकार्यमा उक्त ठाउँलाई लिएर त्यहाँका महिलाहरूको अवस्था बुझ्न खोजिएको छ । यस पाखापानी गा.वि.स.को पूर्वमा स्याङ्जा जिल्ला अन्तर्गत पर्ने रापाकोट गा.वि.स., पश्चिममा लुङ्खु देउराली, उत्तरमा फलामखानी गा.वि.स. र दक्षिणमा भोर्ले र बालाकोट गा.वि.स.रहेका छन् । यहाँको जनसङ्ख्या ३,७४९ र ५६३ घरधुरी रहेको छ (नेपालको जनगणना, २०५८) ।

चारैतिर डाँडापाखा देखिने हेर्दा रमणीय यो गा.वि.स.मा खेतीयोग्य जमिन त्यति छैन त्यहाँ पाखो बारी साथै भिर, खरबारीहरू प्रशस्त पाउन सकिन्छ साथै वोटविरूवाहरू प्रशस्त पाइन्छन् । यस गा.वि.स.को पूर्वतिर विशाल चौर छ त्यहाँको वरपर सामुदायिक वन रहेको छ भने दक्षिणतिर ठूलो वन छ जहाँ उत्तिस, चिलाउने, सल्लो, पैयू, मल्लातो, कटुसका विरूवाहरू रहेका छन् । घाँस, दाउरा प्रशस्त पाइने यो ठाउँमा पशुपालन उत्तम रूपमा गरिएको छ । तरपनि व्यवसायिक रूपमा खेती गर्न सकिँदैन । व्यापारिक क्षेत्रको अभाव,

भौगोलिक विकटताको कारणबाट जतिपनि उत्पादित वस्तुहरू हुन् ती सबै खेर जाने अवस्थामा छन् ।

यस पाखापानी गा.वि.स.मा विजुलीको व्यवस्था अझैंपनि भएको छैन । छ वटा विद्यालय जसमा २ वटा मा.वि.छन् भने अन्य ४ प्रा.वि. रहेका छन् । सामान्यतया गाउँमा खाना पकाउन दाउराको प्रयोग गर्ने चलन बढी नै छ । कच्ची बाटो त गएको छ तर सुविधा थोरै मात्रामा त्यहाँका वासिन्दाले लिएका छन् ।

यस गा.वि.स.मा ब्राह्मण, क्षेत्री, दमाई, गुरुङ साथै केही ठकुरी पनि रहेका छन् नौ वटा वडामध्ये वडा नं. ७ मा भएका ब्राह्मण क्षेत्रीका महिलालाई नै प्रतिनिधिको रूपमा छनोट गरिएको छ । यस अध्ययनमा हिन्दू धर्म मान्ने ब्राह्मण क्षेत्री जातिमा वुहारीप्रति अथवा विवाहित महिलाप्रति रहेको व्यवहार, दृष्टिकोण र धारणालाई अध्ययन गरिएको छ । यो गा.वि.स.मा मात्र नभई सम्पूर्ण नेपालभरि नै ब्राह्मण क्षेत्री जातिका विवाहित ग्रामीण महिलाहरूको अवस्था र स्थिति प्राय उस्तै रहेको हुँदा र यस्तो खालको अध्ययन खासै यो ठाउँमा नभएको कारणले त्यहाँको अवस्थालाई वाहिर ल्याउनको साथै सबैलाई सोको जानकारी दिलाउन पनि यो अध्ययनको महत्त्वपूर्ण भूमिका रहने देखिन्छ अथवा टेवा मिल्न सक्छ ।

## ४.२ पाखापानी गाउँको सामाजिक संरचना

सामाजिक संरचना निर्माणका लागि आधारभूत संस्थाहरू भनेका नै विवाह, परिवार र नातेदार हुन् । यिनै आधारभूत संस्थाका आधारमा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, धार्मिक जस्ता वृहत संस्थाहरू सक्रिय हुन पुग्छन् । आधारभूत संस्था र वृहत संस्थाहरू अन्तरसम्बन्धित र अन्तरप्रभावित भएका कारण कुनै एउटा संस्थामा आएको परिवर्तनले अन्य संस्थाहरूमा स्वत परिवर्तन हुनुपर्छ । संसारमा कुनै पनि समाज परिवार विना बन्न सक्दैन । परिवारको स्थापनाले परिवारका सदस्यको आर्थिक, सामाजिक, मनोवैज्ञानिक र शारीरिक आवश्यकता परिपूर्ति गर्दछ । यही परिवारको संरचनाको लागि विवाह आवश्यक छ । संसारका भिन्न भिन्न समाजमा विवाहको प्रकृति, विवाहप्रतिको सोचाइ भिन्न भिन्न खालको पाउन सकिन्छ तर सबैको साझा उद्देश्य भने परिवारको निर्माण गर्नु नै हो ।

पर्वत जिल्ला पाखापानी गा.वि.स.को परिवेश हेर्दा हिन्दू धर्म मान्ने व्राह्मण क्षेत्री जातिहरूकै वाहुल्यता रहेको पाइन्छ । खासगरी व्राह्मण क्षेत्री समाजमा सामाजिक कार्यमा धेरै पुरुषहरूले नै निर्णय गर्ने गरेको पाइन्छ । हरेक निर्णायक कुराहरूमा पुरुषहरूकै वाहुल्यता रहेको हुन्छ । हुनत हाम्रो समाजमानै पितृसत्तात्मक रहको छ, त्यसैमा पनि ग्रामीण क्षेत्रमा व्राह्मण क्षेत्री समाजमा प्रेम विवाह अन्तरजाति विवाह कमै हुने गरेको पाइन्छ । दोस्रो विवाहको सवालमा पुरुषहरूलाई सहज भए तापनि महिलाहरूमा त्यस्तो स्थिति छैन । यस ठाउँमा मनाउने चाडपर्वहरूमा जस्तै ऋषि पूर्णिमा, तिज, दशैं, तिहार, माघेसक्रान्ति, पुसे पन्ध्र, श्रीपञ्चमी, शिवरात्रि, फागु पूर्णिमा, चैते दशैं आदि रहेका छन् । विशेषगरी महिलाहरूले तीजमा आफ्नो पतिको सु-स्वास्थ्य र दीर्घायुका लागि निराहार व्रत वस्ने गर्दछन् । अध्ययन क्षेत्रमा पितृसत्तात्मक सामाजिक संरचना रहेको छ । छोरा र छोरीलाई गरिने सामाजिकीकरणमा नै भेदभावपूर्ण व्यवहार हुने गरेको पाइन्छ । छोरा जन्मदै पैतृक सम्पत्तिको भागिदार बन्दछ र विभिन्न संस्कारहरूमा छोराको आवश्यकता महसुस गरेको पाइन्छ । छोरालाई पढ्नमा बढी प्रेरित गर्ने गरेको र छोरीलाई पढाईको साथसाथै घरको कामधन्दामा लगाएको पाइन्छ । छोराछोरीको शिक्षामा गरिने लगानीमा पनि फरक पाइयो भने छोरीलाई शिक्षा कम दिने गरेको पाइयो । महिलाको विवाहमा अभिभावकको निर्णय हुने गरेको पाइयो । कानूनमा जे जस्तो प्रावधान भए तापनि छोरीलाई सम्पत्तिमा अधिकार दिइएको पाइएन । छोरी भनेका कुलका र घरका इज्जत हुन् यिनीहरूलाई इज्जत धान्नका लागि अभिभावकले असल, आज्ञाकारी बन्न सिकाउँछन् । धारणात्मक रूपमा छोरीलाई भेदभाव नभए पनि व्यवहारिक रूपमा छोरीप्रति भेदभाव हुने गरेको पाइन्छ । छोरालाई उच्च प्राथमिकता र सबै क्षेत्रमा स्वतन्त्रता रहेको पाइयो भने छोरी जातिलाई कम महत्त्व दिने, पेशा, विवाह, शिक्षा, सम्पत्तिमा कम पहुँच रहेको पाइएको छ । महिलाहरूको स्थिति हेर्दा उनीहरू आर्थिक मामिलामा पुरुषसँग निर्भर हुनुपरेको, विहानदेखि बेलुकासम्म घरायसी अनुत्पादक कममा सरिक हुँदा पनि कामको मूल्याङ्कन नगरिएको र साना साना निर्णय प्रक्रियामा समेत हात नरहेको पाइएको छ । यसरी हेर्दा यस अध्ययन क्षेत्रको सामाजिक संरचना महिलाको वा छोरीको अवस्था कमजोर रहेको देखिन्छ ।

## ४.३ उत्तरदाताको सामाजिक तथा आर्थिक अवस्थाको विवरण

अध्ययनको लागि छनोट गरिएका ब्राह्मण क्षेत्री समुदायको महिलाको सामाजिक तथा आर्थिक अवस्था कस्तो रहेको छ भन्ने बारेमा सामाजिक पहिचान दिने विभिन्न तथ्याङ्कहरू सङ्कलन गरिएको थियो जुन विभिन्न उपशीर्षकहरूमा विभाजन गरी उनीहरूको समुदायमा रहेको सामाजिक आर्थिक स्थितिबारे प्रष्ट पार्नको लागि विश्लेषणात्मक प्रस्तुतीकरण गरिएको छ ।

## ४.४ पारिवारिक विवरण

परिवारको आकार भन्नाले कुनै पनि परिवारमा रहेका सदस्य सङ्ख्यालाई बुझिन्छ । अर्को शब्दमा एउटै घरमा भान्छामा खाना खाने, एउटै घरमा बसोबास गर्ने जन्म र विवाहले एक आपसमा सम्बन्धित व्यक्तिको समूह नै परिवार हो । परिवार प्रमुख आधारभूत सामाजिक सङ्ख्याको हो । परिवारबाट नै जैविक प्राणीको रूपमा रहेको मानिस सामाजिक प्राणीको रूपमा रूपान्तरित हुने कार्यको थालनी हुन्छ । नेपालको पारिवारिक वनावटका आधारमा एक र संयुक्त परिवार प्रशस्त मात्रामा भेटिन्छन् भने कहिकतै वृहत् संयुक्त परिवार पनि पाइन्छन् । एकल परिवारमा श्रीमान्, श्रीमती, तिनीहरूका अविवाहित छोराछोरीलाई बुझाउछन् भने संयुक्त परिवारमा एक दम्पत्ती तिनभन्दा बढी वा तिन पिँढीका सदस्यहरू एकैसाथ बस्ने गर्दछन् । यस्तो परिवारलाई संयुक्त परिवारको रूपमा लिन सकिन्छ । यस्तो परिवारमा कार्यभार कम पर्ने भएकाले कृषि प्रधान हाम्रो देशमा यस्तो पारिवारिक ढाँचा बढी पाइन्छ । वर्तमान समयमा एकल परिवारको सङ्ख्या बढी रहेको छ ।

नेपालमा विभिन्न किसिमका पारिवारिक वनोट भएको देखिन्छ । शहरी क्षेत्रमा आधुनिकीकरणले गर्दा प्रायः एकात्मक परिवारको वनोटमा बढी आकर्षक आउन थालेको छ । विशेषगरी पहाडी क्षेत्रको भिरालो पाखा जमिनमा बस्नेहरू धन कमाउन विदेशिएकाहरूका परिवारहरू हुने कारणबाट एकात्मक परिवार तर्फ बढी झुकाव रहेको देखिन्छ । किनकि आफ्नो जमिन नहुने अनि मजदुरी गर्नुपर्ने भएकोले आफ्नै तवरले अलग बस्ने अवस्था देखिन थालेको पाइन्छ ।

तालिका ४.१

उत्तरदाताको पारिवारिक सङ्ख्याको विवरण

| परिवारको अवस्था | परिवारको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ४-६ | १५ | ३४·१ |
| ७-९ | २५ | ५६·८ |
| १० भन्दा माथि | ४ | ९·१ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तालिकामा गरिएको पारिवारिक अध्ययन अन्तर्गतको अवस्थाको क्रममा कुन परिवारमा कति जना छन् भनी हेर्नपर्दा १५ परिवारमा ४-६ जना अर्थात् ३४.१ प्रतिशत, २५ परिवारमा ७-९ जना अर्थात् ५६.८ प्रतिशत र ४ परिवारमा १० जनाभन्दा माथि रहेको पाइन्छ जुन ९.१ प्रतिशत देखिन्छ । यो अध्ययन अनुसार एकल परिवारको चाहना भए तापनि सङ्ख्या ठूलो नै देखियो । स्थलगत सर्वेक्षणलाई हेर्दा संयुक्त परिवार नै बढी देखियो । संयुक्त परिवारमा श्रम विभाजन हुने र घरको काम सबैले गर्ने हुनाले संयुक्त परिवार राम्रो भन्ने पनि बढी भेटिए । जहाँ इज्जत र सहयोगको भावना बढी हुन्छ । साथै अरू मानिसले पनि नहेप्ने दावी गरेको यस अध्ययनमा पाइयो ।

## ४.५ पारिवारिक पेशाको विवरण

हाम्रो देश कृषि प्रधान देश भएतापनि  यथेष्ट मात्रामा कृषिले पुग्ने अवस्था छैन त्यसकारण अन्य पेशाको पनि जरूरत पर्ने हुनाले यहाँ पनि उत्तरदाताको परिवारहरू खासगरी श्रीमान् कहाँ कहाँ संलग्न छन् भन्ने बारेमा जानकारी लिने प्रयास गरिएको थियो । जुन तालिकाबाट देखाउँन सकिन्छ ।

तालिका ४.२

उत्तरदाताको पारिवारिक सङ्ख्याको विवरण

| क्षेत्र | सङ्ख्या | प्रतिशत |
| --- | --- | --- |
| निजामति सेवा | १ | २·३ |
| व्यापार | ५ | ११·४ |
| निजी क्षेत्रको जागिर | ५ | ११·४ |
| सेनामा जागिर | १ | २·३ |
| वैदेशिक रोजगार | १२ | २७·३ |
| कृषि | १३ | २९·५ |
| अनुत्तरित | ७ | १५·९ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

पहाडी भेगको ग्रामीण वस्ती जुन पाखो भिरमा भएको कारणले गर्दा पनि कृषिबाट हुने आम्दानी कम नै हुन्छ त्यसकारण त्यहाँका पुरुषहरू निजामति सेवामा १ जना जुन २.३ प्रतिशत, व्यापारमा ५ जना अर्थात् ११.४ प्रतिशत, निजी क्षेत्रको जातिरमा ५ जना अर्था ११.४ प्रतिशत, सेनामा १ जना अर्थात् २.३ प्रतिशत, वैदेशिक रोजगारीमा १२ जना अर्थात् २७.३ प्रतिशत, कृषिमा १३ जना अर्थात् २९.५ प्रतिशत रहेका छन् भने उत्तर नआउने ७ जना अर्थात् १५.९ प्रतिशत रहेको पाइयो ।

## ४.६ उत्तरदाताको उमेर

यस शोध केन्द्रित क्षेत्रमा ब्राह्मण क्षेत्री समुदायको महिलाहरूको सङ्ख्याको उमेरलाई जम्मा ४ भागमा विभाजन गरिएको छ । यस अध्ययनमा विवाहित बुहारीलाई लिइएको छ । विवाह सोह्र बर्षदेखि हुने भएकोले १६ वर्षदेखि ४० वर्षसम्मका विवाहित महिलाहरूलाई यस अध्ययनमा समावेश गरिएको छ ।

तालिका ४.३

**महिलाको सङ्ख्याको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १६-२५ | १० | २२ |
| २५-३० | ९ | २० |
| ३०-३५ | १४ | ३१ |
| ३५-४० | ११ | २५ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

उमेरअनुसार नै मानिसको व्यवहारमा परिपक्वता हुन्छ । जबकि १६ वर्षबाट २५ वर्षसम्मका महिला र ३५ वर्षदेखि ४० वर्षसम्मको महिलाहरूमा अनुभव धेरै नै फरक हुन्छ । आ-आफूले समाजलाई आफ्नै तरिकाले बुझिरहेका हुन्छन् । त्यसकारण पनि यस अध्ययनमा त्यहाँसम्मकै महिलालाई मात्र सीमितता दिइएको छ । माथिको तालिकाबाट १० जना १६-२५ वर्षका महिला, ९ जना २५-३० वर्षका, १४ जना ३०-३५ वर्षका र ११ जना ३५-४० वर्षका महिला रहेको पाइन्छ ।

## ४.७ उत्तरदाताको शिक्षा

शिक्षा मानव जीवनको एक अभिन्न अङ्ग मानिन्छ । शिक्षा बिना जीवन नै रहँदैन र हाम्रो अविकसित देशमा महिला र पुरुषमा शिक्षामा विविधता रहेको देखिन्छ । हाम्रो देशमा प्रायजसो महिलाको शैक्षिक स्थिति कमजोर नै देखिन्छ । ग्रामीण क्षेत्रमा त महिलाको पढाइमा खासै सुधार देखिएको छैन । छोरा र छोरीलाई हेर्ने दृष्टिकोण नै फरक देखिन्छ । छोरालाई निजी विद्यालयमा पढाउने तर छोरीलाई घरनजिकैको सरकारी विद्यालयमा भर्ना गरिदिने अनि केही काम पर्दा बिच बिचमा पढाइ छुटाउनुपर्ने प्रचलनको कारणले महिलाको पढाइ खासै प्रभावकारी देखिएको नभए तापनि शैक्षिक अवस्थालाई हेर्दा राम्रै देखिन्छ ।

तालिका ४.४

उत्तरदातको शैक्षिक स्थितिको विवरण

| शैक्षिक स्थिति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १-५ सम्म | ७ | १५.९ |
| ५-७ सम्म | १५ | ३४.१ |
| ७-८ सम्म | १५ | ३४.१ |
| ८-९ सम्म | ६ | १३.६ |
| निरक्षर | १ | २.३ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

प्रायजसो महिलाको साक्षरता स्थिति राम्रो देखिए पनि शैक्षिक स्थिति राम्रो देखिदैन । प्राय महिलाहरू घरायसी कार्यलाई प्रोत्साहन दिने हुन्छन् । साक्षर प्रतिशत ९७.९ रहेको पाइयो भने निरक्षर २.३ रहेको देखियो । जसमा १-५ कक्षासम्म ७ जना महिलाहरू अर्थात् १५.९ प्रतिशत, ५-७ कक्षासम्म १५ जना अर्थात् ३४.१ प्रतिशत, ७-८ कक्षासम्म पढ्नेको सङ्ख्या १५ जना अर्थात् ३४.१ प्रतिशत नै देखिन्छ भने ८-९ कक्षासम्म पढ्नेको सङ्ख्या ६ जना अर्थात् १३.६ प्रतिशत रहेको र निरक्षर एक जना अर्थात् २.३ प्रतिशत रहेको पाइयो ।

## ४.८ विवाह

विवाह जुन मानिसको प्राकृतिक नियम नै मानिन्छ किनकि विवाह स्त्री र पुरुषको मिलनको अवसर हो । जसबाट हाम्रो वंश चलिरहेको हुन्छ । विवाह नभई सन्तान जन्माउने प्रक्रिया हाम्रो समाजमा गलत मानिने कारणले विवाहलाई समाजको अभिन्न अङ्ग मानिन्छ । विवाहबाट समाज चलिरहेको हुन्छ । यस अध्ययनमा पनि सबै विवाहित महिलाहरूलाई लिइएको कारणले उनीहरूको विवाह भएको समय कति भयो भनी देखाउन खोजिएको छ ।

तालिका ४.५

उत्तरदाताको विवाह भएको समय

| समय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ५ वर्ष भन्दा तल | ३ | ६.८ |
| ५-१० वर्षसम्म | ७ | १५.९ |
| १०-१५ वर्षसम्म | १२ | २७.३ |
| १५-२० वर्षसम्म | २० | ४५.५ |
| २०-२५ वर्षसम्म | २ | ४.५ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

तालिका अनुसार विवाहित महिला भएको कारणले यिनीहरूको व्यक्तिगत अध्ययन नै धेरै गरिएको छ । विवाह भएको धेरै वर्ष भएको अनुभव छुट्टै हुने र थोरै भएमा छुट्टै हुने कारणले उमेर अनुसारको विवरण खोजिएको छ । ५ वर्षभन्दा तल ३ जना, ५-१० वर्षसम्म ७ जना, १०-१५ वर्षसम्म १२ जना, १५-२० वर्षसम्म २० जना र २०-२५ वर्षसम्म २ जना रहेका छन् । ४४ जना महिलालाई आ-आफ्नो ठाउँबाट नै छुट्टाछुट्टै अनुसन्धान गरिएको छ ।

## ४.९ जग्गा, जमिन र खाद्यान्नको अवस्था

नेपाल कृषि प्रधान देश रहेको कारणले कृषि नै प्रमुख खाद्यान्नको स्रोत मानिन्छ । यस अध्ययनमा पनि त्यहाँको कृषि अथवा जग्गाको आम्दानीले कति समय खान पुग्छ भनेर लिइएको छ । जुन समय अनुसार तालिकामा देखाइएको छ ।

तालिका ४.६

परिवारको आयले खान पुग्ने समय

| खान पुग्ने समय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ६ महिना भन्दा कम | १ | २.३ |
| ६-९ महिना सम्म | १६ | ३६.४ |
| वर्षै भरी | २७ | ६१.४ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

तालिका ४.६ बाट के जानकारी पाउन सकिन्छ भने अध्ययन क्षेत्रका जम्मा घरधुरीमध्ये सबैभन्दा बढी ६१.४ प्रतिशतका मानिसहरूले जसरी भए तापनि वर्षै भरी खान पुग्ने बताएको पाइयो भने ३६.४ प्रतिशतलाई ६-९ महिनासम्म पुग्ने देखियो त्यस्तै २.३ प्रतिशतले ६ महिनाभन्दा कम पुग्ने बताएको पाइयो ।

सरसर्ती हेर्दा जे जसरी भएतापनि हातमुख जोर्न त पुग्ने अवस्था देखियो त्यसकारण घरमा बसेर नभई वाहिरी रोजगारीमा गएको कारणले मात्र यिनीहरूको पेशा धानिएको पाइन्छ ।

## ४.१० छोरी र बुहारी बीचमा भिन्नता

विवाहलाई एउटा मुख्य तत्त्वको रूपमा लिइन्छ । जसले महिलाको स्थितिलाई निर्धारण गर्दछ । विवाहबाट नै महिलाको हैसियत र भूमिकामा परिवर्तन आउँछ । यस अध्ययनमा पनि व्राह्मण क्षेत्री समुदायमा छोरी र वुहारीमा के भिन्नता छ त भनेर प्रश्न सोधिएको थियो त्यसबाट पाइएको उत्तरहरू तालिका मार्फत् नै देखाइएको छ ।

तालिका ४.७

छोरी र बुहारी बीचमा हुने भिन्नताको विवरण

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बुहारीले धेरै काम गर्नुपर्छ | २१ | ४७.७ |
| फरक व्यवहार गर्नुहुन्न | ४ | ९.१ |
| जन्मेकै दुःख पाउनका लागि | ५ | ११.४ |
| भिन्न भूमिका हुन्छ | १४ | ३१.८ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

घरमा विहे गरेर गएपछि बुहारी भनेको सबैलाई मान्नुपर्ने, घरको अनि मेलापात, गोठको हेरचाह अनि वालवच्चाको हेरचाह सबै गर्नुपर्ने हाम्रो समाजमा विहे अगाडि छोरीलाई देवीको रूपमा मानिन्छ खुट्टा ढोगिन्छ, पूजा गरिन्छ भने विहेपछि साह्रै तुच्छ व्यवहार गरिन्छ । त्यसकारण बुहारी भनेपछि १२ घण्टा नै काम गर्नुपर्ने हुन्छ । पुरुषहरू जागिरमा जाने प्रवृत्तिले महिलाहरू घर व्यवहार चलाउन बाध्य हुन्छन् त्यसकारण पनि छोरी र बुहारीमा हुने व्यवहारमा भिन्नता देखिन्छ । बुहारी भनेको अर्काको घर खान आएको हो एक किसिमको काम गर्ने मान्छे हो भन्ने धारणा व्याप्त रहेको पाइन्छ । त्यसकारण प्रायजसो उत्तरदाताबाट दिक्कको भावना भएको देखिन्छ । तालिका अनुसार बुहारीले काम गर्नुपर्ने भन्नेको सङ्ख्या २१ जना अर्थात् ४७.७ प्रतिशत, व्यवहारमा फरक गर्नुहुँदैन भन्नेको सङ्ख्या ४ जना अर्थात् ९.१ प्रतिशत, जन्मेकै दुःख पाउनको लागि भन्नेको सङ्ख्या ५ जना अर्थात् ११.४ प्रतिशत, भूमिका भिन्नै हुन्छ भन्नेको सङ्ख्या १४ जना अर्थात् ३१.८ प्रतिशत रहेको पाइयो ।

## ४.११ सामाजिक कार्य

सामाजिक कार्य भन्नाले मानिस समाज विना रहन सम्भव हुँदैन जव समाजमा रहेपछि हरेक क्रियाकलापमा संलग्नता हुनु आवश्यकत छ । त्यसकारण यो अध्ययन क्षेत्रमा पनि

उत्तरदातालाई सोधिएको थियो, हजुरहरू सामाजिक कार्यमा कतिको संलग्न हुनुहुन्छ ? भन्दा उत्तरदाताहरूबाट प्राप्त उत्तर तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.८**

**सामाजिक कार्यमा भएको आवद्धताको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सक्रिय छु | ४ | ९१ |
| सामान्य सक्रिया | १२ | २७३ |
| कहिलेकाही | २१ | ४७७ |
| सहमागिी हुदिन | ७ | १५९ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

यसबाट घरभन्दा वाहिर निस्कने कार्यमा अलि सक्रिय रूपमा लाग्ने महिलाको सङ्ख्या ४ जना अर्थात् ९.१ प्रतिशत, सामान्य सक्रिय १२ जना अर्थात् २७.३ प्रतिशत, कहिलेकाही निस्कनेको सङ्ख्या २१ अथवा ४७.७ प्रतिशत र सहभागी हुदिन भन्नेको सङ्ख्या ७ अथवा १५.९ प्रतिशत रहेको छ । तालिका अनुसार कहिलेकाही निस्कनेको संङ्ख्या बढी देखियो यसबाट पनि प्रष्ट हुन्छ कि आधुनिकता र पुरानो मानसिकताले ग्रसित भएको समाज भएको सङ्क्रमित रहेका देखिन्छ । घरको कार्य सकेर अलिक टाठाबाठा महिलाहरू सामाजिक कार्यमा संलग्न भएको देखियो भने कहिलेकाही देखिने प्रतिशत ४७.७ भयो । हाम्रो मुलुक पितृसत्तात्मक मुलुक छ त्यसबाट हामी अझैं पनि प्रभावित हुनु स्वभाविक नै हो त्यो मानसिकतालाई परिवर्तन गर्न सयौं वर्ष लाग्नु पनि स्वभाविक नै हो तैपनि विस्तारै विस्तारै परिवर्तन गर्दै लैजानुपर्ने कुरामा पनि सहमति देखिन्छन् ।

## ४.१२ आर्थिक अवस्था

प्रत्येक व्यक्ति र समुदायको अवस्था जान्न त्यस ठाउँको सामाजिक जनजीवन कस्तो छ र त्यो ठाउँमा कुन कुन तत्त्वहरूले प्रभाव पारिरहेका छन् भनी जान्नु आवश्यक छ । आर्थिक, सामाजिक, राजनैतिक एवम् सांस्कृतिक पक्षले मुख्य भूमिका खेलेको हुन्छ । आर्थिक पक्ष

भूमिकाको असर जति समाजमा अथवा व्यक्तिमा पर्छ अरू पक्षको भूमिका पर्दैन । यस शोधसारको मुख्य आशय पनि आर्थिक र सामाजिक अवस्थालाई केलाउनु नै हो । यस क्षेत्रका महिलाहरूको सर्वेक्षणलाई केलाउँदा आर्थिक पक्षमा पनि धेरै प्रभाव परेको देख्न सकिन्छ । अन्ततः अध्ययन गर्दा के देखिन्छ भने महिलाहरू पछि पर्नुको पछाडि आर्थिक पक्षले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

यस समुदायको महिलाको आर्थिक स्थिति कस्तो छ ? उनीहरूको आम्दानीको स्रोतहरू के के रहेका छन् ? महिलाहरू आर्थिक रूपमा कुन स्थितिमा रहेका छन् भन्ने कुरालाई व्याख्या गरिएको छ । यस समुदाय सदस्यको आम्दानीका स्रोतहरू विभिन्न रहेका छन् जसबाट आफ्नो जीवन निर्वाह गर्न सम्भव देखिँदैन त्यसकारण त्यसलाई सघाउने अन्य स्रोतहरू पनि रहेका छन् । अध्ययन क्षेत्रको परिवार सङ्ख्या अनुसार श्रम पनि धेरै गर्नुपर्ने, आर्थिक नियन्त्रण पनि बढी हुने देखिन्छ । परिवारको आर्थिक अवस्थालाई मिलाउनको लागि महिलाहरू सकेसम्म प्रयासरत रहिरहेका छन् ।

महिलाहरूको आर्थिक अवस्थाको विश्लेषण गर्दा महिलाले गर्ने घरभित्रका वा घरभन्दा बाहिर मेलापात, पानी पँधेरो, कुटानी, पिसानी, वालवच्चा स्याहारसम्भार आदि गर्ने गर्दछन् । घरभित्रका कार्यमा बढी र घर बाहिरका कार्यमा कम संलग्नता रहेको छ । यहाँ पनि उत्पादनशील कार्यमा पुरुषहरूको बढी पहुँच र घरभित्रका तथा कम उत्पादन हुने कार्यमा महिलाको संलग्नता बढी रहेको देखिन्छ । सम्पत्तिको चलखेलमा पुरुषको नियन्त्रण बढी रहने सामाजिक प्रवृत्तिले गर्दा महिलाहरूको आर्थिक अवस्था कमजोर नै देखिन्छ । महिलाहरू प्रायजसो प्रत्येक दिन बढी काममा नै खटिन्छन् भने आर्थिक हैसियत कम नै देखिन्छ । पुरुषभन्दा महिला इमान्दार मानिनु, पुरुषको एकाधिकार अलि बढी हुनु त रहेको नै छ । आर्थिक अवस्था अन्तर्गत पेशाले पनि प्रभाव पारेको हुन्छ ।

अधिकांश महिलाहरू कृषि कार्यमा संलग्न रहेका हुन्छन् साथै पशुपालन, सानोतिनो व्यापार व्यवसाय पनि चलाएर आफ्नो गुजारा चलाइरहेका हुन्छन् । महिलाको आर्थिक अवस्था भन्नु नै समग्र पारिवारिक अवस्था हो त्यसकारण उनीहरूको छुट्टै आर्थिक अवस्था कस्तो छ भन्दा पनि समग्र पारिवारिक आर्थिक अवस्थालाई सन्तुलनमा राख्न एउटी महिलाले पुऱ्याएको योगदानलाई उनीहरूको आर्थिक अवस्था झल्कन्छ । पेशागत रूपमा विश्लेषण गर्दा अधिकांश महिलाहरू खेतीपाती, वालीनाली, गोडमेल गर्ने जस्ता प्राय सबैजसो कार्यहरूमा

महिलाहरूको सहायता देखिन्छ। खेतीपाती गर्ने अलवा पशुपालन गर्ने कार्यहरूमा महिलाहरू उत्तिकै समय खटिन्छन् । वस्तुभाउको हेरचाह, गोठको सरसफाई, घाँस, दाउरा, कुँडोपानी सबैजसो कार्यहरू महिलाहरूले नै गर्दछन् । यहाँका अधिकांश पुरुषहरू विदेशमा गएका छन् तापनि महिलाहरूले आफ्नो घरायसी काम त गर्ने गर्दछन् जसमा तालिकामा देखाउन सकिन्छ ।

तालिका नं. ४.९

**घरमा मुख्य जिम्मेवारी**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घरभित्र र परिवारको काम | १६ | ३६.४ |
| घरको काम र बच्चाबच्ची हेर्ने | २ | ४.५ |
| बच्चाबच्ची, गाइवस्तु र घरायसी काम गर्ने | २६ | ५९.१ |
| **जम्मा** | ४४ | १०० |

स्थलगत सर्वेक्षण, २०६६ ।

अध्ययन क्षेत्रका महिलाहरू घरभित्र र वरिपरिको काममा १६ जना पाइयो । जुन कुल घरधुरी सङ्ख्याको ३६.४ प्रतिशत हुन आउँछ । घरको काम र बच्चाबच्ची हेर्ने काममा २ जना अर्थात् ४.५ प्रतिशत साथै बच्चाबच्ची, गाईवस्तु र घरायसी काम गर्नेमा ५९.१ प्रतिशत रहेको पाइयो ।

# अध्यायः पाँच

## ब्राह्मण क्षेत्री परिवारका बुहारीप्रति हेरिने दृष्टिकोण

हाम्रो समाजमा हिन्दूहरूको बाहुल्यता रहेको छ । यसैमा पनि ब्राह्मण क्षेत्री समुदायमा संस्कार, नियम कडा भएको पाइन्छ । सिङ्गो विश्वमा नै छोरा र छोरीमा विविधता भएको हुन्छ । बुहारी र छोरीमा पनि त्यस्तै खालको भिन्नता रहेको पाउँछौं । त्यसैले यस अध्ययनमा ब्राह्मण क्षेत्री परिवारका बुहारीहरूलाई केन्द्रित गरी घरपरिवार समाजले उनीहरूप्रति गरिने व्यवहारको बारेमा जानकारी लिन खोजिएको छ । अतः यो शोधकार्यको मुख्य उद्देश्य भन्नु नै यो समाजमा विवाहित महिलाप्रति कस्तो दृष्टिकोणले हेरिन्छ सोको अध्ययन गर्नु हो जुन सम्पूर्ण क्षेत्रभित्र पर्दछ ।

### ५.१ घरपरिवारले समाजमा पारेको प्रभावसँग सम्बन्धित धारणा

मानिसको पहिलो जन्मेको ठाउँ भन्नु नै घरपरिवार हो । घर-घर मिलि समुदाय र समुदाय-समुदाय मिली समाजको निर्माण हुने गर्दछ । समाज एक सामाजिक सञ्जाल हो । समाज नभई मानव बस्न पनि सक्दैन तरपनि पूर्ण रूपमा महिलाहरू घर वाहिर निस्कन सक्ने अवस्था भने देखिदैन । घरमा हुने अनुत्पादनमुलक कार्यहरूको कारणले समय त्यसै वर्वात् हुने गर्दछ । घरमा वुवाआमाहरूको स्याहारसुसार अनि वालवच्चाको कारणले गर्दा पनि महिलाहरू माथि उकास्न सकिने अवस्था छैन । मनोरञ्जन, चाडपर्व अन्य सामाजिक कार्य पर्दा बुहारीले नै गर्नुपर्ने अवस्था रहेको हुँदा बुहारीहरू अलि घरायसी कार्यमा नै व्यस्त हुने गर्दछन् । त्यसैकारण यो अध्ययन गर्ने क्रममा केही महिलासँग चाडपर्वलाई जोडेर प्रश्न गरिएको थियो । चाडपर्व मनाउँदा खुसी हुनुहुन्छ भनेर जसका क्रममा आएको उत्तरहरू तल तालिकामा देखाइएको छ ।

तालिका ५.१

खुसी हुने र नहुने उत्तरदाताको विवरण

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हुन्छु | ४३ | ९७.७ |
| हुदिन | १ | २.३ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तालिका हेर्दा चाडपव मनाउँदा खुसी हुनेमा ९७.३ प्रतिशत देखियो भने नहुनेमा २.३ प्रतिशत देखियो यसबाट के देखिन्छ भने महिलाहरूलाई पनि काम, माम लगायत मनोरञ्जनको आवश्यकता पनि चाहिने बुझियो ।

## ५.२ छोरी या बुहारीप्रति अभिभावकले हेर्ने दृष्टिकोण

हरेक समाज समुदायले लैङ्गिक, जातीय विभेद गर्दछ । विश्वमा आधा आकाश ढाक्ने महिलाको शैक्षिक प्रगति एवम् अन्य प्रगतितिर कसैले ध्यान दिएको हुँदैन । हाम्रो समाजले पनि त्यस्तो गर्दैन । नेपाली समाज पितृसत्तात्मक भएकोले परम्परागत रूपमा जातिय लैङ्गिक रूपमा बुहारीलाई कमै महत्त्व दिएको पाइन्छ । नेपाली छोरालाई उच्च प्राथमिकता दिइने गरिन्छ । ग्रामीण भेगका महिलाहरूको अवस्था त अझैं नाजुक र कमजोर रहेको पाइन्छ । यस गाउँमा पनि अध्ययनका क्रममा विवाहित महिलाहरूलाई पढाइमा महत्त्वपूर्ण मानिनुपर्दछ । छोरा मान्छे त जसरी भए तापनि आफ्नो जीवन निर्वाह गर्दछन् भन्ने कुराहरूको जानकारी पनि पाइयो । हामी पनि केही सहयोग पाए वाहिरी वातावरणमा निस्कने थियौँ भन्ने इच्छा प्रकट गरेको देखियो । छोरी र बुहारीलाई आफ्नो हैसियत अनुसार विभेद नगर्ने भन्ने राय पनि भएको ठानियो । छोरीलाई घर बारिह पनि मौका दिने त्यो बुहरीलाई पनि ठानिनुपर्ने बताए । छोरी र बुहारीलाई बराबर व्यवहार गर्नुपर्दछ भन्ने मान्यता पनि देखियो । यसै क्रममा एक अध्ययन गरिएको थियो जुन यसप्रकार छ ।

**वैयक्तिक अध्ययन एक**

*मेरो घर यहाँ पाखापानी ७ सिठ्यानी हो । मेरो माइतीघर यतै पर्वत कार्कीनेटा हो । मेरो माइतीघरका बावुआमा पढेलेखेको हुनुहुन्छ साथै माइतको अवस्था पनि राम्रो छ । उहाँले पनि वैदेशिक रोजगारमा वाहिर कतार हुनुहुन्छ । मेरो माइतीमा हुँदा पढाइ पनि राम्रो थियो । गाउँमा मेरो बिहे सानो उमेरमा नै पढ्दापढ्दै गरिदिनुभयो । जब म विहे हुँदा १६ वर्षकी थिए । बिहे गरे लगत्तै मेरा दुईवटा बच्चा जन्मिए त्यसपछि मेरो पढाइ स्थगित भयो । घर नजिकै एउटा प्लस टु थियो तर त्यो पनि भ्याउन गाह्रो भयो । घरमा बालबच्चा स्याहार गर्ने, खेती किसान, पशुहरूको हेरचाह लगायत अन्य पर पाहुना साथै घरमा एक बुढी आमा हुनुहुन्छ उहाँको स्याहार सुसारमा मेरो दिनचर्या वितिरहेको छ । घरमा आएपनि पढ्न मन लागेको थियो । बुहारी भएर किन पढ्नु पर्‍यो अब राम्रोसँग घरव्यवहार चलाउ, बालबच्चा स्याहार गर भन्ने कुरा परिवारमा आयो । त्यसपछि म घरधन्दामा नै व्यस्त भएकी छु ।*

*म सामान्य पढेलेखेकी महिला भएकाले मलाई आफूले केही सिक्न पाए हुन्थ्यो जस्तो लाग्छ तर धेरै अप्ठ्यारो परिस्थिति परिरहेको छ । हामी महिलाहरू गाउँमा अलिक सक्रिय भएर बोल्न पनि नहुने अवस्था छ । त्यसकै आडमा रहेको छिमेकी गा.वि.स.स्याङ्जा जिल्लाको आरूचौर गा.वि.स. पनि अलि फरक भएको अवस्था देखे त्यसको कारण गाउँमा पढेलेखेका मानिसहरू घरमा नबसेको बुढाबुढी अलि अलि शिक्षित मान्छे मात्र बसेको कारणले गर्दा यो ठाउँ पछाडि परेजस्तो लागेको छ । शिक्षा, स्वास्थ्य, प्रजनन सम्बन्धी अलिअलि चेतना त छ तर राम्रोसँग त्यसलाई कार्यान्वियन गर्न सकिने अवस्था छैन । आफूँ शोषित भएको कारणले बुझ्न, सोच्न त्यति चासो यहाँ छैन । सार्वजनिक ठाउँमा सभा, सेमिनार, गोष्ठीमा उपस्थित कम भएको अवस्था छ तर सबै महिलाहरुमा आफैले केही काम गर्न पाए दुई चार रुपैया हुन्छ कि भन्ने चाहना बढेको ।*

*घरपरिवार, समाज राम्रो हुने हामी महिलाहरुबाट नै हो जस्तो लाग्छ । हामीलाई जन्मेबाट नै अभिभावक घरपरिवारले राम्रो नजरले हेरेर छोरी, बुहारीले पनि समाजमा केही गर्न सक्छन् है भन्ने भावनाको विकास भयो भने मात्र हामीहरुको स्तर माथि उठ्छ होइन भने सबै क्षेत्रमा पछाडि परिन्छ ।*

## ५.३ उत्तरदाताको पढाइ

परम्परागत रूपमा नै महिलाहरू घर भित्रका कार्यमा संलग्नता हुँदै आइरहेको भएपनि उनीहरूलाई शिक्षाको आवश्यकता छ भन्ने धारणा व्याप्त त छ तर कतै धर्मका नाममा महिला शिक्षा सहज छैन भने कतै जातीय विभेद, लैङ्गिक विभेदका नाममा पनि छ । यस्ता मान्यताले स्वयम् महिलालाई नै शिक्षाप्रति नकारात्मक धारणाको विकास गराउन सहयोग पुऱ्याउँछ । यही बुझ्नको लागि महिलाहरू क्रियाशील वा जागरूक छन् या छैनन् भनेर अन्तरवार्ता लिइएको थियो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.२**

**उत्तरदाताको पढाइप्रतिको दृष्टिकोण**

| पढाइप्रतिको दृष्टिकोण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सकारात्मक | ३५ | ७९.५ |
| नकारात्मक | ९ | २०.८ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

स्वयम् महिलाहरूले पढाइप्रति कस्तो रूप लिन्छन्, सकारात्मक छन् या नकारात्मक छन् भन्ने सवाललाई हेर्दा ३५ जनाले सकारात्मक पढेर केही गर्न सकिन्छ गर्ने हो भन्ने भनाइ व्यक्त गरे भने ९ जनाले केही कम छैन हामी महिला घरमा काम नगरी हुँदैन घाँस दाउरा नगरी खान पाइदैन भन्ने राय व्यक्त गरे । यस्तो प्रतिक्रियाबाट के थाहा पाउन सकिन्छ भने समाज, परिवार र स्वयम् सकारात्मक भएमा महिलाको शिक्षामा सुधार आउन सक्छ अन्यथा शिक्षाको स्तर माथि बढ्न सक्दैन । कोही महिलाले पढाइलाई बोझको रूपमा समेत लिने गर्दा रहेछन् भन्ने समेत पाइयो । त्यसैले उनीहरू आफैं सचेत नभएसम्म महिलाको पहुँच विस्तार नहुने कुरा प्रष्ट हुन्छ । कुल ७९.५ प्रतिशतले भने शिक्षा नै जीवन हो हाम्रो आँखा हो यसलाई फैंलाउदै लैजानु जरूरी छ भन्ने धारणा व्यक्त गरे ।

## ५.४ घरको निर्णय प्रक्रिया

घरको निर्णयको प्रक्रियामा महिलाको भूमिका कस्तो हुन्छ त भनेर अध्ययन गरिएको जसमा प्राप्त विवरण तल तालिकामा देखाइएको छ ।

**तालिका ५.३**

**उत्तरदाताको निर्णय प्रक्रियाको भूमिकाको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आफैं निर्णय गर्ने | ६ | १३.६ |
| श्रीमान् ले निर्णय गर्ने | १८ | ४०.९ |
| ससुराले निर्णय गर्ने | २० | ४५.५ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

निर्णय प्रक्रियाको भूमिकामा प्रमुख कसको हात रहेको छ भनी प्रश्न सोधिएकोमा स्वयम् उत्तरदाता ६ जना जुन १३.६ प्रतिशत छ भने श्रीमान्को तर्फबाट ४०.९ प्रतिशत निर्णय गर्ने भूमिका हुन्छ भने घरको मुली ससुराको तर्फबाट घर व्यवहार चलाउने अथवा निर्णायक भूमिका रहेको पाइन्छ ।

## ५.५ छोरीप्रति गरिने व्यवहार

छोरीलाई कस्तो व्यवहार गर्नुपर्छ भन्ने प्रश्नमा सबैबाट छोरा र छोरीलाई गरिने व्यवहार समान हुनुपर्छ भन्ने उत्तर आयो । छोरा र छोरी अनि बुहारी एक रथका दुई पाङ्ग्रा हुन् जुन एक नभई चल्दैन हाम्रो समाजमा छोरा जन्मेदेखि खसी छोरी जन्मे फर्सी भन्ने चलन नै छ । त्यो त हाम्रो समाजमा गाडिएर बसेको पितृसत्ताले नै गर्दा हो त्यसकारण यसलाई सुधारिनुपर्दछ । त्यसकारण यहाँ पनि ४४ जनालाई प्रश्न सोधिदा १०० प्रतिशतले समान हुनुपर्नेमा जोड दिए । यसै क्रममा हाम्रो समाजमा छोरीप्रति गरिने व्यवहारलाई नजिकैबाट

नियालेर हेर्न खोज्दा एक जना उत्तरदातालाई विशेष रूपमा लिएर उसको व्यक्तिगत अध्ययन गरिएको थियो । जसमा:

**वैयक्तिक अध्ययन दुई**

*मेरो घर पाखापानी वडा नं. ७ मल्कवाङ हो । मेरो माइतीघर स्याङ्जा जिल्ला आरुचौर गा.वि.स. वडा नं. ५ मा हो । मेरो माइतीघरमा पाँचजना दिदीबहिनी र एक भाइ छौं । भाई तीन दिदीबहिनी पछिको हो । हाम्रो समाज पितृसत्तात्मक भएको कारण छोराको आवश्यकता अनिवार्य थियो त्यसैकारण मेरो आमाले हामी तीन दिदीबहिनी भएबाट धेरै दु:ख कष्ट भेल्नुपऱ्यो । मेरो वुवा शिक्षक हुनुहुन्थ्यो उहाँ प्राथमिक विद्यालयमा पढाउनुहुन्थ्यो । घरमा खर्च त जेनतेन चल्ने थियो तर घरपरिवारमा सन्तोस थिएन । मेरो हजुरआमा पनि हुनुहुन्थ्यो । उहाँहरूको चाहना घरमा नाति भइदिए हुन्थ्यो भन्ने थियो । अन्धविश्वास भनौं या पुरानो चलन भनौं मेरो आमाले भाई जन्माउनको लागि धेरै धर्मकर्म, दु:ख कष्ट पाउनुभयो । हामी तीन दिदीबहिनी पछिको भाइ जन्म्यो । जसले संसार नै जितेजस्तो भयो । भाइ विस्तार हुर्कदै गयो र पछि पनि भोलि मर्दा दुईवटा काँधमा बोक्नुपर्ने भन्ने संस्कारले होला फेरी छोराको आशमा दुईवटा बहिनी जन्मिए । घरपरिवार ठूलो भयो, आर्थिक अभाव त हुने नै भयो त्यसबाट राम्रो विद्यालयमा बढ्ने कुरै भएन । त्यही नजिकैको प्राथमिक विद्यालयमा पढ्न गए । घरमा काम गर्नुपऱ्थ्यो त्यसैकारण पढाइ राम्रो भएन त्यस्तै गर्दागर्दै १५ वर्षमा मेरो बिहे भयो । सानै उमेरमा विहे गरी आए । केटाकेटी जस्तै थिए तैपनि सबै सम्हालेर बसे । अहिले धेरै अनुभव भएको छ । मलाई जस्तै गरेर तीन बहिनी १५/१६ वर्षमा विहे गरी घर व्यवहारमा परे । भाइलाई भने समयसँगै सबैका छोरा बोर्डिङ पढाएको देखेर मेरो आमाबुबाले पनि त्यही गाउँको बोर्डिङ स्कुलमा भर्ना गरिदिनुभयो । दुई बहिनी त्यही नजिकैको सरकारी स्कुलमा पढ्न गयौं र अहिले ११ र १२ मा पढेका छन् । भाइ पढ्न शहर गएको छ उसले राम्रै गर्छ । जे भएपनि हामी अरूको घरमा जाने हो, घरव्यवहार, छोराछोरीको स्याहारसुसार गरिरहेका छौं । हाम्रो भाइ वंश चलाउने ठूलो मान्छे बन्ने हो उसले राम्ररी पढ्नुपर्छ भनी हामी पनि उसलाई सहयोग गर्दछौं । आखिरी मनमा त नराम्रो लाग्छ । मेरो छोराछोरीलाई फरक व्यवहार नगरी बराबर गराउन पाए त हुन्थ्यो ।*

## ५.६ श्रीमान्ले गर्ने माया

एक महिला जुन आफ्नो जन्मघर छोडेर पराई घर जानुपर्ने चलन त हाम्रो समाजमा छ नै किनकि महिला विवाह भएर अन्यत्र जानुपर्ने हुन्छ अनि त्यो घर परिवारलाई आफ्नो ठानेर बस्नुपर्ने बाध्यता रहेको हुन्छ । जसमा उसलाई माया, ममताको जरूरत पर्दछ कि उसले आफ्नो जन्म ठाउा मान्छे सबै विर्साउनुपर्ने हुन्छ । श्रीमान्ले तपाईलाई कत्तिको माया गर्नुहुन्छ भनी गरिएको जिज्ञासामा प्राप्त प्रतिक्रियालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.४**

**उत्तरदातालाई श्रीमान्को मायाको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| धेरै माया गर्नुहुन्छ | ६ | १३·६ |
| सामान्य माया गर्नुहुन्छ | ३७ | ८४·१ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तालिकालाई हेर्दा श्रीमान्ले आफूप्रति गर्ने व्यवहारलाई हेर्दा ६ जनाले धेरै माया गर्नुहुन्छ भने सामान्य ३७ जना रहेका छन् भने उत्तर नआउने १ जना रहेको पाइन्छ जुन महिलाप्रति गरिने व्यवहार नै मानिन्छ । यस अध्ययनमा तालिकामा उतार्नभन्दा उसको भित्री गुणात्मक अवस्थासँग सम्बन्धित भएको कारणले मैले नजिकबाट नियाले सम्बन्धित व्यक्तिलाई नै लिएकी थिए जस अन्तर्गतः

**वैयक्तिक अध्ययन तीन**

*म ३६ वर्षकी विवाहित महिला हुँ । मेरो माइतीघर विचारीचौतारा हो । म चौध वर्षकी छदा मेरो बावुआमाले मलाई किसानसँग विहे गरिदिनुभयो । दुई वर्षपछि छोरीको जन्म भयो । त्यसपछि फेरी अर्को छारी जन्मिई लगातार १४ महिनाको फरकमा तीनवटी छोरी जन्मिए । मेरो घरमा सासु, ससुरा, देवर, नन्द हुनुहुन्थ्यो । सानो उमेरमा बिहे गरी आए केटाकेटी जस्तै लाग्यो मलाई सबैले माया गर्नुहुन्थ्यो । नन्द पनि साथी जस्तै हुनुहुन्थ्यो,*

*देवरहरू भाइजस्तै थिए । माइतीघरका बावुआमाको खास वास्ता नहुने जस्तो थियो । त्यतिबेला श्रीमान्सँग राम्रोसँग बोल्ने अवस्था हुदैनथ्यो । जन्मेको घर छाडेर नयाँ घरमा आउनुपर्ने हामी राम्रो घर परिवार भए आफ्नो भाग्य राम्रो मान्ने नराम्रो घर परिवार भए भाग्य नराम्रो भन्ने हुन्थ्यो । मेरो छोरी छन् छोरा छैनन् भोलि छोरा ता चाहिने होला जस्तो लाग्छ । मेरी जेठी छोरी जन्मेको डेढ वर्षमा नै अर्की छोरी जन्मिइन् जेठी छोरीलाई लक्ष्मीको रूपमा हेरेर खुसी भए भने त्यसपछि विस्तारै अर्को छोरी जन्मिदा घर परिवारको व्यवहार फरक जस्तो लाग्यो । मलाई पनि नराम्रै लागेको छ । मेरो श्रीमान्ले पनि आजभोलि छोरा त चाहिने हो फलानाको यति भाई छोरा, पल्ला घरको यति दाइजोसँग बिहे गऱ्यो भनेर सुनाउनुहसन्छ त्यो सुन्दा अहिले म छागाँबाट खसे जस्तो हुन्छु किनकि म सानै थिएँ । बिहे गर्दा मेरा बावुआमाले खासै सम्पत्ति दिनुभएन । सुरुमा श्रीमान्ले पनि राम्रै व्यवहार गर्नुभयो जब विस्तारै छोरीहरू जन्मेसँगै व्यवहारमा पनि परिवर्तन भएजस्तै लाग्छ । आखिरी हामी महिलाहरू घर परिवार र श्रीमान्लले माया केलाई दिनुभयो केही थाहा पाउन सकेकी छैन । मेरो घरमा सम्पत्तिको हकमा पनि खासै केही छैन । सासु आमा भन्नुहुन्छ नाति त चाहिने हो बावु अर्को बिहे गरेर भए पनि वंश त राख्नैपर्ने हो छोरीहरू भोलि अर्काको घरमा जाने नै हुन् भन्नुहुन्छ त्यो सुन्दा मलाई नराम्रो लाग्छ । भोलि मेरा तीनवटी छोरी त साथमा नै छन् तिनीहरूको चिन्ता लाग्छ ।*

## ५.७ पुरानो चलन र परम्परा

संस्कृति र परम्परा सबै रहिरनु जरूरत हुन्छ । तर त्यो समय अनुसार परिवर्तन गर्नुपर्ने हुन्छ । समाजमा रहेको अन्धविश्वास, कुसंस्कारहरूलाई विस्तारै हटाउँदै लैजानुपर्ने हुन्छ ।

**तालिका ५.५**

**पुरानो चलन परिवर्तनमा उत्तरदाताको धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सबै मिलेर यस्ता संस्कृतिको परिवर्तन गर्नुपर्छ | ११ | २५ |
| पुरानो परम्परा विस्तारै हटाउनुपर्छ | ३३ | ७५ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तालिकालाई हेर्दा सबै मिलेर यस्ता संस्कृतिको अन्त्य गर्नुपर्छ भन्नेमा २५ प्रतिशत छन् भने ७५ प्रतिशतले पुरानो परम्परालाई विस्तारै हटाउनुपर्छ भन्ने बारेमा जोड दिएका छन् । समाजमा कुरीतिलाई पन्छाउदै नयाँ समाज निर्माणमा जानुपर्ने हुन्छ । यस शीर्षकमा सम्बन्धित रहेर एक बुहारीसँग महिलासँग वैयक्तिक अध्ययन लिइएको थियो जुन यसप्रकार छ :

**वैयक्तिक अध्ययन चार**

*म ३६ वर्षीय विवाहित बुहारी हुँ । मेरो विवाह भएको १६ वर्ष भयो । अहिलेसम्म मेरो एक छोरा छ जुन विवाह भएको ६ वर्षमा जन्म्यो । छोरो पनि ठूलो भैसक्यो । मेरो घरमा श्रीमान्, छोर र सासु आमा हुनुहुन्छ । हामी घरमा सानो परिवार छौं । पहिल्यै भए पनि मेरो विवाह गर्दा म १२ कक्षामा पढ्दै थिए । १२ कक्षा त मैले पढेर भ्याए त्यसभन्दा माथि पढाई भने जान सकेको छैन । म सामान्य पढाई लेखाई भएकी महिला भएको कारणले मेरो घर वरिपरी हुने जति पनि असुरक्षित कुराहरू छन् तिनलाई सच्याउन चाहन्थे । मेरो माइतीघरमा मेरो वुवाले समाज सेवामा अग्रसर रहनुभएकोले म पनि त्यसबाट प्रभावित थिए । हाम्रो घर वरिपरि लुकेर रहेको कुसंस्कार, अन्धविश्वासलाई विस्तारै कमी गराउन पाए भन्ने सोचिरहन्थे यी यस्ता कारणले हामी छोरी बुहारीहरू कति प्रभावित छन् जसमा म १३ वर्षकी हुँदा नै नछुने भए मेरो माइतीमा मेरो हजुरआमा हुनुहुन्थ्यो उहाँको उमेर अनुसार सोचाइ पुरानो हुनु स्वभाविक नै हो त्यसैकारण मलाई उहाँले मेरो घरमा त बस्नै दिनुभएन १३ दिनसम्म घाम नहेरी गोठको माथि लुकाउनुभयो र पुरुषलाई देख्नै नहुने भन्नुभयो त्यसै गरियो । दुध खान नहुने, माछा मासु खान नहुने, फलफूलका बाट छुन नहुने, भनिए तापनि खेतबारीमा लुकी-लुकी काम गर्नुपर्ने, दाउरा ल्याउनुपर्ने यस्तो चलन हाम्रो ठाउँमा रहेको थियो । म पनि त्यसमा नै परे । दोस्रो तेस्रो महिनामा पनि सात दिन सम्म लुक्नैपऱ्यो त्यस्तो अवस्थामा एक्लै बसेर त्यो अवस्था पार गर्नुपर्ने सम्झदा अहिले डर लाग्छ । हाम्रो धर्म र संस्कृति हो सिकाएको नियम त राम्रै हो । शास्त्रमा त्यो सबै कुरा छैन होला जस्तो लाग्छ । नछुने भएको बेला, सुत्केरी भएको बेला चिसो भुइमा सुत्नुपर्ने, सुत्केरी महिलालाई पनि छुन नहुने, त्यही नछुने भएको लुगा सुत्केरीमा दिने चलन हाम्रो छर छिमेकमा छ । त्यो आफूले नै पार गरियो । हाम्रो समाजमा यस्ता कुराहरूले ठूलै रोग निम्त्याएको छ । पाठेघर त ल झर्ने कैयौ महिलाको समस्या रहेछ यस्ता कुराहरू देख्दा अब आउने दिनमा म पनि त्यसै*

*गर्ने हो भने समाजमा रहेका यी चलन घटेर जादैनन् त्यसैले हामी महिला नै बुझ्ने भएर विस्तारै नछुनेभन्दा त्यसलाई सफा हुनुपर्छ, आराम गर्नुपर्दछ, पोषिलो खानुपर्छ भन्नेतिर लैजानु जरूरी देखिन्छ । जब कि समाजमा परिवर्तन गर्ने नाउँमा सम्पूर्ण धर्म, संस्कृति, मान, सम्मानलाई ख्याल नगर्ने होइन कि नराम्रोलाई फ्याँकेर राम्रो असल कुराको सिको गरी अगाडि बढ्नुपर्ने हुन्छ । हाम्रो समाजमा पनि यि कुराहरू अगाल्ने मानिस रहेका छन् नै तापनि विस्तारै त्यसलई परिवर्तन गर्दै लैजानुपर्ने हुन्छ ।*

## ५.८ विभिन्न स्तरमा परिवर्तन गर्नुपर्ने

मानव समाज र संस्कृतिको उत्पत्तिदेखि वर्तमान अवस्थासम्म आइपुग्दा महिला सम्बन्धमा भएका सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक परिवर्तनहरू भइराखेका छन् । यी विभिन्न पक्षहरूको धारणाबाट महिलाहरूको अवस्थामा प्रभाव पर्दछ । समाजमा बुहारी भनेको अलि पछाडि नै हो यिनीहरू अगाडि आएर बोल्नु हुँदैन बोल्यो भने पोथी बासेको भन्ने चलन हाम्रो समाजमा यथावत नै छ । शहरी क्षेत्र र दुईचार जना पढे लेखेका व्यक्तिहरू मात्र नभई अन्य धेरैजसो त्यस्तै कार्यबाट पीडित छन् । सामाजिक कुरा एकचोटी परिवर्तन हुँदैन विस्तारै परिवर्तन हुन्छ । आर्थिक पक्ष अन्तर्गत महिलाको धेरै सम्पत्ति पेवा नहुने नै हुन्छ उनीहरूले आफूहरूले ल्याएको त अलिक आफ्नो हक अधिकार बढी हुन्छ जब श्रीमान्को घरको सम्पत्तिमा महिलाको हक कम नै हुन्छ यसबाट पनि महिला पछाडि परेको अवस्था छ ।

शैक्षिक तवरबाट पनि महिलाहरू पीडित नै देखिनछन् किनकि महिलाहरूको विवाह भएपछि खासै पढाइप्रति त्यति चासो दिन सकिँदैन यसबाट पनि महिलाहरू अगाडि हुन नसकेको अवस्था देखिन्छ । राजनैतिक क्षेत्रतर्फ त झनै महिला स्तर कम झुकाव रहेको देखिन्छ । जव महिला शैक्षिक स्तरमा नै कम छन् भने राजनैतिक क्षेत्रतिर आउने सम्भावना पनि कम नै हुन्छ त्यसकारण महिलाको स्तर यसबाट पनि निर्धारण हुन्छ । यसै अध्ययनको क्रममा मैले एक विवाहित महिलासँग नजिकिएर वैयक्तिक अध्ययन गरेकी छु जुन यसप्रकार छ :

**वैयक्तिक अध्ययन पाँच**

*म ३२ वर्षीय विवाहित महिला हुँ मेरो माइतीघर स्याङ्जा जिल्लाको अर्जुनचौपारी अन्तर्गत वडा नं. ३ मा रहेको छ । म १२ कक्षा पास गरेर गाउँमा सामाजिक परिचालिकाको रूपमा काम गर्दै आएकी छु । मेरो दुई छोरी छन् मैले आफ्नै अनुभव गरेका हरेक कुराबाट हामी महिलाहरूलाई अप्ठेरो त साह्रै हुन्छ । बच्चा स्याहार्ने, घरमा सासु ससुरा बुढी सासुको रेखदेख गर्नुपर्छ । श्रीमान् विदेश हुनुहुन्छ घरको सम्पूर्ण जिम्मेवारीदेखि समाजमा कतिपय अवस्थामा सरिक हुन्छु । त्यो गर्दासम्म म आफू यति धेरै व्यस्त हुन्छु त्यो भन्ने सक्दिन । जब कहिले बेलुका अफिसबाट फर्किन्छु घरमा साना-साना नानीहरू कुरिरहेका हुन्छन् । छिमेकीहरूले नराम्रो दृष्टिकोणले हेर्ने गरेको जस्तो लाग्छ । श्रीमान् विदेश गएको कारण उहाँहरूले नराम्रो नजरले पनि हेर्नुहुन्छ । घरमा बुढी आमा हुनुहुन्छ आमालाई पनि त्यही अनुसार सम्झाउनुपर्ने हुन्छ । आमा धेरै वर्षको हुनुभयो उहाँको सोचाई पनि अलि पुरानै भयो त्यसैकारण बुझाउन गाह्रो हुन्छ । मेरो विचारमा हामी जति नै अग्रसर भए तापनि समाजमा पुरुष दाजुभाइहरूकै नियम चल्ने रहेछ कामको शिलशिलामा चित्त नबुझेको कुरा खासै राख्न पनि नपाउने हुँदो रहेछ जस्तो लाग्छ । मैले काम गर्ने संस्थामा पुरुषको तुलनामा महिला कर्मचारीहरूको सङ्ख्या थोरै रहेको छ । हाम्रो निर्णयमा सबैको सहमति देखिदैन उहाँहरूकै निर्णयमा चल्ने गर्दछौं । साथै उहाँहरू नभई कुनै पनि कार्य सम्भव हुने देखिदैन जस्तो लाग्छ । किनकी हामीहरू हरेक क्षेत्रमा सहभागी हुन सकिदैन त्यसैले हामीमा अनुभव पनि छैन । हाम्रो सामाजिक संरचना, शारीरिक अवस्था, आर्थिक अवस्था, सांस्कृतिक अवस्थाबाट पनि हामीलाई छेकेको जस्तो लाग्छ । राजनैतिक क्षेत्रमा त झन् केही पनि अग्रसरता देखिदैन । राजनीतिक क्षेत्रतिर प्रवेश गर्ने भनेको पुरुष दाजुभाइहरूको काम हो । महिला भएर पनि केको राजनीति गर्ने हो, बिग्रेको काम भनेको राजनीति हो, महिलाहरू त्यस क्षेत्रतिर सहभागी भएमा उनीहरू बिग्रन्छन् भनेर हाम्रो गाउँका आमवुवाहरू भन्नुहुन्छ । जब चेतनामा अग्रसरता हुनु भनेको राजनीतिक क्षेत्रमा पनि अग्रसरता हुनु नै हो जस्तो लाग्छ । हाम्रो समाजमा यी विविध कुराहरूमा परिवर्तन हुनुमा समय त लाग्छ नै समय सँगै परिवर्तन अवश्य हुन्छ हामी विस्तारै परिवर्तित भएर हाम्रा सन्तानलाई सुधार्न सक्यौं भने राम्रो हुन्छ जस्तो लाग्छ ।*

## ५.९ महिलाको वैवाहिक स्थिति

विवाह एउटा मुख्य तत्त्वको रूपमा लिइन्छ । जसले महिलाको स्थितिलाई निर्धारण गर्दछ । विवाहबाट नै महिलाको हैसियतमा भूमिकामा परिवर्तन आउछ । विवाहअघि छोरी विवाहपछि बुहारी अनिवार्य हुन्छे । छिटो विवाह गर्ने परम्परा हिन्दू समाज वा नेपाली समाजको विशेषता नै हो भन्दा पनि फरक पर्दैन । छिटो विवाहकै कारण उच्च प्रजनन दर, उच्च मृत्युदर र औसत आयु कम हुने सम्भावना हुन्छ ।

महिलाको वैवाहिक स्थितिले उनीहरूलाई पूर्ण रूपमा अरूको नियन्त्रणमा रहन बाध्य बनाउँछ । विवाह पछाडि महिलाहरू पुरुषको इच्छा चाहना अनुरूप चल्नुपर्ने हुन्छ । सम्पत्तिमा त्यति स्वामित्व देखिँदैन । प्रमुख त यहाँको समाजले महिलालाई विवाह गर्नु, बच्चाबच्ची पाउनु, स्याहारसुसार गर्नु त्यसलाई प्रमुखता दिएको छ । यहाँ समाज पनि नेपाली समाज नै हो जुन पितृसत्ताबाट मुक्त छैन । अलि पहुँच कम देखिन्छ । परिपक्व भएपछि विहे गर्ने कुराको पनि विकास भइ नसकेको देखिन्छ । यसकारण अझै पनि छोरीको छिटो विहे गऱ्यो भने पुण्य प्राप्त हुन्ने विश्वासमा छोरीहरू विहे गरिदिन्छन् ।

## ५.१० महिलाहरूको शैक्षिक, आर्थिक र सामाजिक अवस्थामा परिवर्तन ल्याउने कारणहरू

तालिका ५.६

**महिलाको विभिन्न पक्षमा परिवर्तन ल्याउने कारणहरू**

| परिवर्तन आउने कारणहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छोरी बुहारी छोरा समान हुन् भन्ने भावनाको विकास भएर | २० | ४५ |
| आर्थिक अवस्था राम्रो भएर | ६ | १३ |
| जनचेतनाले गर्दा | ५ | ११ |
| राज्यको नीति नियमले गर्दा | ७ | १५ |
| सञ्चार माध्यमले गर्दा | ६ | १३ |
| **जम्मा** | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

यस तथ्याङ्कबाट प्राप्त जानकारी अनुसार महिलाको अवस्थामा परिवर्तन आउनुका कारण सवैभन्दा धैरै २० घरपरिवारले छोरी बुहारी समान हुन भन्ने भावना व्यक्त गरे । यो विचार कुल सङ्ख्याको ४५ प्रतिशत हुन आउछ । आर्थिक अवस्था राम्रो हुँदै गएको कारणले पनि अलिक सुधारिदै आएको भन्ने ६ जना देखिए जुन १३ प्रतिशत हुन आउछ । जनचेतनाले गर्दा पनि महिलाको अवस्थामा परिवर्तन आएको भन्नेमा ५ घरपरिवार देखिए जुन ११ प्रतिशत हुन आउछ । राज्यको नीति नियमले गर्दा पनि परिवर्तनमा जोडिएकोमा ७ जना देखिए भने सञ्चार माध्यमबाट परिवर्तन भएकोमा ६ जना देखिए ।

सर्वेक्षणमा व्राह्मण, क्षेत्री महिलामा विस्तारै परिवर्तन आउनुको कारण के हो भनी अन्तरवार्ता लिइएको थियो । यो प्रश्नको जवाफ समग्रबाट आएको थियो । हाम्रो समाजमा पहिले जस्तो अवस्था नभएको जनाए साथै छोरी बुहारी पनि एउटाकी छोरी हो भन्ने भावनाको विकास भएको पाइयो । सञ्चार माध्यम पत्रपत्रिकाको सुविधाको कारणले पनि मानिसमा जनचेतनाको विकास भएका छोराछोरीप्रति बुहारी हेरिनु भेदभाव कम रहेको साथै महिलाको शिक्षाको पहुँच भएको पाइयो । विभिन्न सङ्घसंस्थाहरूबाट महिलाहरूलाई छात्रवृत्ति पनि दिने अवस्था भएको देखियो । समाजमा छोरी बुहारीको आ-आफ्नो ठाउँमा सम्मान हुने विचार रहेको देखिएको पाइयो ।

# अध्यायः छ

## सारांश, निष्कर्ष र सुझाव

### ६.१ सारांश

यस शोधपत्र पर्वत जिल्ला पाखापानी गा.वि.स. वडा नं. ७ का ब्राह्मण/क्षेत्री परिवारका बुहारीहरूको आर्थिक, सामाजिक अध्ययनमा आधारित रहेर गरिएको छ । परम्परागत सामाजिक दृष्टिकोण, लैङ्गिक विभेद, कानुनी संरचनामा अपेक्षित सुधार हुन नसक्नु, सामाजिक क्षेत्रमा लगानी वृद्धिदर कम रहनु, विश्वव्यापीकरणले आर्थिक प्रतिस्पर्धामा साथै पहुँचमा कमीको कारणले गर्दा महिलाहरूको स्तर माथि ल्याउन नसकिएको कारणले समाजमा महिलाहरूको विकास हुन सकिरहेको अवस्था छैन ।

ब्राह्मण/क्षेत्री परिवारमा सामाजिक आर्थिक, धार्मिक, सांस्कृतिको आडमा बुहारीप्रति गरिने व्यवहार कस्तो छ ? ब्राह्मण/क्षेत्री परिवारमा सासु, ससुरा र श्रीमान्ले बुहारीप्रति शिक्षा, स्वास्थ्य, मनोरञ्जन, लवाई, खुवाई, निर्णय प्रक्रियामा कस्तो सुविधा प्रदान गराएका छन् सोको बारेमा जानकारी लिने प्रयास गरिएको छ । यस अध्ययनमा ४४ घर परिवारसँग सम्बन्धित रहेर प्रत्येक घरका १६-४० वर्ष उमेरका विवाहित महिलालाई लिइएको छ । एकै वडाका प्रत्येक घरधुरीलाई समेटिएकोले जनगणना विधि अवलम्वन गरि वर्णनात्मक एवम् अन्वेषणात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ । समग्र र नमूना छनोटका आधारमा गरिएको यस अध्ययनमा तथ्याङ्कको प्रकृति र स्रोत अन्तर्गत प्राथमिक र द्वितीय स्रोतबाट सर्वेक्षण गरी प्रत्यक्ष सहभागितामूलक र वैयक्तिक अध्ययनलाई लिइएको छ भने अन्य द्वितीय स्रोतबाट लिइएको छ । सुरूमा १२ जना महिलालाई पूर्व परीक्षण गरिएकोले वैधता र विश्वसनियता रहेको छ । अध्ययनलाई अझैं प्रभावकारी बनाउनको लागि वैयक्तिक अध्ययन गरी आवश्यकता अनुसार तथ्याङ्कलाई तालिकीकरण गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## अध्ययनका मुख्य उपलब्धिहरू

ब्राह्मण क्षेत्री समुदायका महिलाहरूको सामाजिक, आर्थिक अवस्थाको बारेमा समाजशास्त्रीय अध्ययन गर्दा उनीहरूको प्रभाव मापन गरियो जुन यसप्रकार छन् :

- अध्ययनमा गरिएको क्षेत्रमा भएको पारिवारिक सङ्ख्या विवरण ४ देखि ६ जना १५ घरमा, ६-९ जना २५ घरमा र १० भन्दा बढी र ४ घरमा देखियो ।
- महिलाहरूको उमेरको हिसाबले १६-२५ वर्षमा १० जना, २५-३० वर्षमा ९ जना, ३०-३५ वर्षमा १४ जना र ३५-४० वर्ष उमेरका ११ जना रहेको पाइयो ।
- १०० प्रतिशत हिन्दू रहेको पाइयो ।
- उत्तरदाताको पारिवारिक शैक्षिक स्थितिको बारेमा १-५ सम्म ७ जना अर्थात् १५.९ प्रतिशत, १-७ सम्म १५ जना अर्थात् ३४.१ प्रतिशत, १-८ सम्म १५ जना अर्थात् ३४.१ प्रतिशत, १-९ सम्म ५ जना रहेको पाइयो भने निरक्षरमा १ जना रहेको देखियो ।
- उत्तरदाताको विवाह भएको समयलाई लिदा ५ वर्षभन्दा तल ६.८ प्रतिशत जुन ३ जना, ५-१० वर्षसम्मका ७ जना, १०-१५ वर्षसम्मका २० जना रहेका छन् भने २०-२५ वर्षसम्म २ जना रहेका छन् ।
- पेशाको बारेमा भन्नुपर्दा ९७.७ प्रतिशत निजामति सेवा, व्यापार, निजी क्षेत्रको जागिर, सेनामा जागिर, वैदेशिक रोजगार लगायत कृषिमा रहेको पाइन्छ भने २.३ प्रतिशत अनुत्तरदायी देखिए ।
- महिलाको परिवारमा खान पुग्ने समयमा भन्नुपर्दा ६ महिनाभन्दा कम १ जना, ६-९ महिना सम्म १६ जना, वर्षैभरी पुग्नेमा २७ जनाको परिवारमा पाइयो ।
- छोरी र वुहारीमा गरिने भिन्नताको बारेमा प्रश्न सोधेका थियौ जसमा ४४ जना मध्येमा २१ जनाले बुहारी धेरै काम गर्नुपर्ने बताए भने ४ जना फरक व्यवहार गर्नुहुन्छ भन्ने दर्शाए, ५ जनाले बुहारी भएर जन्मनु दुःख पाउनका लागि नै हो भन्ने बताए । छोरी बुहारी भूमिका भिन्न हुन्छ नै भन्ने १४ जना भेटिए ।
- सामाजिक कार्यमा आवद्ध भएका महिलाहरूमा सक्रिय छु भन्नेमा ४ जना अर्थात् ९.१ प्रतिशत, सामान्य सक्रियमा १२ जना अर्थात् २७.३ प्रतिशत, कहिलेकाही सक्रिय हुनेमा

२१ जना अर्थात् ४७.७ प्रतिशत सहभागी नै हुदिन भन्नेमा ७ जना जुन १५.९ प्रतिशत भेटियो ।

- चाडपर्व मनाउँदा कत्तिको खुसी हुनुहुन्छ भन्नेमा हुन्छु भन्नेमा ४३ जना अर्थात् ९३.३ प्रतिशत र हुदिन भन्नेमा १ जना अर्थात् २.३ प्रतिशत भेटिए ।
- पढाइप्रतिको दृष्टिकोणको बारेमा सोधिएको थियो जसमा ३५ जना अर्थात् ७९.५ प्रतिशत सकारात्मक देखिए भने ९ जना अर्थात् २०.५ पतिशत नकारात्मक रहेको पाइयो ।
- घरको मुख्य जिम्मेवारी घरभित्र र वरिपरिको काममा १६ जना अर्थात् ३६.४ प्रतिशत, घरको सम्पूर्ण काम र बच्चाबच्ची हेर्नेमा २ जना अर्थात् ४.५ प्रतिशत साथै बच्चाबच्ची, गाइवस्तु र सम्पूर्ण काममा २६ जना रहेको पाइयो ।
- निर्णय भूमिकाको बारेमा भन्नुपर्दा १३.६ प्रतिशत आफ्नै निर्णय रहने, ४०.९ पतिशत श्रीमान्को र ४५.५ प्रतिशत ससुराको निर्णय हुने पाइयो ।
- महिलाहरू श्रीमान् र घर परिवार कै आडमा रहने कारण आफ्नो श्रीमान्बाट कत्तिको माया पाउनुहुन्छ भनी सोधिएकोमा ६ जनाले धेरै माया गर्नुहुन्छ, ३६ जनाले सामान्य माया गर्नुहुन्छ भन्ने पाइयो भने १ जनाले उत्तर दिन नचाहेको पाइयो ।
- पुरानो चलन परिवर्तन गर्नुपर्छ भन्ने बारेमा प्रश्न सोधिएकोमा सबै मिलेर यस्तो संस्कृतिको परिवर्तन नै गर्नु पर्नेमा ११ जना देखिए भने पुरानो परम्परा हटाउनु हुदैन विस्तारै परिवर्तन गर्नुपर्छ भन्नेमा ३३ जना पाइयो ।
- सामाजिक, सांस्कृतिक, शैक्षिक साथै अन्य परिवर्तन ल्याउने कारण पनि सोधिएको थियो जसमा २० जना अर्थात् ४८ प्रतिशतले छोरी बुहारी छोरा समान हुन् भन्ने भावनाको विकास भएर, ६ जना अर्थात् १३ प्रतिशतले आर्थिक अवस्था राम्रो भएर, ५ जना अर्थात् ११ प्रतिशतले जनचेतनाले गर्दा, ७ जना अर्थात् १५ प्रतिशतले राज्यको नीति नियमले र ६ जना अर्थात १३ प्रतिशतले सञ्चार माध्यमले गर्दा भन्ने पाइयो ।

## ६.२ **निष्कर्ष**

हिन्दु धर्मको बाहुल्यता भएको हाम्रो समाजमा नियम संस्कार कडा रहेको कारणले समाजमा महिलामाथि हेरिने दृष्टिकोण, उनीहरुको काम, माम, मनोरञ्जनको आवश्यकता रहेको

पाइयो । व्यक्तिगत, सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, पोषण, बासस्थान सबै तिर कमजोरी  देखियो । शिक्षालाई आफ्नो जिवनको प्रमुख मेरुदण्ड ठान्ने महिलाहरु भेटिएतापनि विविध अवसरबाट बञ्चित रहेको पाइयो ।

घर निर्णय प्रक्रियामा सासु/ससुराको भूमिका बढी रहेकाले पुरानो चलनलाई परिवर्तन गर्दै नयाँ चलन चलाउनुपर्ने, राज्यको उच्च निकाय देखि निम्न तहसम्म सुधार गरिनुपर्ने, विस्तारै महिलाहरूको स्तर, उनीहरुलाई उत्साहीत गरी प्रत्येक क्षेत्रमा पुरुष सरह लैजानु पर्ने तथ्यहरु पाइयो । छोराछोरी समान हुन् भन्दै छोराछोरी, छोरी बुहारी समान हुन् भन्ने धारणाको विकास गराउने चेतनामुलक कार्यहरु राज्यले अवलम्बन गर्नुपर्ने पाइयो ।

## ६.३ सुझावहरु

यस अध्ययनबाट पाखापनी गा.वि.स.का महिलाहरू जुन वुहारीको रूपमा रहँदा विभिन्न समस्या र चुनौति देखा परेका छन् । महिलाहरू भएर उनीहरूले भोगेका समस्याहरूलाई यस अध्ययनबाट स्पष्ट देखाइएको छ ।

- महिलाहरूलाई अर्काको घरमा जाने हो भनी शिक्षाबाट वञ्चित नगरी अगाडिको शिक्षामा अग्रसर गराउनुपर्दछ ।
- महिला जतिसुकै परिवर्तन हुन खोजे तापनि हाम्रो समाजमा जरो गाडेको पितृसत्तालाई अलि खुकुलो पार्नुपर्ने देखिन्छ ।
- विभिन्न निकाय, सरोकारवाला सबै सङ्घसंस्थाले महिला, छोरी बुहारीलाई अगाडि लैजानको सहयोग गरिनुपर्दछ ।
- अध्ययनको रूपमा महिलाहरू साक्षर देखिए तापनि शिक्षित भने देखिदैनन् यसलाई उकास्नेतिर प्रयास गर्नुपर्दछ ।

# सन्दर्भसूची


अर्याल, भोजेन्द्र (२०५९), *लैङ्गिक अध्ययन*।

आचार्य, मीना (२०४१), *राष्ट्रिय विकास र नेपाली महिला एउटा नयाँ सन्दर्भ,* काठमाडौंः युनिसेफ नेपाल ।

आचार्य, बलराम (२०६१), *सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा,* काठमाडौंः स्टुडेन्ट्स बुक्स एण्ड पब्लिकेशन ।

उप्रेति, लय प्रसाद (१९८८), *विमिन एण्ड कोडिट इन नेपालः* केही उपलब्धि तथा सीमाहरूको अवलोकान, महिला र विकास केन्द्र काठमाडौं ।

ओझा, नेत्र (२०६३), *लैङ्गिक अध्ययन,* काठमाडौंः एकेडेमी बुक सेन्टर ।

खत्री, विष्णु बहादुर (२०६०), *महिला सशक्तिकरण,* पाल्पा जिल्ला वौधा पोखराथोक १ का महिलाहरूको वर्तमान अवस्थाको एक समाजशास्त्रीय अध्ययन ।

खत्री, प्रेम कुमार (२०४४), *नेपाली समाज र संस्कृति,* काठमाडौंः पाठ्यक्रम विकास केन्द्र ।

तामाङ, सेरा (२००४), *नेपालीमा विकासे नारीवाद र लेखनः नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* मेरी डेसेन, प्रत्युसवन्त, सोसल साइन्छ वहा ।

थपलिया, डा. शान्ता (१९९९), *नेपालको पारिवारिक कानून एक अध्ययन,* ललितपुरः कानूनी सहयागत तथा परामर्श केन्द्र ।

दशौं योजना (२०५९-२०६४), राष्ट्रिय योजना आयोग २०५९, काठमाडौं ।

दाहाल, कपिलमणि (२०६६), *कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स.ठूलोचौरका ब्राह्मण महिलाहरूको सामाजिक तथा संस्कृतिक अवस्था,* अप्रकाशित शोधपत्र मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय, पि.एन.क्याम्पस, पोखरा ।

नेपालमा महिलाहरूको कानूनी स्थिति एक अध्ययन (२०५९), कानून अनुसन्धान केन्द्र, काठमाडौं ।

नेपाल अधिराज्यको संविधान (२०४७), भक्तपुरः शीतल शुलभ प्रकाशन ।

नेपालको अन्तरिम संविधान (२०६३), पुतलीसडक, काठमाडौंः वौद्धिक दर्पण प्रकाशन ।

बराल, गितादेवी (२०६१), *ग्रामीण महिलाहरूमा दाइजो प्रथाप्रतिको धारणा एक समाजशास्त्रीय अध्ययन,* अप्रकाशित शोधपत्र ।

बस्नेत, हिरालाल (२०६०), *सल्यान जिल्ला थारमारे गा.वि.स.का महिलाहरूको सामाजिक आर्थिक एवम् सांस्कृतिक अवस्थाको एक समाजशास्त्रीय अध्ययन*।

बाँस्तोला, राधादेवी (२०६९), *फुलबारी आमा समूहमा आवद्ध महिलाको घरेलु हिंसाको अवस्था र धारणा,* अप्रकाशित शोधपत्र मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय, पि.एन.क्याम्पस, पोखरा ।

भट्टराई, दीर्घनारायण (२०६०), *नेपाली महिलाहरूको हैसियत,* मकवानपुर जिल्ला हेटौंडा नगरपालिका वडा नं. ९ का महिलाको हैसियत सम्बन्धी एक अध्ययन ।

भट्टराई, सिता (२०५९), *सृजना महिला बचत तथा ऋण सहकारीले सहभागी महिलाहरूको सामाजिक र आर्थिक जीवनमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय, पि.एन.क्याम्पस, पोखरा ।

भासिन कमला, *पितृसत्त के हो ?* न्यू दिल्लीः कालीफर वीमन ।

भासिन, कमला (१९९३), *आखिर जेन्डर के हो त ?* काठमाडौंः स्त्री शाथ्ती ।

विष्ट, डोरबहादुर (२०३०), *सबै जातको फूलबारी,* काठमाडौंः साझा प्रकाशन ।

वेनेट, लीन (१९९८), *दी स्टाट्स अफ वीमिन इन नेपाल,* टि.यू.,काठमाडौंः सेन्टर फर इकोनोमिक डेभलपमेन्ट एण्ड एडमीनीस्ट्रेसन ।

वेनेट, लीन (१९८३), *डेन्जरस वाइफस् एण्ड सेक्रेट सिस्टरस,* न्यूयोर्कः कोलम्बिया युनिर्भसिटी प्रेस ।

वेनेट, लीन (१९७९), *ट्रेडिसन एण्ड चेन्ज इन द लिगल स्टाटस अफ विमिन इन नेपाल* भोल्युम १ भाग २ ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन,* काठमाडौंः साझा प्रकाशन ।

श्रेष्ठ, कविता (१९९८), *विभिन्न पोलिटिकल पाटिसिपेसन इन नेपाल पस्पेकेटिभस एण्ड च्यालेन्जेज,* काठमाडौं :

सीमोन द वोउवार (२०६०), *दी सेकेन्ड सेक्स,* "अनुवादक रमेश सुनुवार" काठमाडौंः प्रगति पुस्तक सदन ।

सुवेदी, प्रतिमा (२०५९), *महिला पुरुष समविकासको अधार,* काठमाडौंः सूचना विभाग, नारी चेतना केन्द्र नेपाल ।

सुवेदी, मधुसुदन (२०५६), *हिन्दू विवाहको इतिहास,* सानेपा, ललितपुरः श्रीमती सानुमैयाँ सुवेदी, बैकुण्ठ तथा दामोदर सुवेदी ।

सुवेदी, भावान (२०६२), *अ विमिन स्टाट्यास वोर्करस अफ जोरपटी भि.डि.सि.,* काठमाडौंः अप्रकाशित शेधपत्र ।

हाडा, भुपेन्द्र (२०४८), *विकासको निम्ति शिक्षा,* काठमाडौंः त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

# अनुसूची -१

## प्रश्नावली

१. सामान्य परिचय

घरमुलीको नाम, थरः ..................................................................................

उत्तरदाताको नाम, थरः..................................................................................

ठेगानाः ..................................................................................

घरमुलीसँगको सम्बन्धः ..................................................................................

**खण्ड 'क'**

**व्यक्तिगत पक्षसँग सम्बन्धित प्रश्नावली**

२. तपाईको पारिवारिक विवरण बताइदिनुहोस् न ।

| क्र.सं. | लिङ्ग | उमेर | शिक्षा | पेशा | वैवाहिक अवस्था |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

३. तपाईको माइतीघर कहाँ पऱ्यो ? बताइदिनुहुन्छ कि ?

..........................................................................................................................

४. विवाह भएको कति समय भयो ?

१-५ वर्ष ☐ ५-१० वर्ष ☐ १०-२० वर्ष ☐ २०-३५ वर्ष ☐

५. तपाईको माइतीघर कहाँ पऱ्यो ? बताइदिनसक्नुहुन्छ ?

..........................................................................................................................

६. विहान कति बजे उठ्ने गर्नुहुन्छ ?

४-५ ☐ ५-६ ☐ ६-७ ☐

७. तपाईलाई तपाईको श्रीमानले कतिको माया गर्नुहुन्छ ?

धेरै माया गर्नुहुन्छ ☐ अलिअलि गर्नुहुन्छ ☐ गर्नुहुन्न ☐

८. दिनमा कति घण्टा काम गर्नुहुन्छ ?

८-१० ☐ १० -१२ ☐

९. धेरै काम गर्दा थकाईको महशुस हुन्छ कि हुँदैन ?

हुन्छ ☐ हुँदैन ☐

**खण्ड 'ख'**

**सामाजिक पक्षसँग सम्बन्धित प्रश्नावली**

१०. तपाइले घरमा सम्हाल्नुपर्ने कामहरू के के हुन् ?

घर वाहिरको काम ☐ घर भित्रको काम ☐

११. परिवारको किसिम बताइदिनुहुन्छ कि ?

एकल ☐ संयुक्त ☐

१२. विरामी हुँदा कहाँ उपचार गराउनुहुन्छ ?

अस्पताल ☐ औषधी पसल ☐ धामीझाक्री ☐ स्वास्थ्यचौकी ☐

१३. पिउने पानी कहाँको प्रयोग गर्नुहुन्छ ?

धारा ☐ कुवा ☐ खोला ☐

१४. पानी छान्ने फिल्टर छ ?

छ ☐ छैन ☐

१५. घरवाहिर सामाजिक काममा कत्तिको सहभागी बन्नुहुन्छ ?

कहिलेकाही ☐ सधैं ☐ कहिल्यै पनि हुदिन ☐

१६. सासु ससुराले गर्ने व्यवहार कस्तो पाउनुभएको छ ?

धेरै राम्रो ☐ राम्रो ☐ ठिक्क ☐ नराम्रो ☐

१७. छोरी र बुहारीमा फरक देख्नुभएको छ ?

छ ☐ छैन ☐

१८. छ भने किन र छैन भने कसरी भन्न सक्नुहुन्छ ?

.................................................................................................................................

१९. तपाईको कुनै कुरामा निर्णय चल्छ ?

चल्छ ☐ अलि अलि ☐ कति पनि ☐ चल्दैन ☐

२०. बुहारी भएर रहँदा बन्धन जस्तो लाग्छ ?

लाग्छ □ लाग्दैन □

२१. कुनै सङ्घ संस्थामा आवद्ध हुनुहुन्छ ?

छ □ छैन □

२२. कुनै तालिम लिनु भएको छ ?

छ □ छैन □

२३. प्रजनन स्वास्थ्य सम्बन्धी केही थाहा छ ?

छ □ कही थाहा छ □ छैन □

२४. छोराछोरी बीचमा गरिने भेदभाव राम्रो हो ?

हो □ होइन □

२५. तपाई बुहारी भएकोले बुहारीप्रति र छोरीप्रतिको व्यवहार कस्तो हुनुपर्दछ ?

समान □ असमान □

२६. तपाई बुहारी भएर रहँदा कुनै अप्ठ्यारो महसुस भयो ?

भयो □ भएन □ कम भयो □

२७. पुरानै संस्कार मान्नैपर्ने वा सुधार गर्नुपर्ने के लाग्छ तपाईलाई ?

..........................................................................................................................

## समूह 'ग'

## आर्थिक पक्षसँग सम्बन्धित प्रश्नहरू

२८. तपाईका घरमा भएका आम्दानीका स्रोतहरू बताइदिनुहुन्छ ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

२९. खेतीवाली के के गर्नुभएको छ ?

कोदो □ धान □ तरकारी □ आलु □ गहुँ □

माथिका सबै □

३०. पशुपालन के के गर्नुभएको छ ?

भैंसी □ गोरु/गाई □ बाखा □ कुखुरा □

३१. तपाईको श्रीमान्को पेशा के होला ?

शिक्षक ☐ सेनामा कार्यरत ☐ व्यापारी ☐ कृषक ☐

३२. तपाईको परिवारको मासिक आम्दानी कति हुन्छ ?

५-१०,००० ☐ १०-१५,००० ☐ १५-२०,००० ☐

२० देखि माथि ☐

३३. बचत कति गर्नुहुन्छ ?

२-५,००० ☐ ५-८,००० ☐ ८-१०,००० ☐

३४. ऋण छ कि छैन ?

छ ☐ छैन ☐

३५. परिवारको आम्दानीले कति समय खान पुग्छ ?

३-६ ☐ ६-९ ☐ ९-१२☐

३६. तपाईको माइती र घरतर्फबाट पाएको पेवा निजी सम्पत्ति केही छ ?

छ ☐ छैन ☐

३७. घरव्यवहार कसले चलाउनुहुन्छ ?

तपाईले ☐ ससुराले ☐ दुवै जना मिलेर ☐

३८. तपाईको परिवारले तपाईको विहेमा दाइजोको कत्तिको अपेक्षा गरेको पाउनुभयो ?

थोरै ☐ धेरै ☐ अलिकति ☐

३९. तपाईको विचारमा बुहारीलाई शिक्षा दिन ठिक कि दाइजो ?

दाइजो ☐ शिक्षा ☐

**खण्ड 'घ'**

**धार्मिक एवम् सांस्कृतिक पक्षसँग सम्बन्धित प्रश्नहरू**

४०. तपाईको धर्म कुन हो ?

हिन्दू ☐ वौद्ध ☐ मुश्लिम ☐ क्रिष्चियन ☐

४१. भगवान् प्रतिको विश्वास कत्तिको गर्नुहुन्छ ?

ठिकै ☐ पूर्ण ☐ अलिकति ☐ कत्तिपनि नगर्ने ☐

४२. पूजाआजा पनि गर्नुहुन्छ ?

गर्छु ☐ कहिलेकाही ☐ गर्दिन ☐

४३. सांस्कृतिक कार्यक्रममा कत्तिको वाहिर जान पाउनुहुन्छ ?

थोरै मात्रामा ☐ खासै पाउदिन ☐ पाउछु ☐

४४. धर्मले महिलालाई कति सम्म वन्धन राख्छ या राख्दैन ?

राख्छ ☐ राख्दैन ☐

*समाप्त*

# अनुसूची -२

अध्ययन क्षेत्र

